## अध्याय एक
# शोध परिचय

### १.१ विषय परिचय

नेपाली उपन्यासको पृष्ठभूमि समयदेखि हालसम्म आइपुग्दा नेपाली उपन्यास जगतले विभिन्न घुम्ति र मोडहरू पार गर्दै आउने क्रममा नेपाली उपन्यासको फाँटमा नयाँ नयाँ प्रवृत्तिहरू सहित आफ्नो स्थान जमाउन सफल भएका छन् । उपन्यासकारहरू जस्तै मदन मणि दीक्षित आध्यात्मिक, दर्शनका साथै मनोविज्ञानलाई समेत कलात्मक रूपमा प्रयोग गर्ने सफल उपन्यासकार हुन् । उनले नेपाली उपन्यासको क्षेत्रमा नवीन शील्प तथा शैलीको प्रयोग गरी एउटा नौलो आयाम थपेका छन् । संसारमा नारीहरूबाट संभव नहुने भनी वर्णन गरिदै आएका कार्यहरू नेपाली समाजका नारीहरूबाटै सम्भव छ भनी देखाउनुका साथै नारीहरूमा युग चेतनाको बोध गराउनु अनि नारीलाई उपन्यासको प्रमुख चरित्रको रूपमा स्थान दिनु अनि यिनै नारी पात्रहरूको सेरोफेरोमा नारीका सामाजिक मूल्य मान्यता संस्कार तथा नारीलाई देशका संस्कृतिको रूपमा लिई उपन्यासलाई पूर्णता प्रदान गर्नु आदिले मदन मणि दीक्षितको औपन्यासिक सामर्थ्य र कुशलतालाई स्पष्ट झल्काएका छन । **त्रिदेवी** उपन्यास राणाकालीन परिवेशमा रचना गरिएको भए तापनि त्यस समयको सामाजिक संस्कार र त्यस भित्रका पात्रहरू र तिनले भोग्नु परेको वास्तविकताले कतिपय समकालीन स्थितिलाई प्रत्यक्ष अप्रत्यक्ष रूपमा व्यङ्ग्य गरेको छ ।

विविध विषयवस्तु, कलात्मक भाषाशैली आदि यस उपन्यासका उल्लेख्य पक्ष बनेका छन् । अतः यी विविध पक्षहरूमा कृतिकेन्द्रीत भई अध्ययन विश्लेषण गर्नु नै यस शोधकार्यको मुख्य विषय हो ।

### १.२ समस्या कथन

उपन्यासकार मदन मणि दीक्षितद्धारा रचित **त्रिदेवी** उपन्यासको कृतिपरक अध्ययन, विश्लेषण गरिने यस शोधकार्यमा मूल समस्याहरू निम्न रहेका छन् :

(क) मदन मणि दीक्षितको रचनाधर्मिता के कस्तो रहेको छ ?

(ख) के कस्ता औपन्यासिक सिद्धान्तका आधारमा **त्रिदेवी** उपन्यास रचना गरिएको छ ?

(ग) **त्रिदेवी** उपन्यासमा के कस्ता प्रवृत्ति अवलम्बन गरिएको छ ?

(घ) **त्रिदेवी** उपन्यासको के कस्तो योगदान रहेको छ ?

### १.३ शोध कार्यको उद्देश्य

यस शोध कार्यको उद्देश्य निम्न अनुसार रहेको छ :

क) मदन मणि दीक्षितको साहित्यिक रचना धर्मिताको निरूपण गर्नु ।

ख) औपन्यासिक तत्वका आधारमा **त्रिदेवी** उपन्यासको अध्ययन गर्नु ।

ग) **त्रिदेवी** उपन्यासमा प्रवृत्तिहरूको निरूपण गर्नु ।

घ) **त्रिदेवी** उपन्यासको मूल्याङ्कन गर्नु ।

## १.४ पूर्व कार्यको समीक्षा

मदन मणि दीक्षितद्वारा लिखित **त्रिदेवी** उपन्यासका बारेमा विभिन्न विद्वान, समालोचक तथा पाठकले विभिन्न कोणबाट सामान्य समीक्षा, टीका टिप्पणी, समालोचना, लेख रचना आदि पत्रपत्रिका तथा पुस्तकमा प्रकाशित गरेका छन्। उक्त प्रकाशित रचनाहरू नै पूर्व कार्य हुन्। यिनै पत्रपत्रिकाबाट प्राप्त सामग्रीहरूलाई नै पूर्व कार्यको रूपमा यहाँ छोटकरीमा प्रस्तुत गरिएको छ।

अ) समकालीन साहित्यमा प्रकाशित **त्रिदेवी आफ्नै अध्ययनमा** भन्ने शीर्षकमा कमलराज रेग्मीले त्रिदेवी हिजो आज र भोलिको समाजको औपन्यासिक परिकल्पना हो यस उपन्यासले मुख्यतः आजका हाम्रो राजनैतिक कुसंस्कार, यौन मनोविज्ञानलाई व्यक्त गर्ने सन्दर्भमा नारी वर्चस्व मानव जीवनको महिमा, अमृतबोध तथा परमतत्वको बारेमा समेत ज्ञान र चिन्तनको चित्ताकर्षक तथा विचारोत्तेजक नूतन शिल्पको मूल्याङ्कन गरिएको कुरा उल्लेख गरेका छन्। (रेग्मी, समकालीन साहित्य,नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, पूर्णाङ्क १५,साउन-असोज, २०५१, पृष्ठ १५५)

आ) उन्नयन मदन मणि विशेषाङ्कमा केशवराज उपाध्यायले **त्रिदेवी मेरो दृष्टिमा** भन्ने समालोचनामा **त्रिदेवी**लाई लेखकको पचास दिनको साधना तर पचासौं दिनको अध्ययन, अनुभव र चिन्तनको परिणाम हो भनेका छन्। (उन्नयन मदन मणि विशेषाङ्क, माघ-चैत, २०५१, पृष्ठ ९५) साथै यस उपन्यासलाई भूत र वर्तमान चित्रणका साथै भविष्यको परिकल्पना समेत प्रस्तुत गरिएको नेपाली साहित्यको नौलो प्रस्तुति तथा प्राप्ति भनेका छन्।

इ) उन्नयनको मदन मणि दीक्षित विशेषाङ्ककमा नै **प्रसङ्ग त्रिदेवीको चर्चा मदन मणिको** भन्ने शीर्षकमा शैलेन्दु प्रकाश नेपालले आफ्नो समालोचनामा त्रिदेवी उपन्यासलाई स्वैर कल्पनामा आधारित भनेका छन्। यस उपन्यासको कथावस्तु पात्रको क्रियाकलापलाई हेर्दा स्वैर कल्पनामा आधारित छ भनिए पनि यसले सम्पूर्ण रूपले भुइँ नछाडेको उनी लेख्छन्। नौलो चेतना र आयाम लिएर देखापरेको **त्रिदेवीका** सबै पात्र विद्वान विदुषी हुनु अपत्यारिलो वास्तविकता हो भन्ने नेपालको धारणा रहेको छ। (पूर्ववत् , पृष्ठ ३९८)

ई) उन्नयनको मदन मणि दीक्षित विशेषाङ्कमा डा. हरि प्रसाद शर्माको **त्रिदेवी प्राचीन र अवार्चीन जीवनमूल्यको संगम** भन्ने शीर्षकमा समालोचना प्रकाशित छ। उनले उक्त समालोचनामा त्रिदेवीको चर्चा गर्ने क्रममा यस उपन्यासलाई नारी अस्मिताको केन्द्रविन्दुमा रहेर मानव जीवनको प्राचीन र अवार्चीन मूल्यलाई अभिव्यक्ति दिन सफल ठानेका छन्। उनले यो उपन्यास नारी अहम् र अस्तित्वको केन्द्रीयतामा लेखिएको मानवीय भावना र नियतिको कलापूर्ण प्रतिष्ठान हो भनेका छन्। (पूर्ववत् पृष्ठ, ४०६) उनले यो उपन्यास सामाजिक राजनैतिक चेतनामा आधारित भएर पनि अत्यन्त बौद्धिक र वैचारिक बन्न गएको कुरा व्यक्त गरेका छन्। नारी समस्या यौन मनोविज्ञानमा आधारित भएर पनि यस उपन्यासले नारी अस्तित्व, अहम् र आर्दशको उदाहरण देखाएको छ। वर्तमान मानव जीवनको मूल्यसँग पूर्णतया सापेक्ष रहेर पनि प्राच्य जीवन र चेतनाको कलापूर्ण अभिव्यक्ति बनेको उल्लेख गरेका छन्। परम्परागत उपन्यास प्रविधिलाई अवलम्बन गरिए पनि स्वरसन्धानका दृष्टिले नव वैशिष्ट्यपूर्ण बनेको हुनाले उपन्यास आकर्षक बनेको कुरा उल्लेख गरेका छन्।

उ) नेपाली समालोचना ग्रन्थमा घनश्याम कँडेलद्वारा सम्पादित **नेपाली उपन्यास र जीवन** शीर्षकमा डी.पी अधिकारीको समालोचना प्रकाशित छ । उनले नेपाली उपन्यासको चर्चा गर्ने क्रममा नेपालको राष्ट्रिय विकासको क्षेत्रमा समाजमा देखापरेका अन्तर्विरोधलाई **त्रिदेवी** उपन्यासले प्रस्तुत गरेको छ भन्दै यसका पात्रहरू बौद्धिक दृष्टिकोणले उत्कृष्ट तहका छन् भन्ने कुरा उल्लेख गरेका छन् । (डी.पी अधिकारी, साझा प्रकाशन काठमाडौ, २०५५, पृष्ठ १०३)

यसरी **त्रिदेवी** उपन्यासका बारेमा समय समयमा केही छिटफुट रूपमा अध्ययनहरू भएको पाइन्छन् । तापनि यसको समग्र रूपमा कृतिपरक अध्ययन भने हुन सकेको छैन तसर्थ **त्रिदेवी** उपन्यासको समग्र वस्तुनिष्ठतालाई यसले छुन सकेको छैन । उपन्यासको संरचना, पात्र, संवाद प्रवृत्ति आदिलाई समेटन सकेको छैन । अतः यस शोधमा उपन्यासको कृतिपरक विश्लेषण र मूल्याङ्कन गरिएको छ ।

## १.५ शोधको औचित्य

मदन मणि दीक्षितको **त्रिदेवी** उपन्यासका बारेमा विभिन्न चर्चा विश्लेषण, समालोचना आदि भएको पूर्व कार्यको समीक्षाबाट प्रष्ट भएको छ भने यस कृतिको बारेमा गहन अध्ययन र विश्लेषण भएको पाइँदैन तसर्थ यस शोधकार्यबाट **त्रिदेवी** उपन्यासको विभिन्न पक्षबाट समग्र रूपमा अध्ययन विश्लेषण गरिएको हुँदा यस शोधकार्यको औचित्य पुष्टि हुन्छ । यसै शोधकार्यको माध्यमबाट उपन्यासकार मदन मणि दीक्षितको उपन्यासकारिता, व्यक्तित्वको विभिन्न पक्ष, औपन्यासिक प्रवृत्ति, नेपाली उपन्यास परम्परामा उक्त उपन्यासले पुऱ्याएको योगदानको समेत विश्लेषण गर्नु नै यस शोधकार्यको औचित्य र महत्व रहेको छ ।

## १.६ शोध कार्यको सीमाङ्कन

यस शोधकार्यमा मदन मणि दीक्षितको **त्रिदेवी** उपन्यासको मात्र विश्लेषण गरिएको छ । यसको मूल्याङ्कन गर्ने क्रममा सामान्य चर्चा भने उनका अन्य उपन्यासको पनि गरिएको छ । त्रिदेवी उपन्यासको कृतिपरक अध्ययन औपन्यासिक तत्वका आधारमा गर्नु यसको सीमा हो ।

## १.७ सामग्री सङ्कलन र शोध विधि

यस शोधकार्य सम्पन्न गर्नका लागि मूलत पुस्तकालयबाट संबद्ध पुस्तक, पत्रपत्रिका, समालोचना तथा समालोचनात्मक लेख आदि सामग्री सङ्कलन गरी अध्ययन गरिएको छ । यसका साथै स्रष्टासँगको कुराकानीलाई पनि सामग्रीको रूपमा उपयोग गरिएको छ । प्रस्तुत शोधमा सङ्कलित सामग्रीलाई विश्लेषण गर्दा विश्लेषणात्मक र वर्णनात्मक विधिको प्रयोग गरिएको छ ।

## १.८ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको रूपरेखा निम्न अनुसार रहेको छ ।

**अध्याय**

पहिलो अध्यायः शोध पत्रको परिचय

दोस्रो अध्यायः मदन मणि दीक्षितको औपन्यासिक रचनाधर्मिता

तेस्रो अध्यायः औपन्यासिक तत्वको आधारमा त्रिदेवी उपन्यासको विश्लेषण

चौथो अध्यायः प्रवृत्तिगत आधारमा **त्रिदेवी** उपन्यासको विश्लेषण

पाँचौं अध्यायः उपसंहार

अन्तमा परिशिष्ट र सन्दर्भ सामग्री राखिएको छ ।

अध्याय २

# मदन मणि दीक्षितको जीवनी र व्यक्तित्व

## २.१ मदन मणि दीक्षितको जीवनी

### २.१.१ जन्म र जन्म स्थान

मदन मणि दीक्षितको जन्म वि.स १९७९ फाल्गुन ७ गतेका दिन काठमाडौको गैरीधारामा भएको हो । गैरीधारा उनको पुर्ख्यौली थलो हो । उनी पिता लक्ष्मणमणि र माता विष्णु देवीका जेष्ठ सुपुत्र हुन् । उनी आचार्य वंशका हुन् । माता तनहुँका पौडेलका वंश हुन् । यिनको पिताको व्यवसाय सरकारी नोकरी र जमिनदारी थियो ।

### २.१.२ बाल्य काल

मदन मणि दीक्षितको बाल्य काल गैरीधारा स्थित आफ्नै जन्मस्थानमा बित्यो । दिदी, बहिनी र भाइहरूका साथमा रमाइलोसँग आफ्नो बाल्यकाल बिताएका थिए । उनको वाल्यकाल अनुशासित रूपमा बितेको थियो । बाल्यकालमा देखिएको चञ्चलताले कहिलेकाहीँ उनले आमा बाबुहरूबाट सिस्नो पानी खानु पर्दथ्यो । यिनै बाल्य कालको कुराहरूलाई दीक्षितले आफ्नो आत्मा संस्मरणात्मक कृति 'आनन्दी आकाश'मा उल्लेख गरेका छन् । (स्रोत: शोधनायकसँगको अर्न्तवार्तामा आधारित)

### २.१.३ शिक्षा दीक्षा

मदन मणि दीक्षितको जन्म अत्यन्तै सु-शिक्षित विद्या तथा ज्ञानका दृष्टिले समेत उल्लेखनीय मानिएको आचार्य दीक्षित परिवारमा भएको थियो । यसो हुनाले उनलाई शिक्षाको क्षेत्रमा अगाडि बढ्नको लागि कुनै असजिलो परेन । ५ वर्षको उमेरमा यिनको शिक्षा आरम्भ भएको हो । शिक्षा आरम्भ संस्कृत भाषाका कृतिहरूबाट भएको हो । यिनले विभिन्न विद्यालयहरूबाट औपचारिक शिक्षा आर्जन गरेका हुन् । नेपालको दरवार हाइस्कुलमा ४ महिना, सेन्ट्रल हिन्दु स्कुल वाराणशीमा ३ महिना, कटिङ मेमोरियल हाइस्कुल वाराणसीमा ६ महिना अध्ययन गरेका थिए । तापनि माध्यामिक शिक्षाको क्रममा अनेक किसिमका उतारचढाब आएका थिए । यिनले प्रविणता प्रमाण पत्रको अध्ययन भारतको क्वीन्स कलेजबाट गरेका हुन् । यसै गरी उनले भारतकै काशी हिन्दु विश्व विद्यालयबाट भारतीय दर्शन र धर्मशाास्त्र विषयमा स्नातकोत्तर गरेका हुन् । यिनी भारत गएर एम ए गर्ने विद्यार्थीहरूमा ९ औं नम्बरमा पर्दछन् । विद्यावारिधिको लागि २ वर्षसम्म शंकराचार्य पूर्वको वेदान्त विषयमा अध्ययन गरे तर सोध पत्र भने लेखेनन् ।

### २.१.४ विवाह र दाम्पत्य जीवन

मदन मणि दीक्षितको विवाह वि.स १९९५ सालमा बारा जिल्लाका चखन्त क्षेत्रका योगेन्द्रराज गौतमकी छोरी रीता गौतमसँग भएको हो । हाल उनका ४ जना छोराहरू र एक छोरी रहेका छन् । विनोद, प्रमोद, आमोद र कामोद उनका छोराहरू हुन् यिनको एक मात्र छोरी इल्या हुन् । दीक्षितको स्वस्थ पारिवारिक वातावरण उनको उत्कृष्ट व्यक्तित्वको कारक सावित भएको पाइन्छ ।

### २.१.५ रुचि र स्वभाव

मदन मणि दीक्षितको स्वभाव निडर, हक्की र मिजासयुक्त रहेको छ। यिनमा अध्ययनशीलता, श्रमशीलता र उन्नत स्तरको सौन्दर्य चेतना रहेको छ। उनी नारीप्रति सकारात्मक विचारधारा भएका व्यक्ति हुन्। नारी मुक्तिको लागि उनी सधैं चिन्तित छन्। माता पत्नी र बहिनी मात्र होइन नारीका हरेक रूप प्रति उनको समान आधार र सद्भाव देखिन्छ। नारी शिक्षाप्रति यिनी सजग छन्। शिक्षा विना विकास असम्भव छ। उनलाई आफ्नो परिवारबाट नै नारी शिक्षाको गहिरो भाव पलाएको हो। यिनका पिता बुद्धिजीवी र जमिनदार हुँदाहुँदै पनि उनले आफ्ना छोरीहरूलाई शिक्षाको उज्यालो घामबाट वञ्चित गराए। यस घटनाले दीक्षितलाई नारी शिक्षाप्रति संवेदनशील बनाएको हो। यी कुराले यिनी मानवताप्रति संवेदनशील छन् भन्ने जनाउँछ। वस्तुतः यिनको रुचि पनि यिनका आफ्नो रचनाका माध्यमबाट मानवतावादको स्थापना गर्नु नै रहेको पाइन्छ।

दीक्षित भ्रमणप्रिय पनि छन्। यिनको बाल्य काल र युवा अवस्था काठमाडौं, वीरगञ्ज र भारतमा बितेको थियो। अध्ययनको क्रममा यिनको धेरै जसो समय भारतको बनारसमा बित्यो। त्यसपछि राजनैतिक जीवनको क्रममा यिनले देशका विभिन्न ठाउमा साङ्गठानिक कार्यको लागि भ्रमण गरेका छन्। साहित्यिक सम्मेलनका क्रममा यिनले भारत तथा अमेरिकाको भ्रमण पनि गरेका छन्। त्यसका अतिरिक्त दीक्षितले सोभियत संघ, उत्तर अफ्रिका, अरव मुलुकहरूका साथै सिङ्गापुर, थाइल्यान्ड, हङकङ आदि देशहरूको भ्रमण गरेका छन्।

### २.१.६ प्रेरणा र प्रभाव

मदन मणि दीक्षितलाई साहित्यतर्फ लाग्ने प्रेरणा आफ्नी माताबाट मिलेको थियो। यिनका माता सधैं गीता पाठ गर्नु हुन्थ्यो। माता सधैं दीक्षितले धेरै पढेर ठुलो मान्छे बनोस् भन्ने चाहनु हुन्थ्यो। माताको यही चाहाना नै उनको जीवनको प्रेरणा बनेको हो। उनका पिता भने आफ्नो छोरा पैसावाल बनोस् भन्ने चाहनु हुन्थ्यो।

यिनको साहित्यिक लेखनको दार्शनिक चिन्तन भने वैदिक र पौराणिक समाजबाट प्रेरित छ। दीक्षितको साहित्यिक लेखनमा प्रभाव पार्ने अन्य कारक तत्त्वहरू मानवीय मूल्य र अर्थ पनि हुन्। यहीबाट नै उनी बढी प्रभावित छन्। दीक्षित नेपाली लेखकहरूमा बालकृष्ण सम र महाकवि लक्ष्मीप्रसाद देवकोटाबाट विशेष रूपमा प्रभावित रहेका छन्। उनलाई मन पर्ने अन्तराष्ट्रिय लेखकहरूमा लियो टल्सटाय, मिसल मार्गरेट, कृष्णचन्द, शरदचन्द्र आदि हुन्। यी लेखकहरूबाट पनि दीक्षित धेरथोर प्रभावित छन्। यिनले भारतीय विद्वान्हरूबाट प्रचीन भारतीय संस्कृति र इतिहासबारे पनि यिनले प्रशस्त ज्ञान आर्जन गरेका छन्। २००७ सालको जागरणको बेलामा नै कार्लमार्क्सद्वारा प्रतिपादित द्वन्द्वात्मक भौतिकवाद र वैज्ञानिक समाजवादको अध्ययन पनि उनको जीवनमा ज्ञान र कर्मयात्रामा पार्थेय र प्रकाश बन्यो। उनी वैज्ञानिक भौतिकवादलाई आफ्नो जीवन दर्शन मान्दछन्। यिनीहरूबाट आफूले लेखन कला सिकेको बताउँछन्। मुख्य रूपले यिनको साहित्यिक मूल्य र मान्यता भनेको मानवतावादको स्थापना गर्नु नै रहेको पाइन्छ। यिनले आफ्ना कृतिहरूमा सामाजिक मूल्य र मान्यता एवंम नेपाली संस्कृतिलाई स्थान दिएको पाइन्छ।

## २.२. मदन मणि दीक्षितको व्यक्तित्व

मदन मणि दीक्षित बहु प्रतिभाका धनी व्यक्तित्व हुन् । उनको व्यक्तित्व विभिन्न क्षेत्रमा फैलिएको छ । यिनी नेपाली साहित्यमा मात्र नभई पत्रकारिता तथा शिक्षण क्षेत्रमा समेत आफूलाई समाहित गरेका छन् । मदन मणि दीक्षितको विभिन्न व्यक्तित्वलाई यहाँ छुट्टाछुट्टै शीर्षकका रूपमा प्रष्ट पार्न खोजिएको छ ।

### २.२.१ राजनैतिक व्यक्तित्व

मदन मणि दीक्षित राजनीतिमा चासो एवम् रुचि राख्ने व्यक्ति हुन् । उनी कार्लमाक्सले प्रतिवादन गरेको द्वन्द्वात्मक भौतिकवाद र ऐतिहासिक भौतिकवादी दर्शनबाट प्रेरित देखिन्छन् । नेपालको जहाँनिया राणा शासनको वर्वरतामा अडकिरहेको देशलाई मुक्त गर्नु पर्दछ भन्ने मनसायले २००६ सालदेखि यिनी राजनीतिमा लागि परेका दिए । २००७ सालमा मुक्ति संघर्षका कमाण्डर मातृका प्रसाद कोइरालाले गोरखपुरबाट हतियार राखेर सशस्त्र कार्बाही रोक्ने आदेश दिए । त्यसपछि यिनी नेपाल कम्युनिष्ट पार्टीसँग नजिकिन थाले । नेपाल कम्युनिष्ट पार्टीसँग यिनको सम्बन्ध वीरगन्जमा बढ्यो । वीरगन्जमा नेपाल प्रज्ञा परिषदको शाखा खोलेर त्यसैको झन्डामुनि बसी कम्युनिष्ट पार्टीको संगठनको कार्य सुरु गरे । २००८ सालदेखि कम्युनिष्ट पार्टीको सदस्यता लिएर सक्रिय रूपमा लागि परे । उनी राजनैतिक जीवनमा मानवमूल्य र अर्थद्वारा बढी प्रभावित थिए । उनका राजनैतिक जीवनका कारक तत्त्व नै मानवीय मूल्य र अर्थ भएकाले २००७ सालदेखि राजनीतितर्फ आकर्षित भएका थिए । उनले सन् १९५० देखि १९८४ सम्म कम्युनिष्ट पार्टीको सदस्य रही चौंतीस वर्ष जति वामपन्थी राजनीतिमा सहयोग गरेका थिए । उनी आफ्नो सिद्धान्तलाई व्यवहारमा उतार्न चाहन्थे । तर विद्यमान समाजमा उनले स्थापना गर्न खोजेको मानवीय मूल्यको स्थापना हुन सकेन । आफूले त्यस्ता दर्शनबाट निस्केको सिद्धान्तलाई व्यवहारमा परिणत गर्न खोज्दा त्यसको उपयोग अधुरो मात्र नभई प्रत्युत्पादक समेत बन्न पुगेको यिनको धारणा छ । आफ्नो सिद्धान्त अर्थात् आफूले गर्न खोजे जस्तो मान्यता स्थापित हुन नसकेको कारण पनि यिनी राजनीतिबाट टाढिएको बुझिन्छ । समयको अन्तरालमा पार्टीका कार्यकर्ताको कार्यबाट असन्तुष्ट भई २०४२ सालमा पार्टीको साधारण सदस्यबाट समेत राजीनामा दिए । त्यसपछि उनी स्वतन्त्र साहित्य साधकको रूपमा जीवन व्यतीत गर्दै छन ।

### २.२.२ पत्रकार व्यक्तित्व

पत्रकारिता क्षेत्रमा मदन मणि दीक्षितको जीवनको लामो अवधि बितेको पाइन्छ । तसर्थ उनको पत्रकार व्यक्तित्व पनि निकै प्रखर देखिन्छ । पत्रकारिता क्षेत्रमा काम गर्ने क्रममा विस २०१४ साल चैत्रदेखि हालखबर दैनिक पत्रिकामा काम गर्न थालेको देखिन्छ । यस पत्रिकाको प्रधान सम्पादक भई उनले २०१६ साल पौषसम्म काम गरेका थिए । त्यसपछि पत्रकारिताका माध्यमबाट उनले अझै आफ्नो बौद्धिक विकास गर्ने अवसर प्राप्त गरे । यस समयसम्म उनमा परिपक्वता आत्मविश्वास पलाइसकेको थियो । त्यसै समयमा पत्रिकाका सञ्चालकसँग मनमुटाव भएर उनले पत्रिकामा कार्य गर्न छोडेका थिए । त्यसपछि २०१६ सालदेखि दीक्षितले आफ्नै नीजि प्रयासमा साप्ताहिक समीक्षा को आरम्भ गरे । यस

पत्रिकामा दीक्षितको लामो समय गुज्रिएको छ । समीक्षामा यिनले २०१६ देखि २०४६ सम्म प्रकाशक तथा सम्पादक क्षेत्रबाट काम गरेका थिएर समीक्षामा सामयिक चर्चा मेरो देश मेरो संसारबाट सार्वजनिक चर्चामा रहेका थिए । अहिले उनी यस क्षेत्रबाट पृथक छन् । बहु आयामिक व्यक्तित्वका धनी मदन मणि दीक्षितले वि.सं. २०१६ सालदेखि २०४८ सालसम्म समीक्षा साप्ताहिकमा सम्पादन गर्ने कार्य गरेर आफ्नो सम्पादक व्यक्तित्वलाई उजिल्याउने काम गरे । सन् १९२९ मा क्यामेरा समातेर सन् १९३९ देखि तस्वीर खिच्ने काम गरेका मदन मणिको अर्को विशिष्ट पक्ष छाया पत्रकारिता तथा फोटोग्राफर हो । छाया चित्रकारिताको प्रभाव उनको उपन्यास लेखनमा पनि परेको देखिन्छ ।

**२.२.३ दार्शनिक व्यक्तित्व**

मदन मणि दीक्षित दार्शनिक चिन्तन बोकेका व्यक्तित्व हुन् । वाराणशी हिन्दु विश्व विद्यालयबाट हिन्दु दर्शनशास्त्र र धर्म विषयमा स्नातकोत्तर तह पूरा गरेका उनी निकै निपूर्ण देखिन्छन् । उनको दार्शनिकता साहित्यको प्रत्येक विधामा छरिएको पाइन्छ । उनको दर्शन र चिन्तन वैदिक पौराणिक समाजबाट प्रेरित भएको पाइन्छ । उनको जुन कुनै साहितियक कृति दर्शनकै छायाँमा हुर्किएका पाइन्छन् । उनले भारतका प्रकाण्ड विद्वान्हरूको संसर्गबाट प्राचीन भारतीय संस्कृति र इतिहासबारे आफ्नो ज्ञान पिपासा मेटाएका थिए । यिनी आफ्ना दर्शन र चिन्तनको प्रेरक तत्त्व यिनै समाजलाई मान्दछन् । काशी हिन्दु विश्व विद्यालयमा भारतीय दर्शन र धर्मशास्त्रमा स्नातकोत्तर अध्ययनले पनि उनमा दार्शनिक ज्ञान बढेको हो । उनका दार्शनिक चिन्तनले भरिएका पुस्तकहरूमा 'अमृततत्त्व र कारुणिकता' (२०५३), 'हाम्रा प्राचीन नारीहरूको परिचय' आदि हुन् ।

**२.२.४ शिक्षक व्यक्तित्व**

मदन मणि दीक्षितको बिभिन्न व्यक्तित्वको चर्चा गर्ने क्रममा उनको शिक्षक व्यक्तित्व पनि सम्झनुपर्ने हन्छ । उनले आफ्नो जीवनको केही समय शिक्षक पेसामा पनि व्यतीत गरेका छन् । यिनले वि. स २००४ देखि २००६ साल सम्म वीरगन्जको त्रियुद्ध हाइस्कुलमा प्रधान अध्यापक भई शिक्षण सेवामा आफ्नो समय खर्च गरेका थिए । त्यसैले उनलाई मार्डसाहेव नामले पनि चिनिन्छ । (स्रोत, रेग्मी, कमलराज (२०६६) मदन मणि दीक्षितको लेखन धर्मिता पाल्पाः वाङ्मय प्रतिष्ठान)

**२.२.५ उपकुलपति व्यक्तित्व**

नेपाली साहित्यका साधक तथा चिन्तनशील व्यक्तित्व दीक्षित नेपाल प्रज्ञा प्रतिष्ठानका उपकुलपतिका रूपमा रहेर पनि काम गरेका छन् । उनले वि.स २०५१ बैशाख देखि २०५५ सालसम्म उपकुलपतिको गरिमामय पद सम्हाले ।

**२.२.६ साहित्यकार व्यक्तित्व**

मदन मणि दीक्षित साहित्यमा बहुआयामिक व्यक्तित्व हुन् । उनको साहित्यकार व्यक्तित्व विविध विधामा फैलिएको छ । उनको साहित्यिक जीवनको प्रारम्भ विस. १९९८ बाट सुरु भएको देखिन्छ । त्यतिबेला गीताको पहिलो अध्यायको हिन्दी, अंग्रेजी र संस्कृत शब्दहरू मिसिएको प्यारोडीको अनुवाद गरेका थिए जुन अप्रकाशित नै रह्यो । उनको औपचारिक रूपमा प्रकाशित कृति चाहिं 'आखिरी मुस्कान' (२०१६) कथा हो । उक्त कथा त्यतिबेलाको समीक्षा पत्रिकामा प्रकाशित भएको थियो । सो कथाको कथावस्तु उनको

भान्जीको साथीको जीवनबाट लिइएका हो । उनको यस कथा प्रकाशनसँगै साहित्यिको यात्रा अगाडि बढेको पाइन्छ ।

उनी साहित्यको बारेमा आफ्नै किसिमको दृष्टिकोण राख्ने गर्दछन् । उनी भन्छन साहित्य भनेको कहिले विश्व जीवनको र कहिले राष्ट्रिय जीवनको सौन्दर्य चेतनायुक्त सामाजिक र मानवीय मूल्यमा आधारित रससिद्ध र लालित्यपूर्ण जीवन प्रक्रियाको प्रकृति हो । उनको विचारमा साहित्यका पात्रहरूले समाजका प्रतिनिधि व्यक्तिहरूको समष्टिलाई एउटा व्यक्तिको रूपमा प्रस्तुत गर्दछन् । वास्तवमा उपन्यास पनि त्यही नै हो । त्यसैले एउटा उपन्यासले सिङ्गो समाजको एउटा काल अवधिलाई प्रतिविम्बको रूपमा प्रस्तुत गर्दछ । चरित्र प्रधान कृतिले मानवको गरिमा श्रेष्ठता, सृजनशीलता र श्रमिक रूपलाई आफ्नो ध्यानमा राख्नुपर्दछ । साहित्यिक लेखनमा अन्तराष्ट्रिय व्यक्तित्वहरूको लेखनबाट शिल्प सिकेको बताउने वरिष्ठ साहित्यकार दीक्षित नेपाली साहित्यमा नेपाली मूल्य र मान्यताले स्थान पाओस् भन्ने मान्यता राख्दछन् । कालमार्क्सको द्वन्द्वात्मक भौतिकवादबाट प्रेरित दीक्षित निरन्तर कर्ममा विश्वास गर्ने र वास्तविक सफलता प्राप्त गर्ने विश्वास राख्दछन् । साहित्यमा दीक्षितका विविध विधाका कृतिहरूले उनको वहु आयामिक व्यक्तित्व झल्काएका छन् ।

**क. कथाकार व्यक्तित्व**

साहित्यकार मदन मणि दीक्षितको नेपाली साहित्यमा कथाकार व्यक्तित्व पनि प्रवल रहेको छ । उनको वि. स २०१६ मा सर्वप्रथम 'आखिरी मुस्कान' कथा 'समीक्षा' पत्रिकामा प्रकाशित रहेको थियो । उनका ३ वटा कथा संग्रहहरू प्रकाशित रहेको पाइन्छ । कसले जित्यो कसले हाऱ्यो (२०२१), ग्यास च्याम्बरको मृत्यु (२०४२) जेण्डा (२०५१) रहेका छन । उनको 'ग्यास च्याम्बरको मृत्यु' कथा अति आधुनिक घटना र युरोपेली सभ्यता र समाजको पृष्ठभूमिमा लेखिएको कथा हो । उनले आखिरी मुस्कान कथाको विषयवस्तु भने भान्जीकी साथीको जीवनीबाट लिएका हुन् । उनले आत्महत्या गरेकी थिइन् ।

**ख. निबन्धकार व्यक्तित्व**

साहित्यको विविध विधामा हात हालेर सफलता प्राप्त गरेका मदन मणि दीक्षितको निबन्धकार व्यक्तित्व पनि निकै फस्टाएको छ । वि सं २०१६ वैशाख देखि समीक्षामा उनी 'चक्रपाणीका फूल' नामबाट निबन्धकारका रूपमा देखापरेका हुन् । उनका निबन्धगत केही कृतिहरूमा मेरी आमाको प्रश्नलाई अझै जवाफ चाहिएको छ (२०३०), चरैवेती (२०४४), द्रौपदी र सीता (२०४४) लाखौं शिशु लिफ्ट मागिरहेछन् (२०३०) आदि हुन् । प्रबन्धहरूमा त्यो युग (२०४७) यसमा वैदिक युग सम्बधी विवेचनात्मक टिपोट छ । विदुषी गार्गी (२०४९) यो गार्गीबारे परिचयात्मक प्रबन्ध हो । विश्वका प्रथम वैज्ञानिक उद्दालक आरुणि (२०५३) यसमा पनि उद्दालकको परिचय र व्यक्तित्व समेटिएको छ ।

**ग. उपन्यासकार व्यक्तित्व**

साहित्यका क्षेत्रमा दीक्षितको व्यक्तित्व उपन्यासकार क्षेत्रमा बढी फस्टाएको देखिन्छ । उपन्यासकार दीक्षितले २०३० को दशकमा उपन्यास लेखनमा भित्रिएका हुन् । उनी २०३९ मा माधवी उपन्यास ल्याएर उपन्यासकारको रूपमा प्रवेश गरेका हुन् त्यसपछि २०५१ मा मेरी निलिमा तथा २०५१ मै प्रकाशित त्रिदेवी उपन्यास नेपाली औपन्यासिक क्षेत्रमा देखा

परेको हो । वि.सं २०५५ सालमा लेखिएको उनको चौंथो उपन्यास भूमिसूक्त हो । भूमिसूक्त अथर्व वेदसँग सम्वन्धित छ । उनको मेरी निलीमा एकलापात्मक रूपमा लेखिएको उपन्यास हो भने माधवी र त्रिदेवी बहु पात्रीय उपन्यास हुन् । उनले नेपाली औपन्यासिक क्षेत्रमा पौरस्त्य इतिहास र मनोविज्ञानको सम्मिश्रण गरेका छन् ।

**घ. समालोचक व्यक्तित्व**

मदन मणि दीक्षितलाई कृति समीक्षकका रूपमा पनि चिन्न सकिन्छ । दीक्षितले सर्वप्रथम गीताको प्रथम अध्यायको हिन्दी, अंग्रेजी र संस्कृत मिसिएको प्यारोडीको अनुवाद गरेका थिए । वि.सं २०१७ सालमा समीक्षामा 'सुद्यांशुका फूल' नामबाट देखापरेका मदन मणिले सन् १९५५ मा 'अन्धवेगको' समीक्षा लेखनकासाथ समालोचना विधामा हात हालेका थिए । दीक्षितले सर्वप्रथम गीताको प्रथम अध्यायको हिन्दी, अंग्रेजी र संस्कृत मिसिएको प्यारोडीको अनुवाद गरेका थिए । उनी एक सफल अनुवादक पनि हुन् । उनले विविध खाले कृतिहरूलाई नेपाली भाषामा अनुवाद गरी कुशल अनुवादकको रूपमा आफ्नो प्रतिभा प्रस्फुटन गरिसकेका छन् । उनका अनुवाद गरिएका कृतिहरूमा दश लाख हिरोसिमातिर सन् (२०४०), स्वर्ण विहारको मन्दिर सन्(२०४५) र किन्का कुजी जापानी उपन्यास हुन् ।

## २.३ मानसम्मान तथा पुरस्कार

लामो समयदेखि नेपाली साहित्य साधनामा साधनारत मदन मणि दीक्षित आफ्नो साहित्यिक जीवनमा  विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मान सम्मान तथा पुरस्कारहरूबाट सम्मानित भएका छन् । दीक्षितले हालसम्म प्राप्त गरेका मानसम्मान तथा पुरस्कारहरूलाई कमशः तल प्रस्तुत गरिएको छ ।

शुभराज्यभिषेक पदक(२०३१), मदन पुरस्कार,(२०४०) समाजसेवा संस्था छिमेक समाजको सम्मान पत्र (२०४८), गोरखा दक्षिण बाहु तृतीय (२०५०), देवकोटा स्मृति सभा कलैया, अभिनन्दन पत्र (२०५०), नेपाल साहित्य गुठी सर्वश्रेष्ठ पाण्डुलिपी पुरस्कार (२०५०), गोरखा दक्षिण बाहु द्वितीय (२०५२), लेखनाथ साहित्य प्रतिष्ठान, नेपाल सम्मान पत्र (२०५५), ग्रन्थ प्रकाशन सम्मान पत्र (२०५६), निर्माण प्रकाशन (सिक्किम) सम्मान(२०५६), नेपाल पत्रकार महासंघ, सम्मान पत्र (२०५७), आदिकवि भानुभक्त पुरस्कार (२०५७), साहित्यिक पत्रकार संघ, 'अभिनन्दन पत्र' (२०५८), रौतहट टाइम्स राष्ट्रिय साप्ताहिक, सम्मान पत्र (२०५८), कला साहित्य समाज सेवा, 'अभिनन्दन पत्र' (२०५८), पहलमान सिंह स्वार श्रृति प्रतिष्ठान, सम्मान पत्र (२०५९), प्रहरी प्रधान कार्यलय, प्रसंसा पत्र (२०६०), प्रेस काउन्सिल नेपाल, गोपालदास पत्रकारिता पुरस्कार (२०६०), बसुन्धरा प्रज्ञा प्रतिष्ठान, सम्मान पत्र (२०६१), भूपालमान सिंह कार्की पुरस्कार (२०६१),सुदुर पश्चिमाञ्चल मञ्च, सम्मान पत्र (२०६२), राष्ट्रिय प्रतिभा पुरस्कार (२०६२), अक्सफोर्ड इन्टरनेशनल पव्लिकेसन, अभिनन्दन पत्र (२०६३), मदन पुरस्कार पुस्तकालय, गुणानुवाद पत्र (२०६४), उत्तम कुँवर स्मारक पुरस्कार गुठी, सम्मान पत्र (२०६५), भद्रकुमारी घले सेवा सदन, अभिनन्दन पत्र (२०६५), पेन नेपाल सम्मान पत्र (२०६५), महाकवि देवकोटा शताब्दी सम्मान (२०६६), नेपाली कला साहित्य डट कम प्रतिष्ठान, राष्ट्रिय कलाश्री सम्मान (२०६६), सम्पादक समाज, नेपाल, कदर पत्र (२०६७), चेतनाथ देवकोटा स्मृति प्रतिष्ठान, सम्मान पत्र (२०६७), होमल्याण्ड अर्न्तराट्रिय विश्वविद्यालय अभिनन्दन पत्र (२०६७), दण्डपाणि अर्ज्याल स्मृति

पुरस्कार (२०६७), शंकर कोइराला स्मृति पुरस्कार (२०६७), नेपाल शिक्षा परिषद सम्मान पत्र (२०६८), अवाला ब्रम्हचारी षडानन्द प्रतिष्ठान, सम्मान पत्र (२०६८),भद्रकुमारी घले अग्रज अभिनन्दन सम्मान पत्र (२०६८), खगेन्द्र नवजीवन केन्द्र, सम्मान (२०६८), महाकवि देवकोटा पुरस्कार (२०६८), शब्द यात्रा प्रकाशन काभ्रे सम्मान (२०६८) खनुरुदी नई पुरस्कार तथा सम्मान (२०६९), मार्भल स्कुल, भानुभक्त सम्मान (२०६९), बुस्ट मिडिया सम्मान (२०६९), संकल्प नेपाल सम्मान (२०६९), जिवा लामिछानेद्वारा पद्यमा श्री साधना पुरस्कार (२०६९), टंक प्रसाद आचार्य स्मृति प्रतिष्ठान सम्मान (२०६९), लेखनाथ साहित्य प्रतिष्ठान, नेपाल सम्मान तथा पुरस्कार (२०६९) ।

## २.४ मदन मणि दीक्षितको औपन्यासिक प्रवृत्ति

बहुआयामिक व्यक्तित्वका धनी मदन मणि दीक्षित नेपाली औपन्यासिक क्षेत्रमा वि सं २०३९ सालमा 'माधवी' उपन्यासको प्रकाशन पश्चात उदाएका हुन् । हालसम्म उनका चारवटा उपन्यासहरु प्रकाशित भएका छन् । उनका उपन्यासहरुमा मनोवैज्ञानिक तथा दार्शनिक विश्लेषण गरिएको पाइन्छ । उनका प्रायः उपन्यासहरुमा नारी चरित्रलाई प्रमुख तथा आदर्श पात्रको रूपमा प्रस्तुत गरिएको पाइन्छ । महाभारतीय उत्तरवैदिककालीन समाज होस् या तत्कालीन नेपाली समाज नै किन नहोस् उनका उपन्यासमा संस्कृति संस्कार तथा सामाजिक यथार्थता भेट्टाउन सकिन्छ । जुनसुकै सामाजिक धरातलमा उभिएका उनका उपन्यासले बौद्धिक, दार्शनिक तथा आध्यात्मिक चेतना प्रदान गर्दछन् । उनका औपन्यासिक प्रवृत्तिहरुलाई बुँदागत रूपमा स्पष्ट पार्ने जमर्को गरिएको छ ।

### २.४.१.दार्शनिकता

उपन्यासकार मदन मणि दीक्षितको विभिन्न उपन्यासको अध्ययनले उनलाई बौद्धिक उपन्यासकारका रूपमा चिनाएका छन् । उनको सशक्त उपन्यास माधवीमा सशक्त रूपमा वैदिक अङ्गहरू ब्राम्हण ग्रन्थ, अरण्यक, उपनिषद, महाभारत, रामायण जस्ता ग्रन्थहरूमा प्रयुक्त जीवन दर्शन तथा चिन्तनहरू समेटिएका छन् । उनका सबै जसो उपन्यासहरू बौद्धिक दर्शन र चिन्ताका रापले सेकिएका छन् । त्यसो हुनाले उनका उपन्यासहरू सामान्य पाठकलाई सम्प्रेषणीय बन्न सक्दैन । आफ्ना उपन्यासमा धर्म ज्ञान, विज्ञान आदिको सम्मीश्रण गर्नु उनको महत्वपूर्ण औपन्यासिक प्रवृत्ति ठहरिन्छ । माधवीमा उत्तर वैदिक कालखण्डको जिउँदो इतिहासलाई देखाइएको छ । पुराणलाई आधार बनाएर तत्कालीन समाजको यथार्थ चित्रण गरिएको छ । त्रिदेवी उपन्यासमा आध्यात्मिक दर्शनको प्रयोग गरी मानव कल्याण र राष्ट्र निर्माणमा जुट्न आव्हान गरिएको छ । उनका सबै उपन्यासभित्र विभिन्न दार्शनिक चिन्तनले प्रशस्त दौडने ठाउँ पाएका छन् ।

उपन्यासकार मदन मणि दीक्षित मार्क्सद्वारा प्रतिपादित भौतिकवादी चिन्तनबाट प्रभावित छन् । कार्ल मार्क्सको द्वन्द्वात्मक भौतिकवाद र वैज्ञानिक समाजवादको प्रभाव उनका उपन्यासहरूमा प्रवृत्ति बनेर आएका छन् । उनी आफैँ वैज्ञानिक भौतिकवादलाई

आफ्नो जीवन दर्शन ठान्दछन् । माधवीमा मार्क्सवादी दर्शनको प्रस्तुतिका साथै साम्यवादी युगको समेत चित्रण गरिएको छ ।

उपन्यासकार मदन मणि दीक्षितले नवीन शिल्प तथा शैलीको प्रयोग आफ्नो उपन्यासमा गरेको पाइन्छ । माधवीमा पूर्वदीप्ति शैलीको प्रयोग पाइन्छ, त्रिदेवीमा संवादात्मक शैलीको प्रयोग हुनुका साथै मेरी निलीमामा एकलापात्मक शैलीको प्रयोग गरेर उपन्यासमा नवीन शैली अपनाएका छन् ।

**२.४.२ सामाजिक यथार्थवाद**

मदन मणि दीक्षिका चारवटै उपन्यासहरूको अध्यययनबाट प्रष्ट गर्न सकिन्छ, उनी सामाजिक यथार्थवादी उपन्यासकार हुन् । उनका सम्पूर्ण उपन्यास चाहे वैदिक समाजका हुन् चाहे अहिलेको प्रजातान्त्रिक समाजका किन नहुन्, सबैमा तत्कालीन समाजको यथार्थ चित्रण गरिएको पाइन्छ । वस्तुतः तत्कालीन समाजका आर्थिक,सामाजिक धार्मिक, राजनीतिक विभिन्न यथार्थलाई प्रस्तुत गर्नु उनको मूल औपन्यासिक प्रवृत्ति नै ठहरिन्छ ।

**२.४.३ आलोचनात्मक यथार्थवाद**

मदन मणि दीक्षितको माधवी उपन्यासलाई आलोचनात्मक यथार्थवादी धाराको एक सशक्त उपन्यासको रूपमा लिन सकिन्छ । प्रागैतिहासिक, ऐतिहासिक, धार्मिक, दार्शनिक विषयवस्तुलाई आफ्नो रचनामा प्रयोग गर्ने मदन मणिमा यथार्थलाई प्रस्तुत गर्ने सीप सबल देखिन्छ । सामाजिक विकासका ढाँचा मानवीय मूल्य तथा मर्यादाका यथार्थ चित्रण उनको उपन्यासका विशेषता हुन् । विभिन्न विकृति विसंगतिहरूप्रति तीव्र आलोचना गर्नुका साथै त्यसबाट समाजको मुक्ति खोज्नु र परिवर्तनको अपेक्षा राख्नु उनको उपन्यासगत प्रवृत्ति हुन् । उनको माधवी उपन्यासमा तत्कालीन समाजको यथार्थलाई आलोचनात्मक ढङ्गले प्रस्तुत गरिएको छ भने त्रिदेवी उपन्यासमा नारीहरूलाई हेर्ने तत्कालीन सामाजिक दृष्टि तथा राजनीतिक अवधारणा व्यक्त गरिएको पाइन्छ ।

**२.४.४ नारी प्रधानता**

मदन मणि दीक्षितका उपन्यासहरू नारी प्रधान छन् । उनका प्रायः उपन्यासमा कुनै न कुनै रूपमा नारीका विषय मूल्य मान्यताहरूलाई प्रथम स्थान दिनुका साथै तिनका स्वरहरूलाई प्राथमिकताका साथ समावेश गरिएको पाइन्छ । उनका तिनवटा उपन्यासका शीर्षक नै नारी नामबाट सम्बोधित भएको पाइन्छ । उनका उपन्यासमा नारीका आदर्श विचार र व्यवहारलाई समेट्दै तिनलाई त्यागी तथा कर्तव्यपरायण, जननी, माता, धर्ती आदिका रूपमा चित्रण गरिएको पाइन्छ । तसर्थ उनका उपन्यासहरू नारी मूल्यप्रति पाठकको ध्यान केन्द्रित गर्न सफल देखिन्छन् । उनका उपन्यासमा नारीको व्यक्तित्व, चरित्र, प्रशंसा र नारी सौन्दर्यको मनोरम प्रस्तुति पाइन्छ । उनका उपन्यासमा विभिन्न समयका उत्तम नारीहरू जो त्यहाँका कला साहित्यका क्षेत्रमा पतिष्ठित छन् । त्यस्ता नारीहरूलाई स्थान दिनु उनको औपन्यासिक प्रवृत्ति रहेको छ । कतै उनले नारीको कारुणिक पक्षको चित्रण गरेका छन् भने कतै कतै उच्च आर्दशताको चित्रण गरेका छन् । नारीको व्यक्तित्व चरित्र र प्रशंसा नारी सौन्दर्य र कमनीयताको मनोहर प्रस्तुति उनको उपन्यासमा पाइन्छ । **माधवीकी** माधवी महाभारतीय कथाकी स्वाभिमानी नारी हुन् भने **त्रिदेवीका** तिन नारी आधुनिक युगका परिवर्तनका संवाहक हुन् ।

### २.४.५ ऐतिहासिकता

मदन मणि दीक्षितका उपन्यासमा ऐतिहासिक विषयवस्तुलाई आधार बनाई ऐतिहासिक सामाजिक सत्य तथ्यलाई उपन्यासमा समावेश गरिएको हुन्छ । ऐतिहासिक विन्दुलाई खोज्दै जाँदा उनका उपन्यासमा प्राचीनतम गाथाहरू, उत्तर वैदिक कालीन गाथाहरू, उत्तर वैदिक कालीन इतिहासको चुरो भेट्टाउन सकिन्छ। **भूमिसूक्तमा** मानव सभ्यताको आरम्भको समयलाई देखाएका छन् । **त्रिदेवीमा** सात सालपूर्व र प्रजातन्त्र पछिका अनि पञ्चायतकालीन समयलाई देखाउनुका साथै २०४६ साल पछिको जनमत संग्रह, वालिग मताधिकार र बहुदलीय जनवादको घोषणासम्मको ऐतिहासिक घटनाहरूलाई समाविष्ट गरेका छन् ।

### २.४.६ मनोवैज्ञानिकता

उपन्यासकार मदन मणि दीक्षितले आफ्ना उपन्यासमा सशक्त रूपमा मनोविज्ञानको प्रयोग गरेका छन् । माधवी, त्रिदेवी दुवै उपन्यासभित्र मनोविज्ञानको सबल प्रयोग गरिएको छ। आफ्ना उपन्यासका पात्रको मनभित्र सुटुक्क पसेर मनोवेगलाई उद्धेलित गर्नु, मनोभावनाको चिरफार गर्नु उनको महत्त्वपूर्ण प्रवृत्ति ठहरिन्छ ।

**माधवी** उपन्यासमा उपन्यासका प्रमुख पात्र माधवी तथा गालवको यौन मनोविश्लेषण गरिएको छ । जब सम्राट यायातिले श्यामकर्ण घोडा प्राप्त गर्नको निम्ति माधवी गालवलाई  सुम्पिन्छन् तब माधवी गालवप्रति मनोवैज्ञानिक रूपमा आकर्षित हुँदै जान्छे। गालवको पनि माधवीप्रति यौन आकर्षण बढेको हुन्छ। लामो यात्राको क्रममा उनीहरू रत्तिभर छुट्टिन चाहँदैनन्। कैयौं पटक गालव अनियन्त्रित हुने अवस्थामा पुग्दा उसलाई माधवीले सम्झाएकी छे। चारवटा श्याकर्ण घोडा प्राप्तिका निम्ति तिनले आफूहरूलाई सम्हालेका छन्। चारवटा श्यामकर्ण घोडाको प्राप्ति पछि पाणीग्रहणको समयमा गालव नआइपुग्दा माधवी मनोवैज्ञानिक रूपमा निकै विक्षिप्त हुन पुगेकी छे। सदाको निम्ति गालवलाई त्यागेर हिडेकी माधवीको खोजीमा मनोवैज्ञानिक रूपमा दुखी हुँदै गालव पनि भौतारिदै हिडेको छ ।

### २.४.७ मानवतावाद

उनका औपन्यासिक प्रवृत्तिहरू केलाउँदा उनलाई मानवतावादी चिन्तकका रूपमा पनि मूल्याङ्कन गर्न सकिन्छ। नारी प्रधानता, नारीवादी उपन्यासकारका रूपमा दिनुपर्ने जुन विशेषण अगाडि थपिन पुगेको छ । त्यसरी नै उनलाई मानवतावादी उपन्यासकारका रूपमा स्पष्ट सम्बोधन गर्न सकिन्छ। उनका उपन्यासमा मानवीय मूल्य, मान्यता, अधिकारका साथै कर्तव्यबोधको उद्घोष गरिएको पाइन्छ ।

**माधवी** उपन्यासमा उनले दासहरूका तर्फबाट अम्मोहमस्मिको उच्चारण पटक पटक गरेर मानवतावाद प्रकट गरेका छन् । दासत्वको घृणालाई माधवीमार्फत प्रकट गरी संवालागणमा दासत्व मुक्ति समेत गराएका छन् । त्यस्तै अन्य दासयुक्त क्षेत्रहरूमा समेत विस्तारै दासत्व मुक्ति हुँदै गएको देखाइएको छ। **त्रिदेवी** उपन्यासमा पनि उपन्यासकारले प्रमुख पात्रहरूलाई देश भ्रमण गराएर मानवीय मूल्यको खोजीमा अभिप्रेरित गरेका छन् । नेपाली गाउँका दुख र पीडाले यिनलाई छोएको छ । यिनीहरूमा साँच्चै तिनका निम्ति केही गर्ने मानवीय भावना जागृत भएको छ ।

### २.४.८ प्राकृतिकता

उपन्यासकार मदन मणि दीक्षितका उपन्यासगत प्रवृत्तिको चर्चा गर्नु पर्दा प्राकृतिकता रूपमा उनलाई लिनै पर्ने हुन्छ। उनका प्रत्येक उपन्यासमा प्रकृतिको विविध सौन्दर्य चित्रण गरिएको पाइन्छ वस्तुत:प्रकृति र मानव बिच तादातम्य मिलाई मानवलाई प्रकृतिमा विचरण गराउने कला उनको उपन्यासमा भेटिन्छ। **माधवी** तथा **त्रिदेवी** दुबै उपन्यासमा परिवेशका रूपमा आएका विभिन्न स्थानका प्रकृतिलाई मनोरम रूपमा वर्णन गरिएको पाइन्छ। उपन्यासका भ्रमणशील पात्रहरूलाई प्रकृतिमा विचरण गराएर आल्हादित तुल्याउने खुबी उनमा रहेको पाइन्छ।

### २.४.९ राजनीतिक विकृति, विसङ्गतिप्रति विरोध

मदन मणि दीक्षितका उपन्यासमा विविध पक्षलाई केलाउने सन्दर्भमा राजनीति विकृति, विसङ्गतिप्रति पनि व्यङ्ग्य प्रहार गरिएको पाइन्छ। जस अर्न्तगत त्रिदेवीमा राणाकालीन समयपश्चात प्रजातन्त्र र कम्युनिष्टका नाममा देखिएको छुचुन्द्रे प्रवृत्तिका साथै जनतालाई झुक्याएर भुँडी भर्ने नेताहरूप्रति व्यङ्ग्य गर्नुका साथै तिनीहरूले देशलाई विकृत र विकराल स्थितितिर कसरी धकेलिरहेका छन् भन्ने प्रसंङ्गलाई उठान गरिएको छ।

### २.४.१० मिथकको प्रयोग

मदन मणिको उपन्यासमा प्रशस्त मिथकहरूको प्रयोग पाइन्छ। उनका सबै उपन्यासहरूलाई अध्ययन गर्दा आधुनिक साहित्यमा पनि मिथकीयताको स्पर्श गर्न सकिन्छ। विभिन्न मिथकका प्रसङ्गले उनका उपन्यासमा ठाउँ पाएका हुन्छन्। माधवी, त्रिदेवी तथा भूमि सूक्तमा प्रशस्त धार्मिक, पौराणिक मिथकको प्रयोग गरिएको छ। यस्ता मिथकीय तत्त्वका प्रयोगबाट उपन्यासमा मानवका जीवन र मृत्युबारे मननीय दृष्टिकोण प्रस्तुत गरिएको पाइन्छ। त्रिदेवी उपन्यासमा यसको प्रयोग मूलतः अन्तिम अध्यायमा गरिएको छ।

### २.४.११ महाकाव्यात्मकता

मदन मणि दीक्षितको एउटा महत्वपूर्ण औपन्यासिक प्रवृत्ति भनेको महाकाव्यात्मक उचाइको उपन्यासको सृजना गर्नु हो उनले नेपाली उपन्यास जगतमा महाकाव्यात्मक उचाइ बोकेको एक मात्र उपन्यास माधवीको सृजना गरेर उपन्यास क्षेत्रमा ठुलो योगदान पुऱ्याएका छन् माधवी उपन्यास वृहत् काय भएको उपन्यास हो । यसमा उत्तर वैदिक कालीन समाजको सिङ्गो पाटोलाई व्यक्त गरिएको छ । यसमा प्रागैतिहासिक सिङ्गो सभ्यता अटाएको छ। इतिहासको वृहत पाटो ओगटेको हुनाले यस उपन्यासले महाकाव्यात्मक उचाइ प्राप्त गरेको छ।

### २.४.१२ आध्यात्मिकता

मदन मणि दीक्षितका जुनसुकै उपन्यास पनि आधत्मिक चिन्तनको धरातलबाट अगाडि बढेको पाइन्छ। उनको माधवी, त्रिदेवी, मेरी नीलिमा सबै उपन्यासमा आध्यात्मिकताको छाप पाइन्छ। त्रिदेवी उपन्यास आध्यात्मिक चिन्तनले भरिएको छ। बाँचुन्जेल सग्लो जीवन जिउन मानव निम्ति केही गर भन्ने आध्यात्मिक विचार त्रिदेवीमा प्रकट भएको छ। आफूबाट कसैलाई दु:ख नपुगोस् भन्ने आशय प्रमुख पात्र स्मितामार्फत् व्यक्त गरिएको छ। समाजमा कष्ट , कोलाहल फिँजाउने तथा लोकाचार बुझाउन गरिने अर्थहीन कार्यलाई त्रिदेवी उपन्यासमा निषेध गरिएको छ। जो गर्नु छ जीवनमा गर मृत्यु पश्चात इच्छा गर्नु जीवनलाई नबुझ्नु हो भन्ने गहन आध्यात्मिक चिन्तन त्रिदवी उपन्यासमा व्यक्त भएको छ।

### २.४.१३ संस्कृतिप्रतिको मोह

मदन मणि दीक्षितका जुनसुकै उपन्यासमा पनि देशदर्शन तथा संस्कृतिप्रतिको मोह प्रस्ट देखिन्छ। माधवीमा उत्तरवैदिककालीन संस्कृति झल्किएको छ भने त्रिदेवीमा नेपालको सांस्कृतिक धरातल व्यक्तिएको छ। त्यस्तै मेरी नीलिमा राष्ट्रप्रेम तथा राष्ट्रिय संस्कृतिप्रति मोह व्यक्त गरी

लेखिएको एक उत्कृष्ट उपन्यास हो। भूमि सूक्तमा पनि भूत वर्तमान तथा भविष्य प्रतिको दृष्टि दर्शन  भएको छ।

### २.४.१४ भाषिक वैशिष्ट्य

उपन्यासकार मदन मणि दीक्षितका सम्पूर्ण उपन्यासमा भाषिक विशिष्टता पाउन सकिन्छ। भाषगत दृष्टिले हेर्दा उनका उपन्यासहरु विशिष्ट भाषाले सजिएका छन्। जुन कुनै पनि परिवेश वा कालखण्डलाई लिएर रचना गरिएका उनका उपन्यासमा कलात्मक ,बौद्धिक तथा दार्शनिक भाषाको प्रयोग गरिएको पाइन्छ। उनका उपन्यासहरुमा संस्कृतनिष्ठ भाषाको प्रयोग गरिएको पाइन्छ। वाक्यात्मक दृष्टिले सरल, संयुक्त तथा मिश्र वाक्य तिनै किसिमका वाक्यहरु प्रयोग गरिएको पाइन्छ। झर्रा तथा नेपाली तदभव शब्दहरुका प्रयोग कमै गरिएको हुन्छ। वर्णनात्मक, विश्लेषणत्मक, संवादात्मक तथा मनोवादात्मक भाषाको प्रयोग गरिएको हुन्छ। उनको मेरी नीलिमा उपन्यासमा मनोवादात्मक भाषाको प्रयोग गरिएको छ भने त्रिदेवी, भूमिसूक्त तथा माधवी उपन्यासमा संवादात्मक, वर्णनात्मक तथा विश्लेषणात्मक भाषाको प्रयोग गरिएको छ।

### २.४.१५ निष्कर्ष

वि.सं १९७९ सालमा काठमाडौंको गैरीधारामा जन्मिएका मदन मणि दीक्षितले पाँच वर्षको उमेरमा शिक्षारम्भ गरेका हुन्। भारतको काशी हिन्दु विश्व विद्यालयबाट भारतीय दर्शन र धर्म शास्त्र विषयमा स्नातकोत्तर गरेका मदन मणि भारत गएर एम.ए गर्नेमध्ये नवौं नम्बरमा पर्दछन्। उनले राजनीतिक, सामाजिक तथा साहित्यिक कार्यक्रममा देश तथा विदेशका विविध स्थानहरूका भ्रमण गरि सकेका छन्। साहित्य लेखनमा उनी सामाजिक तथा पौराणिक समाजबाट पनि प्रेरित छन्। कार्लमार्क्सद्वारा प्रतिपादित द्वन्द्वात्मक भौतिकवादका अनुयायी मदन मणि नेपाली साहित्यमा बहुप्रतिभाशाली व्यक्तित्व हुन्। उनी जीवनमा साहित्यको अतिरिक्त राजनीतिक, पत्रकारिता, शिक्षण जस्ता विविध क्षेत्रमा लागेका छन्। साहित्यमा उनी एक सफल उपन्यासकार, निबन्धकार, प्रबन्धकार, कथाकार, अनुवादक  तथा समालोचकका रूपमा चिनिन्छन्। जीवनको लामो समयसम्म साहित्यमा साधनारत मदन मणि दीक्षितले आफ्नो साहित्यिक जीवनमा थुप्रै मान सम्मान तथा पुरस्कारहरू प्राप्त गरेका छन्। हालसम्म उनका चार वटा उपन्यास प्रकाशित छन्। दीक्षितका उपन्यासमा विविध  प्रवृत्तिहरू अभिव्यक्त भएका  पाइन्छन्। उनको माधवीमा उत्तर वैदिककालीन समाजको जिउँदो इतिहास पाइन्छ भने चारवटै उपन्यासाभित्र बौद्धिक तथा दार्शनिकताको प्रयोग देखिन्छ। उनका सम्पूर्ण उपन्यासले तत्कालीन समाजको यथार्थ चित्रण गरेका छन्। समाजमा विद्यमान विभिन्न विकृति, विसंगतिप्रति तीव्र आलोचना गर्नु उनको मूल औपन्यासिक प्रवृत्ति हो। दीक्षितका उपन्यासमा नारी अस्मिता तथा नारी स्वरहरूको ख्याल गरिएको हुन्छ। उपन्यासकार मदन मणि दीक्षितलाई एक मानवतावादी चिन्तकका रूपमा पनि लिन सकिन्छ। उनी ऐतिहासिक तथा सफल मनोवैज्ञानिक उपन्यासकार  पनि हुन्। उनका प्रायः उपन्यासमा मनोविज्ञानको सबल प्रयोग भएको पाइन्छ।भाषिक वैशिष्ट्यका दृष्टिले पनि उनका उपन्यासहरु उत्कृष्ट रहेका छन्।

## अध्याय ३

# विधा सिद्धान्तको आधारमा त्रिदेवी उपन्यासको विश्लेषण

### ३.१ शीर्षक विधान

कुनै पनि कृतिलाई अस्तित्व वा व्यापकता प्रधान गर्ने आधार नै शीर्षक हो। कुनै पनि रचना त्यसको शीर्षकमा नै केन्द्रित रहेको हुन्छ। शीर्षकले कृति भित्रको समग्र कुरालाई सांकेतिक रूपमा बोकेको हुन्छ। कुनै पनि कृतिको शीर्षक चयन गर्दा लेखकले बढो सुझबुझपूर्ण ढङ्गले गर्नुपर्ने हुन्छ। शीर्षकले अभिधात्मक, व्यञ्जनात्मक वा प्रतीकात्मक अर्थ व्यक्त गर्न सक्दछ।

**त्रिदेवी** उपन्यासको शीर्षकलाई प्रतीकात्मक र अभिधात्मक दुबै आधारबाट हेर्न सकिन्छ। उपन्यासका प्रमुख तिन पात्रहरू नालायनी, स्मिता र सौदामिनीलाई संयुक्त रूपमा बुझाउने एक शब्द 'त्रिदेवी' का नाममा औपन्यासिक शीर्षक चयन गरिएको पाइन्छ। उपन्यासमा नालायनी पात्रलाई सर्वोच्च मूल्य प्रदान गरिएको छ भने स्मिता र सौदामिनी पात्रको चरित्र पनि कम महत्वपूर्ण छैन। उपन्यासले उक्त तिन नेपाली नारीलाई देवीका रूपमा प्रस्तुत गरेर शीर्षकलाई सार्थकता प्रदान गरेको छ।नारीका आस्था, प्रतिवद्धता, चिन्तन, सोचाइ, आदर्श, सामाजिक र नैतिक मूल्य, मनोवैज्ञानिक समस्या र नियतिलाई उपन्यासमा प्रस्तुत गरिएको छ।

प्रस्तुत उपन्यासमा तिन विदुषी नारीहरूको अनुभूति र समस्याहरूलाई प्रस्तुत गरी सम्पूर्ण नेपाली नारी जातिप्रति सहानुभूति र सम्मान व्यक्त गरिएको छ। यसै सन्दर्भमा ती नारीहरूको भूमिकालाई प्रस्तुत गरी समाज परिवर्तनमा ठुलो भूमिका रहन सक्ने कुरा व्यक्त गरिएको छ। तसर्थ यस क्रममा उपन्यासकारले भावी नेपालको निर्माणका लागि नारी भूमिका अग्रणी रहनुपर्ने सन्देश दिएका छन्। त्यसकारण **त्रिदेवी** उपन्यासको शीर्षक प्रतीकात्मक रूपमा सार्थक रहेको देखिन्छ। उपन्यासका त्रिदेवी साच्चै भगवान शिवका त्रिशुलका तिन चुच्चा जमिनमा गाडदा बहेका तिन धारा अमृत,जीवन र वसु भनिएको छ। उपन्यासमा यस्ता कुरा सोझै नभनी प्रतीकात्मक रूपमा आएकाले उपन्यासको शीर्षक यही रूपमा सही देखिन्छ।

### ३.२.संरचना

उपन्यास कलात्मक तन्तुहरू बोक्ने आख्यानात्मक विधा हो। सामाजिक घटना इतिहास प्रसिद्ध विषयवस्तु, मिथक, यथार्थमूलक अनुभव, कल्पना, रागात्मक सौन्दर्य जस्ता विषयहरूबाट व्यक्ति मस्तिष्क प्रभावित भई एक किसिमको मानसिक धारण तयार गर्दछ। यस्ता धारणहरूलाई चरित्र, परिवेश, दृष्टिबिन्दु, शैली संवाद आदि उपकरणहरूको प्रयोगद्वारा मूर्त रूप दिदा उपन्यासले आफ्नो शरीर धारण गर्दछ। यही शरीर वा आकार नै उपन्यासको संरचना हो। संरचनाले रूप निर्माण पक्षलाई आफैंसँग राख्न खोज्दछ। (बराल, एटमः २०५६,२०) संरचना र रूपका बिच कार्य र फलको सम्बन्ध रहेको हुन्छ। विभिन्न तत्त्वहरूको संगठन कार्य संरचना हो र रूप त्यसको निष्कर्ष हो। संरचना रूपको आन्तरिक तत्त्व हो। संरचनाले तत्त्वहरूको व्यवस्थापनलाई व्यवस्थित तुल्याउँछ।

संरचना तत्वहरूको बाहिरी जोडजाड मात्र नभएर त्यो विचारको संरचना पनि हो। उपन्यासमा कुन तत्वलाई बढी जोड दिन, कुन पक्षलाई बढी उजागर गर्ने भन्ने कुरा प्रविधिगत मात्र नभई वैचारिक पनि हुन्छ। संरचनाको अर्थ कुनै बस्तुका आन्तरिक तथा वाह्य उपकरणहरूको अनुशासित र व्यवस्थित व्यवस्थापन हो। उपन्यासको संरचनाको सन्दर्भमा पनि आन्तरिक र बाह्य संरचना हुन्छ।

**३.२.१ बाह्य संरचना**

झ्वाट्ट हेर्दा देखिने कृतिको बाहिरी आवरण नै बाह्य संरचना हो। बाहिरबाट हेर्दा उपन्यासको जे जस्तो स्वरूप देखिन्छ त्यो नै बाह्य संरचना हो। यो कृतिको बनोटसँग सम्बन्धित हुन्छ। यसमा कृतिको आयाम, भाग परिच्छेद, अनुच्छेद, पंक्ति जस्ता पक्षहरू पर्दछन्। समग्रमा भन्दा उपन्यासले प्राप्त गरेको भौतिक आकार नै बाह्य संरचना हो।

त्रिदेवी उपन्यासको वाह्य संरचना मझौला वा मध्यम आकारको रहेको छ। यो उपन्यास ३१७ पृष्ठमा संरचित छ। औपचारिक रूपमा उपन्यासलाई २४ अध्यायमा विभिन्न शीर्षकका रूपमा नामकरण गरी छुट्याइएको छ। यस उपन्यासका परिच्छेदहरू सरदर १९ देखि १६ पृष्ठहरूमा संगठित छन्। त्यसका अतिरिक्त विभिन्न परिच्छेदहरूमा गुणन चिन्हहरूद्वारा पनि छुट्याइएको छ। यस्ता चिन्हहरू एघारौँ तह्रौं चौधौं, सत्रौं र बिसौं अध्यायमा प्रयोग गरिएको छ। यस उपन्यासमा रहेका २४ अध्यायमा विभाजित शीर्षकहरू निम्नानुसार रहेका छन्।

| | |
|---|---|
| १) आगो, आमा, नालायनी | २) को डुब्न सक्यो को सकेन ? |
| ३) बडा मेजर | ४) सुमङ्ली बधु |
| ५) मोजा र औंठी | ६) माया बज्यै |
| ७) धागो र चङ्गा | ८) हाउडे काजी |
| ९) अध्यारो पछि उज्यालो | १०) पूर्णिमाको महासागर |
| ११) सौम्य, स्मिता र सुद्युम्न | १२) चन्द्रोदय |
| १३) शम्भु सौदामिनी | १४) मानिस र आयाम |
| १५) नालायनी | १६) कमरेड छुचुन्द्री |
| १७) चाँगुनारायण | १८) जीवन यात्रा |
| १९) चाँदीका बट्टा | २०) देश दर्शन |
| २१) अन्तराल | २२) स्मिता |
| २३) कायाकल्प | २४) अन्नपूर्णाको तिलिचो |

**३.२.२ आन्तरिक संरचना**

लेखकको अनुभूतिका बिम्बहरूलाई अर्थात उपन्यासमा प्रस्तुत गर्ने विषयवस्तुलाई विभिन्न तरिका वा विधिहरू अपनाएर व्यवस्थित गरिएको हुन्छ, त्यस्तो व्यवस्थापन नै आन्तरिक संरचना हो। अर्को शब्दमा भन्दा आन्तरिक संरचना उपन्यासको बुनोट हो।

**त्रिदेवी** उपन्यासको अन्तरिक संरचना सरल छ। रैखिक ढाँचामा घटनाहरु अगाडि वढेका छन्। पहिलो अध्यायमा नै सम्पूर्ण उपन्यास भित्रका घटनाको छनक दिइएको छ। उपन्यासकी प्रमुख पात्र स्मिता र उसको बाल सखी सौम्य राजको बाल्यकालको नालीवेली दोस्रो अध्यायमा आएको छ। उपन्यासकी केन्द्रीय पात्र नालायनीको बाराणाशी विश्व

विद्यालयमा पढ्दा पढ्दै हिन्दु विश्वविद्यालयको चौथो  वर्षमा इन्जिनियर पढ्दै गरेको छात्र श्यामसँग विहे भएको छ । यसैलाई उपन्यासले केन्द्र मानेर घटनाहरु अगाडि बढाएको छ । बिहे गरेको पर्सिपल्टै श्यामको मृत्यू हुन्छ । नालायनीलाई घरमा लोग्ने टोकेकी लाञ्छना लाग्छ उनी घरमा बस्न नसकी माइतमा (काठमाडौं) बस्न आउछिन् माइतबाटै थप अध्ययन पूरा गर्छिन् । माइतमा दाजु शम्भु थापा, भाउजू सौदामिनी, आमा ललिता सुन्दरी, एक वर्से भदा अचल र घरमा सुसारेको काम गर्ने माया बज्यै गरी जम्मा ६ जना रहेका छन् । बावु मेजर मनवहादुर थापाको मृत्यु भइसकेको हुन्छ । बिहेको पर्सिपल्टै विधवा बनेकी नालायनीले पत्नीको अनुभूतिसम्म गर्न पाउँदिनन् । दाजु शम्भु थापाको सौदामिनीसँग विहे भएको र एउटा भदा समेत जन्मिसकेको छ । मेजर मनवहादुर थापाको कारिन्दा कृष्णध्वज कार्कीकी छोरी स्मिता जसलाई नालायनी दिदी भएपनि सिता भनेर सम्बोधन गर्छिन् । स्मिताले नालायनीलाई नानी भन्छिन् । उनको पनि सुधुम्नसँग विहे भएर छोराछोरी (उत्तङ्क र मेना) जन्मेका छन् । यहाँसम्मको घटना अर्थात पहिलो अध्यायदेखि तेस्रो अध्यायसम्मको घटनाले उपन्यासमा आरम्भ भागको संकेत गर्दछ ।

चारौं अध्याय ‘सुमङ्गली बधु’ शीर्षकबाट एक्काइसौं अध्याय सम्मको कथानकलाई उपन्यासमा मध्य भागको रुपमा लिन सकिन्छ । असमयमानै विधवा बनेकी नालायनी जवानीले युक्त हुन्छिन् । उनको जवानीले गर्दा शरीर र मन दुवै यौनप्रति आकर्षित हुन्छ । उनको दैनिक क्रियाकलाप शृङ्गार पटारमा बित्दछ । विधवी भएपनि रातो चन्दन र रातै पहिरनको सोख हुन्छ । उनी बारम्बार ऐनाको अगाडि उभिने, नाङ्गिने जस्ता क्रियाकलापमा समय व्यतीत गर्दछिन् । उनमा यौनको अतृप्त चाहानाले गर्दा मनोवैज्ञानिक रुपमा कुण्ठा उत्पन्न हुन्छ । उनीभित्र रहेको यौन चेतना उत्प्रेरित हुन्छ । त्यही यौन उत्प्रेरणाले गर्दा उनमा यौनजन्य विकृत क्रियाकलापहरु वढ्दै जान्छन् । परपुरुषका शृङ्गारका सामान चोर्ने नियत बस्दछ । दाजुको साथी घरमा आउदा कोटको खल्तीबाट कलम चोर्ने, स्मिताको घरमा जाँदा सुद्युनको टाइ, लवाङ् खाने भाँडो चोरेर खुसुक्क पकेटमा लुकाउने र घरमा ल्याउने गर्छिन् । स्मिताकी छात्रा शैलुको घरमा जाँदा समेत उनको लोग्नेको शृङ्गार पाइप चोरेर घरमा ल्याउछिन् । उनको मनको वेचैनले गर्दा पुन आफूले आफैलाई धिक्कार्ने र पश्चाताप समेत गर्छिन् । नालायनीमा  आन्तरिक द्वन्द्व चलनुका साथै बाह्य द्वन्द्वको पनि यही  भागमा विकास भएको छ ।

राणाकालीन दरबारमा बाल विधवाहरुको किनबेच हुने गरेको यथार्थ घटनाको विवरण आएको छ । माया बज्यै नाम दिइएको अध्यायमा मेजर मनबहादुरको घरमा सुसारेको रूपमा नियुक्ति पाएकी माया बज्यैलाई जुद्ध शमशेरको दरबारमा लगेर निबुवा नामाकरण गरिएको छ । दरबार भित्रको चाकरी प्रथा तथा राणाकालमा तराइका जमिनदारहरुले गरीबहरुमाथि गरेका शोषणको उग्र रूप उपन्यासमा आएको छ । पञ्चायतको विरुद्ध चलेको जनमत आन्दोलनमा नालायनी र स्मिता पनि सहभागी भएका छन् ।

नालायनी यौन तृप्तिका लागि आफ्नै सात वर्सिय भदा अचललाई वलिष्ट पुरुषको रुपमा हेर्ने, उसको मोजा खोकीलामा राख्ने, बारम्बार सुँघ्ने मसार्ने गर्छिन् । उनमा ब्रान्डी खाने नराम्रो लत बस्छ । बारीमा तरकारी टिप्ने निहुँले पसेर गोलभेडा, हरिया चिचिला

खुर्सानी, रामतोरीया, मूला, कागती टिपेर डोल्सी भर्छिन् । राता नभएका हरिया खुर्सानीलाई अचलसँग दाजेर कुटुकुटु टोक्दै यौनानन्द लिन्छिन् । आफ्नै औंठी रामतोरीयाको चिचिलामा घुसारेर सन्तुष्ट हुन्छिन् । बारम्बार औठीसँग खेल्ने चोरेर ल्याएका सामान वाकसमा थन्क्याउने जस्ता क्रियाकलाप उनी पटक-पटक दोहोऱ्याइ रहन्छिन् । यसले उनमा भएको यौन अतृप्तिका कारण उत्पन्न भएको कुण्ठालाई देखाउँछ ।

नालायनीमा बढ्दै गएको यौन अतृप्तिका कारण उनी विकृत भन्दा बिकृत मार्ग तिर जाने हो कि ? उनमा भएको यौन कुण्ठाले अप्रिय घटना निम्तिन्छ कि भन्ने आशंका उत्पन्न हुन्छ । आफू नाङ्गै भएर ऐनामा उभिनु, बढी शृङ्गार पटारमा व्यस्त हुनु ब्रान्डी, ह्वीस्की सेवन गर्नु, आपराधिक मनोवृत्ति वढेर आफ्नै भदालाई वलात्कार गर्ने सोचाइ उत्पन्न भई वलात्कारको स्थितिमा पुग्नु जस्ता यौन मनोविकृतिको उग्ररूप नालायनीमा देखिन्छ । द्वन्द्वको विकास पनि यही भागमा प्रसस्त भएको छ । नालायनीमा आन्तरिक द्वन्द्व प्रष्ट रुपमा देखिन्छ । यिनी विधवी भएर पनि पत्नी हुन नपाउदै लोग्ने मरेको हुँदा आफू विधवी नभएको ठान्छिन् तर समाज यो स्वीकार्न तयार हुँदैन तसर्थ नालायनी आफूलाई विधवी वनाउने समाजलाई नै बिधवा ठान्छिन् । अर्को विहेको लागि पारिवारिक स्वीकृति हुँदाहुँदै पनि बिहे गर्न भने चाहन्नन् । नालायनीको जीवनले नयाँ मोड लिने सङ्केत नदेखिनुका साथै देशको राजनीति पनि अफठ्यारो स्थितिमा रहेको छ । देशमा सत्याग्रह चल्छ, जनमत सङ्ग्रह हुन्छ र राजनीतिक रुपमा देशले निकासा पाउदैन । राजनीतिका विकृत रूपहरु देखिन्छन् । प्रजातन्त्रका नाममा कम्युनिष्टको राजनीति गर्नेहरुले देशमा राजनीतिक दुर्गन्ध फैलाउछन् ।

अन्ततः नालायनीले बिस्तारै आफू भित्रको नैतिक बलद्वारा विकृत उन्मुख मानसिकता माथि विजय प्राप्त गर्छिन् । पारिवारिक रुपमा सिन्दुरको स्वीकृति प्राप्त हुन्छ । यसबाट नालायनीले सामाजिक रुपमा विजय प्राप्त गरेको महसुस गर्छिन । स्मिता नालायनीलाई साहास र उत्साह थपिदिन्छिन् नालायनीमा कत्ति पनि पश्चाताप हुन दिन्नन् । एक मनोचिकित्सकले जस्तै साहास र उत्साह स्मिताले नालायनीलाई दिन्छिन् । नालायनीलाई अतीतका आफ्ना वैधव्य जीवनमा आफूले गरेका अस्वभाविक तथा विकृत कार्यहरु प्रति वितृष्णा जागेको छ । उनमा कर्मशील बन्नुपर्छ भन्ने चिन्तनको विकास भएको छ । राजनीतिमा आफू संलग्न रहेर देशको राजनीतिक छवि सुधार्नु पर्छ भन्ने अठोट गरेकी छिन् । स्मिता र नालायनीले राजनीतिक रुपमा विकृत चरित्र सौम्यराजलाई (स्मिताको वालसखा) विकृत राजनीति नगर्न सम्झाएका पनि छन् ।

नालायनीले आफूलाई पूर्ण रुपमा नियन्त्रण गरी अध्ययनमा ब्यस्त बनाएकी छिन् । विश्व साहित्यका विभिन्न पुस्तक पढेर शिक्षा प्राप्ति तिर आफूलाई उत्मुख गराउदै लगेकी छिन् । नालायनी र स्मिताका परिवारले स्वतन्त्र र बौद्धिक राजनैतिक चिन्तन गर्छन । देशमा बढेको राजनैतिक अराजकताप्रति बौद्धिक पात्रहरू चिन्तित देखिन्छन् । देश भ्रमणका क्रममा नालायनी र स्मिताले समग्र नेपालीहरूको पीडालाई प्रत्यक्ष अनुभव गर्छन । उनीहरूमा आफूहरू शिक्षित भएको नाताले देशको लागि केही गर्ने चाहना हुन्छ । राष्ट्रका लागि आफूले केही गर्ने अठोटको परिणाम ‘पूर्व पश्चिम हिमसागर’ पुस्तकालयको स्थापना गर्छन । नालायनी आफ्नै सन्तानको रूपमा पुस्तकालयको संवर्द्धन र संरक्षणमा लाग्छिन् । उपन्यास उद्देश्य प्राप्तितिर मोडिन्छ ।

पुस्तकालयको बौद्धिक प्राज्ञिक नेतृत्व दिने तिन प्रमुख पात्रहरू देशको राजनीतिक वातावरण पवित्र पार्न चाहन्छन् । पुस्तकालयको वृहत गोष्ठीमा समेत संविधानको संसोधनको लागि आयोग गठन गरिनुपर्नेमा जोड दिइन्छ । देशमा उज्यालोको संकेतहरू देखापर्छन । सौम्यराजहरू बिलाउँदै जान्छन् । स्मिताको छोरी दिव्या र सौदामिनीको छोरो अचल वैवाहिक जीवनमा बाँधिन्छन् । त्रिदेवीहरू देशभ्रमण गर्दै नयाँ नयाँ यथार्थ बटुल्दै जान्छन् । यहाँसम्मको कथानक उपन्यासमा मध्य भागको रूपमा आएको छ ।

उपन्यासको अन्त्य भागमा आइपुग्दा स्मिता क्यान्सर रोगबाट थलिएपनि पुस्तकालयको सम्पूर्ण जिम्मेवारी नालायनी लिन्छिन् । राजनीतिक विकृतिको रूपमा देखिएको सौम्यराजले हार खाएको छ । तिन नारीहरुले स्थापना गरेको पुस्तकालयमा सहयोग गर्न चाहेर पनि ऊ सहयोग गर्न सक्दैन । तिनका अगाडि पर्न नसकेकाले आफैंलाई घृणा गर्दछ । स्मिताको छोरो उतङ्कको वैवाहिक जीवन सुरु हुन्छ । स्मिताको क्यान्सर रोगका कारण निधन हुन्छ । मृत्यु संस्कारको झन्झटिलो परम्परालाई यिनीहरूले त्याग्छन् । सौदामिनी र नालायनी विश्रामहीन आफ्नो कार्यमा जुटिरहन्छन् । भ्रमणप्रिय दुइ नारी हिमाली क्षेत्रको भ्रमणमा निस्किन्छन् । तिनीहरूका उत्तराधिकारीको रूपमा दीव्या, शैलु, र मेना नयाँ त्रिदेवीका रूपमा आउँछन् । अन्नपूर्ण हिमालमा अवस्थित मुक्ति क्षेत्रको तिलिचो तालतर्फ प्रस्थान गरेका सौदामिनी र नालायनी आफ्नो आस्थाकी अस्मिता भट्ने हतारोमा पाइला चालिरहन्छन् । यिनीहरूको अवसान कति बेला हुन्छ  थाहै नपाइ उपन्यास टुङ्गिन्छ । यसरी उपन्यासमा घटना क्रमहरूको शृङ्खला रैखिक ढाँचामा अगाडि बढेर टुङ्गिएको छ ।

## ३.३ त्रिदेवी उपन्यासको कथावस्तु

**कथानक**

उपन्यास संरचनामा आवश्यक पर्ने विभिन्न तत्त्वहरू मध्ये कथानक एक महत्त्वपूर्ण तत्त्व हो । कथानकले नै उपन्यासको मूल ढाँचा निर्माण गर्ने काम गर्दछ । यो उपन्यासको कङ्काल हो । कथावस्तुको प्रस्तुतिको कममा देखापर्ने घटनाकमहरूको योजनाबद्ध र व्यवस्थित प्रस्तुति तथा कार्य व्यापार नै कथानक हो । (बराल, एटम, २०५६:२८) यो पात्र र उद्देश्यसँग घनिष्ट भएर आएको हुन्छ । मुख्य गरी उपन्यासकारले इतिहास, यथार्थमूलक अनुभव, मिथक, रागात्मक सौन्दर्य स्वैर कल्पना आदिलाई स्रोतका रूपमा ग्रहण गरी उपन्यासको कथानक निर्माण गर्दछन् । त्यसै गरी कुनै उपन्यासले रैखिक ढाँचालाई अँगालेको हुन्छ भने कुनैले वर्तुलाकारको ढाँचा अवलम्वन गरेको हुन्छ । **त्रिदेवी** उपन्यासको कथानकको निर्माणमा घटनाहरू शृङ्खलित रूपमा अगाडि बढेका छन् । यो चरित्र प्रधान उपन्यास हुनाले कथावस्तुले मात्र नभई चारित्रिक कार्यकलापले समेत कथानकको रूप लिएको छ । मूलतः यसको कथावस्तु चरित्र केन्द्रित भएकोले  प्रमुख, सहायक, गौण  जस्ता विभिन्न भूमिका निर्वाह गर्ने पात्रहरूको कार्यव्यवहार कथा, उपकथाका रूपमा उद्घाटित भएका छन् ।

**त्रिदेवी** उपन्यासमा सामाजिक विषयवस्तु, वैचारिक र पैाराणिक सन्दर्भहरू तथा गौण मनोविज्ञान समावेश गरिएको छ ।  साथै राजनीतिक छुद्रता तथा आर्थिक शोषणका माध्यमबाट नेपालको समसामयिक परिस्थितिको यथार्थ चित्रण समेत गरिएको छ । यो

उपन्यासले नारी अस्मिताको केन्द्रविन्दुमा रहेर मानव जीवनका प्राचीन र अवार्चीन मूल्यहरूलाई कलात्मक अभिव्यक्ति दिन सफल भएको छ। (उन्नयन,१६)

उपन्यासको आरम्भ 'आगो, आमा, नालायनी' नामक परिच्छेदबाट गरिएको छ भने 'अन्नपूर्णाको तिलिचो' नामक परिच्छेदमा समापन गरिएको छ। यस उपन्यासको कथानकको आरम्भ बौद्धिक पात्रहरूको परिचय, बौद्धिक चिन्तन र जीवन अनुभूतिसँगै गाँसिएको छ। पुराकथा अनुसार प्रमिथसले स्वर्गबाट पृथ्वीमा आगो ल्याएको थियो । वायु पुत्र हनुमान जन्मने बित्तिकै सूर्य समात्न आकाशतिर उठेका थिए। यो काम नारीबाट किन हुन सकेन ? उर्वशी र अञ्जनालाई यो काम किन गर्न लगाइएन ? यस जिज्ञासा प्रति शम्भु थापाको तर्क थियो, पूर्व पशिचमका पुरा कथाहरू मातृसत्ताको खरानीबाट पितृसत्तात्मक समाजका पण्डितहरूले रचेका हुनाले त्यहाँ सबै काम पुरुषद्धारा गराइएको देखिन्छ। तर प्रस्तुत उपन्यासका प्रमुख पात्रहरू शम्भु थापाको कुरा सजिलै मान्न तयार हुँदैनन्। यिनले पूर्व र पशिचमका मान्यताहरूको सारको रूपमा पहिल्यैदेखि मातृप्रधान समाजको महत्व रहदै आएको र देव सेनापति कार्तिकेयको जन्म सप्त मातृकाबाट हुन गएको उदाहरण प्रस्तुत गरेका छन्। कुनै न कुनै रूपमा पूर्व र पशिचममा पनि नारी श्रेष्ठता र मातृसत्ताको अस्तित्व रहेको बौद्धिक अनुमान व्यक्त गरेपछि कप्तान शम्भु थापा तथा सुद्युम्नले पनि यसमा सही थापेका छन्। नारीलाई देशको संस्कृति तथा सृजनात्मक व्यक्तिको रूपमा देखाइएको छ। देशको विकास गर्नमा नारीहरू नै अग्रसर रहनुपर्दछ भन्ने निष्कर्षमा शम्भु थापाले जोड दिएका छन्।

मातृसत्ता र पितृसत्ताका कुरा हुँदाहुँदै छलफलले राजनीतिक विषयभित्र प्रवेश गर्दछ। २०४६ सालमा पाकिस्तानको तानाशाही शासनको प्रभाव नेपालमा समेत परेको स्मरण गर्छन उपन्यासका प्रमुख तिन विदुषी नारीहरूले आफूहरू पनि नारीको हैसियतले जागृत रहने र  नेपालको अप्रजातान्त्रिक परिपाटी विरुद्ध खुलेर लडने प्रतिबद्धता व्यक्त गर्दछन्।

१९वर्षको उमेरमा इन्जिनियरिङ पढ्दै गरेका होनाहार व्यक्तित्व श्यामसँग विवाह भएर विवाहको पर्सिपल्टै विधवा हुन पुगेकी नालायनीमा वैधव्य जीवनले गर्दा केही मनोवैज्ञानिक असरहरू देखिन्छ। वैधव्यका दिनहरू पार गर्दै  आएकी नालायनी सधैं पहेंलो गोपी चन्दनमा सिंगारिंदै सन्तुष्ट हुने गर्दछिन्। एक दिन उनलाई बिहेको सिन्दुरले झस्काइदिन्छ। उनी सिन्दुर लगाउँछिन् तर नैतिकता, सामाजिक मूल्य र मान्यताले उनलाई पोल्न थाल्दछ। उनी पुनः गोपीचन्दन भित्र सिन्दुर लगाउँछिन्। उनमा मानसिक वेचैनी बढ्न जान्छ। मनोवैज्ञानिक रूपमा असामान्य व्यवहारहरू हुँदै जान्छन्। ऐनामा पटक पटक आफूलाई नङ्ग्याउने, सात वर्से भदा अचलको मोजा खोकिलामा लुकाउने, अन्य पुरुषका शृङ्गारका सामान चोर्ने लुकाउने र आफ्नो कोठामा सजाउने, ब्रान्डी खाने भदा अचललाई समेत झुक्याएर ब्रान्डी खुवाउने, सात बर्से भदालाई बलात्कार गर्ने स्थितिमा समेत पुग्ने क्षण निम्तिन्छ। तर अन्त्यमा आफूमा भएको  बलियो नैतिक चेतनाका कारण उनी पूर्ण रूपमा सम्हालिन्छिन्। स्मितालाई आफ्नो सम्पूर्ण कुरा भनेर उनकै सहयोग र साथमा आफ्नो जीवनलाई सकारात्मक बनाउँछिन्। उनको सिन्दुरको टीकाले पारिवारिक स्वीकृति प्राप्त गर्दछ। यो नै सामाजिक स्वीकृतिको संकेत हुन्छ। उनको विचलित मनलाई स्मिताले सान्त्वना दिदै अघि बढ्ने बाटो देखाउँछिन्। यसपछि नालायनीले नेपालको राजनीतिक

परिवर्तको लागि आफूलाई पूर्ण रूपमा संलग्न गर्ने अठोट लिएकी छन् र वाञ्छित सफलता पनि प्राप्त गरेकी छिन्। यस कुरालाई उपन्यासले रोचकताका साथ प्रस्तुत गरेको छ।

यसरी पहिलो परिच्छेदमा उपन्यासभित्रका सम्पूर्ण घटना र चरित्रको झलक दिएर दोस्रो खण्डबाट उपन्यासमा अतीतावलोकन शैलीद्धारा पूर्व घटनाहरू प्रकाशमा ल्याइएको छ। एक परिच्छेदपछि अर्को परिच्छेसंग सम्बन्धित शीर्षकबाटै उपन्यासको कथावस्तुलाई गति प्रदान गर्ने कार्य गरिएको छ। उपन्यासकी प्रमुख नारी पात्र नालायनीको सम्पूर्ण नालीवेली सुमङ्गली बधु शीर्षकमा समावेश गरिएको छ। जनमत संग्रहको शेषसँगै कथित वामपन्थीहरूले पञ्चायतकै समर्थन गरेर नेपालीको प्रजातान्त्रिक चहनामाथि आघात पुऱ्याए। तत् पश्चात नेपाली कांग्रेसले प्रजातान्त्रिक संङ्घर्षको रूपमा सत्याग्रह गऱ्यो। आतङ्कवादीहरूको गैर जिम्मेवारीपूर्ण विध्वंसात्मक कार्यले गर्दा सत्याग्रह स्थगित भयो। करिब दुई वर्सभित्रै फेरि प्रजातान्त्रिक आन्दोलन सुरु भयो। प्रजातन्त्रवादीहरूले मुलुकलाई दासताबाट माथि उठाएर सार्वभौम शक्ति सम्पन्न नागरिक बनाउन आफ्नो जीवनको आहुती दिए। मुलुकमा प्रजातन्त्रको स्थापना भयो। यस महान अभियानमा त्रिदेवीका तिन महान विदुषी नारीहरू कायेन वाचा मनसा समर्पित भए। (उन्नयन १६)

प्रजातन्त्र आउनुपूर्व तराइका जमिनदारहरूले गरिबमाथि शोषण र अत्याचार गरेको यथार्थ पनि उपन्यासभित्र पाइन्छ। देशका प्रजातन्त्रको लागि वि.सं २०४२ सालमा सत्याग्रह र वि.सं २०४६ सालमा ऐतिहासिक जनआन्दोलन हुँदा कैयौं व्यक्तिको ज्यान गइसकेको हुन्छ। यसरी कैयौं व्यक्तिले ऐतिहासिक जनआन्दोलन हुँदा ज्यान गुमाउँछन्। देशमा प्रजाजतन्त्रको पुनस्थापना हुन्छ तर प्रजातन्त्रपछि देशमा बकुल्ला र कागहरूले नयाँ प्वाँख फेरिसकेकाले जनताले केही राहत महसुस गर्न पाएका हुदैनन्। कुनै पार्टी र संगठनमा संलग्न नरहेका स्मिता र नालायनीका परिवारले स्वतन्त्र बौद्धिक राजनैतिक चिन्तन गर्दछन्। नालायनी र स्मिताको देश भ्रमणका क्रममा यिनीहरूले नेपालीहरूका पीडाबोध गर्ने मौका पाउँछन्। नेपालीहरूको दिनहिन अवस्थाप्रति सरकारले कुनै चासो नराखेकोमा यिनीहरू दुखी छन्। यो भन्दा पनि दुखी त झन आफ्नो तर्फबाट केही गर्न नसकेकोमा हुन्छन्। नालायनी, स्मिता र सौदामिनी यी तिन नारीहरू आफ्नो शिक्षालाई उपयोग गरेर देशका लागि केही गर्ने अठोट गर्दछन्।

राजनीति भित्रको विसंगत पक्षको प्रतिनिधित्व उपन्यासको पुरुष पात्र सौम्यराजले गरेको छ। पञ्चायतकालमा नक्कली कम्युनिष्ट बनेर पञ्चायतलाई सघाउने सौम्यराज प्रजातन्त्र पछि पनि भूमिगत कम्युनिष्ट पार्टीसँग संलग्न देखिन्छ। प्रजातन्त्र पछि पनि यसरी भूमिगत पार्टीमा बसिरहने कम्युनिष्टहरू प्रति उपन्यासकारको तीव्र व्यङ्ग्य पाइन्छ। सौम्यराज अझै प्रजातान्त्रिक चुनावमा पनि उम्मेदवार बन्दछ र विजयी समेत हुन्छ। ऊ मौकाको ताकमा बस्ने अवसरवादी नेताको प्रतिबिम्ब हो। यस्तो व्यक्तिलाई उम्मेदवारी दिनु पार्टीहरूको जथाभावी तन्त्र हो भन्ने संकेत उपन्यासमा पाइन्छ।

तत् पश्चात उपन्यासको गति उत्कर्षबाट चरमोत्कर्षतिर लम्किएको देखिन्छ। उपन्यासकी प्रमुख पात्र नालायनीको स्वभावमा निकै ठुलो परिवर्तन आउँछ। जुन उनको वैधव्यताले निम्त्याएको थियो। उनी आफूलाई सामाजिक सेवामा सर्मपित गर्ने कार्यतिर लम्किनका लागि स्मिता र सौदामिनीलाई साथ लिन्छिन्। उनमा पूर्व पश्चिम हिमसागर

पुस्तकालय खोलेर सम्पूर्ण जीवन देश र महिला जातिहरूका लागि सुम्पिनुपर्दछ  भन्ने ज्ञान प्राप्त हुन्छ ।

तसर्थ उपन्यासले कथानकको रूपमा शम्भु थापा, सुद्युम्न, सौम्यराज आदि पुरुषपात्रहरूको पारिवारिक पृष्ठभूमि सहित चरित्र वर्णन गरेको छ यस सन्दर्भमा नालायनीको वैधव्य जीवनलाई केन्दीय भूमिका प्रदान गरेको छ। नालायनीको वाराणशीमा पढ्दापढ्दै १९ वर्षको उमेरमा श्यामसँग विवाह भएको छ।  उनी विवाहको पर्सिपल्टै विधवा समेत बनेकी छिन्। उनको यही वैधव्य जीवनलाई सामाजिक बौद्धिक हिसाबले उपन्यासमा बडो सफलताकासाथ प्रस्तुत गरिएको छ। उनमा वैधव्यताले निम्त्याएको मनोवैज्ञानिक समस्यालाई अझ कारुणिक र मार्मिक रूपमा प्रस्तुत गरिएको छ  । अन्य नारी पात्रहरू स्मिता र सौदामिनीको सामाजिक बैद्धिक जीवनलाई पनि विशेष महत्व दिइएको छ। यसरी हेर्दा उपन्यासले घटनाको रूपमा जीवनका आवश्यक विविध पक्षहरूलाई समेट्नुका साथै पूर्ण रूपमा अभिव्यक्त गरेको छ। तर कथावस्तुको अन्त्य हुने अवस्थातिर स्मिताको क्यान्सर रोगबाट मृत्यु भएको देखाइएको छ। नालायनी र सौदामिनीले पनि आफ्नो संघर्षपूर्ण जीवन मुक्ति क्षेत्रस्थित त्रिलोचन सरोवर अर्थात अन्नपूर्णको तिलिचोमा लगेर विर्सजन गरेका छन्।

**त्रिदेवी** उपन्यासले घटना वा कथानक शृङ्खलालाई आनुक्रमिक वा सङ्गठित रूपमा प्रस्तुत गरेको छ। यस उपन्यासको कथानक रचनामा प्रस्तुत घटना विस्तार र पात्रका मनोवैज्ञानिक चरित्र विश्लेषणको समन्वयले आकार विस्तारमा सहयोग पुऱ्याएको छ। यस उपन्यासको घटना संरचना रैखिक ढाँचामा देखिन्छ। एक निश्चित विन्दुबाट अर्को बिन्दुतिर विकसित हुँदै आदि, मध्य र अन्त्यभित्र आवद्ध रहेको छ। उपन्यासको कथानक रचनामा घटनाको स्वरूप सापेक्ष वैचारिक द्वन्द्वको सफल निर्वाह पाइन्छ। घटना विस्तारमा  प्रारम्भ मध्य र अन्त्यको युक्ति मिलेको छ।  रचना सङ्गतिका दृष्टिले आवश्यक प्रारम्भिक पृष्ठभूमि, द्वन्द्व सृजना विस्तार र परिसमाप्ति जस्ता तत्त्वहरूको पनि उचित निर्वाह रहेको छ।

## ३.४ पात्र वा चरित्र चित्रण

उपन्यासभित्र कुनै विशेषता वा उपन्यासलाई व्यवस्थित रूपमा हिडाउन प्रयोग गरिने मानव वा मानवेतर प्राणीलाई पात्र वा चरित्र भनिन्छ। उपन्यासलाई गति प्रदान गर्ने महत्वपूर्ण तत्व नै पात्र वा चरित्र हो । उपन्यासको कथानकलाई डोयाएर व्यवस्थित रूपले अगाडि बढाउने काम पात्रले नै गर्दछ। (बराल, एटम, २०५६:३०) तसर्थ उपन्यासमा चरित्रको महत्वपूर्ण स्थान रहेको हुन्छ। उपन्यासभित्र विभिन्न प्रकारका  चरित्रहरूको प्रयोग गरिएको पाइन्छ। अर्न्तमुखी, बहिर्मुखी, गोला, च्याप्टा, सार्वभौम, आञ्चलिक, पारम्परिक, मैालिक, गतिशील, गतिहीन आदि विभिन्न प्रकारका चरित्र हुन्छन्। अर्का तर्फ उपन्यासले मानव पात्रलाई मात्र होइन मानवेतर पात्रलाई पनि स्थान दिएको हुन्छ। लिङ्गका आधारमा स्त्री, पुरुष, कार्यका आधारमा प्रमुख, सहायक, गौण, प्रवृत्तिका आधारमा अनुकूल प्रतिकूल, जीवन चेतनाका आधारमा वर्गीय र व्यक्तिगत, आसन्नताको आधारमा मञ्चीय र नेपथ्य, आवद्धताको आधारमा बद्ध र मुक्त गरी उपन्यासमा पात्रहरूको भूमिका निर्धारण गरिएको हुन्छ।

**त्रिदेवी** उपन्यास विभिन्न खाले पात्रहरूको जमघट भएको उपन्यास हो । यसलाई बहूपात्रीय उपन्यासको रूपमा लिन सकिन्छ । यसमा प्रमुख चरित्र लगायत साठी पात्रहरू दृश्य, अदृश्य र सकिय तथा निष्क्रिय रूपमा उपन्यासभित्र सामेल छन् । उपन्यासमा बहु नायकत्व प्रदान गरएिको छ । कथानक तथा मूल कथानकलाई थुप्रै पात्रहरूद्धारा अगाडि बढाइएको छ । उपन्यासका प्रमुख तिन नारीपात्रहरू नालायनी, स्मिता र सौदामिनी हुन् । उपन्यासका सहायक पुरुष पात्रहरूमा सुद्युम्न, शम्भु थापा, सौम्यराज रहेका छन् भने अन्य पात्रहरूमा धिताल बाजे, मायाबज्यै, छुचुन्द्री मेना, शैलु, उत्तङ्ग, दिव्या, अचल श्याम आदि हुन् । यी बाहेक नेपथ्यमा धेरै पात्रहरू गौण रूपमा आएका छन् । सकारात्मक तथा नकारात्मक दुबै किसिमका पात्रहरूको सङ्गम रहेको छ । तसर्थ यस उपन्यासमा प्रमुख र सहायक भूमिका निर्वाह गर्ने पात्रहरूको चरित्र चित्रणलाई यहाँ केलाउने प्रयास गरिएको छ ।

**३.४.१ प्रमुख पात्र**

**त्रिदेवी** उपन्यासमा बहूनायको प्रयोग गरिएको छ । प्रमुख भूमिका भएका तिन पात्रहरू छन् । तिनलाई निम्न अनुसार प्रस्तुत गरिएको छ ।

**क) नालायनी**

**त्रिदेवी** उपन्यासका प्रमुख तिन नारी पात्र मध्येकी एक देवी नालायनी हुन् ।आफ्नो नाम नारायणी भए पनि नालायनी भनिन रुचाउने नालायनी काठमाडौबासी मेजर मनबहादुरकी कान्छी छोरी हुन् । वाराणशी विश्व विद्यालयमा पढ्दा पढ्दै उन्नाईस वर्सको उमेरमा आफैँद्वारा रुचाइएका वनारसवासी सहपाठी श्यामसँग यिनको विवाह हुन्छ । एक रात पनि पत्नी हुन नपाउँदै विवाहको पर्सिपल्ट उनी अकस्मात विधवा हुन पुग्छिन् । पोइ टोकुवा भनेर सासूले नसहदा उनी माइतमा नै बस्न थाल्छिन् । दाजुको सहयोगमा वाराणसीमा बसेर थप एक वर्षको अध्ययन पुरा गरी पुन काठमाडौंमा दाजु भाउजूको साथमा बस्दै आएकी छन् । कुनै दल विशेषसँग सम्बन्धित नभए पनि उनी मुलुकमा प्रजातन्त्रको लागि भएको जनमत संग्रहमा र वि.सं २०४२ मा भएको सत्याग्रह अनि २०४६ सालमा भएको आन्दोलनमा सहभागिता जनाउँछिन् । बुढी भएकी आमालाई समय अनुसार रामायण, स्वस्थानी र पुराणका कथा सुनाएर वैधव्यका प्रारम्भिक दिनहरू बिताउँछिन् । उनी आफ्नो सानो भदा अचललाई लिएर सुत्ने गर्छिन् । उनको दिनचर्या यसरी नै बितेको छ । नालायनीको चरित्र मनोविज्ञानमा आधारित छ। प्रारम्भमा उनको चरित्र मनोविकृत देखापर्छ । उनी लोग्ने मान्छेले प्रयोग गर्ने वस्तु सबैका आँखा छलेर लुकाउने, घरमा ल्याई खेलाउने अनि पछि अपराधबोधले ग्रस्त हुने गर्छिन् । आफ्नै सात वर्से भदा अचलको मोजा ब्राभित्र लुकाउने, दाजुको काइँयो, शैलुको लोग्नेको सिंगार पाइप, सुद्युम्नको टाई र ल्वाङ खाने बट्टा चोरेकी छन् । यी सबै उनले अवचेतन मनको इसारामा यौन तृप्तिको लागि गरेकी हुन् भन्ने बुझिन्छ । चेतन अवस्थामा उनी आफैसँग प्रश्न गर्छिन् । मलाई नपुग्दो के छ र ? किन मैले चोरें ? के हुने गरेको छ मलाई ? (पृष्ठः९२) उनले आफ्नो औंठी रामतोरियाको चिचिलामा झुन्ड्याएर यौन तृप्ति मेटेकी छिन् । उनमा भएको दमित कुण्ठित कामेच्छा प्रबल हुदै जाने गरेकाले उनलाई अज्ञात रूपमा उन्मादको अवस्थातिर डोहोरिदै जान्छिन् । नाालायनी विधुवा भए पनि उनमा सिंगार पटारको शोख भने कायमै छ । उनी आफूलाई तिन पाटे ऐना अगाडि बसेर सिंगार्दछिन् । आफ्नो यौवन र सौन्दर्य देखेर आफै

लट्ठ हुन्छिन् । आफू विवाहित भए पनि कुमारी नै भएकोमा गर्व गर्छिन् । उनलाई गोपीचन्दनको ठाउँमा सिन्दूर लगाउन मन लाग्छ । वस्तुतः उनी आफ्ना मृत श्यामको स्थानमा भदा अचललाई स्थापित गरेर एक स्वस्थ तरुनी नारीले पुरुषको सहचार्यबाट प्राप्त गर्न सक्ने सुख प्राप्त गरी सन्तोष लिन्छिन् । यौनोन्माद बढ्दै जाँदा ह्वीस्कीमा समेत उनको लत बस्छ । त्यस्तै एक रात आफ्नो भदालाई बलात्कार गर्ने सोचमा पुग्छिन् । तर उनमा उच्च नैतिक बल हुनाले तत्कालै समालिन्छिन् । यसपछि नै नालायनीमा एकाएक परिवर्तन देखिन्छ । उनमा कामवासना मूलक आवेगले गर्दा अनुचित व्यवहार देखिए पनि उनमा प्राज्ञिक व्यक्तित्व प्रखर छ । अन्तमा उनी जीवनको नियतिसँग सम्झौता गरी आध्यात्मिक उन्नतितर्फ लाग्छिन् ।

नालायनी यस उपन्यासकी प्रमुख पात्र हुन् । उनी उपन्यासकी वर्गीय, मन्चीय, गतिशील तथा बद्ध पात्र हुन् । उनमा बौद्धिक परिपक्वता छ । राजनीतिक सचेतना छ । नेपालको राजनीतिमा जतासुकैबाट हल्का प्रभाव बटुलेर मूलुकलाई बुझ्ने चृष्टा नगरी टपरटुइँया गफमाथि बुद्धि अड्याएर प्रजातान्त्रिक नेपालको निर्माण गर्छु भन्ने राजनेताहरूको भनाई ( पृ.२३०) ले उनी राजनीतिप्रति विरक्त छिन् । अहिले नेपालको राजनीतिमा स्वतन्त्र चिन्तनको ठुलो आवश्यकता छ ( पृ.२२९) भन्ने स्मिताको कुरामा नालायनी सहमत छिन् । उनमा आधुनिक विचार छ । उनी बैधव्यपूर्ण जीवन यापन गर्न वाध्य भए पनि साडीसित रातो सिन्दुरमा सजिएर परिवारका सदस्य सामु उपस्थित हुन्छिन् । उनी अध्ययनशील र सुशिक्षित नारी हुन् । उनी भ्रमणप्रिय पनि छिन् । भमण गरेर नै उनले अनेक अनुभवहरू बटुलेकी छन् । यिनी उपन्यासकी वर्गीय, मञ्चीय तथा गतिशील पात्रका रूपमा चिनिन्छिन् ।

**ख) स्मिता**

स्मिता मेजर मनबहादुरको कारिन्दा तथा कृष्णध्वजकी छोरी हुन् । उनी **त्रिदेवी** उपन्यासकी दोस्रो प्रमुख नारी पात्र हुन् । उनी एक त्यागी पात्रको रूपमा चिनिन्छिन् । उनी शिक्षित हुनुका साथै प्राध्यापन पेसामा संलग्न छिन् । उनी सधै दोस्रो व्यक्तिको सुख र समृद्धिको लागि प्रयासरत रहन्छिन् । जीवनमा आफू सग्लो भएर बाच्नुपर्दछ भन्ने उनको धारणा रहेको छ । उनी नालायनीकी अन्तरङ्ग सखी हुन् । उनी नालायनीलाई सुमार्गमा डोहोऱ्याउने पथप्रदर्शिकाको रूपमा चिनिन्छिन् । उनले सकेसम्म सौम्यराजलाई पनि सुमार्गमा डोहोऱ्याउने प्रयत्न गरेकी छिन् । उनी कर्मशील हुनुका साथै उनको कर्मको यात्रा पूर्ण भएको छ । जीवनदेखि कहिल्यै हरेस नखाने, मृत्युदेखि नडराउने, उल्टै मृत्युको छाँया आफैँसँग हिडिरहेको ठान्ने आत्मविश्वासी व्यक्तिको रूपमा स्मितालाई लिन सकिन्छ । राजनीतिक चिन्तनमा समेत उनको विशेष झुकाब रहेको छ । उनले वि.सं २०४२ सालको सत्याग्रह तथा वि.सं २०४६ को जनआन्दोलनका बेला प्राध्यापकवर्गद्वारा आयोजित विरोध सभा र साहित्यकारहरूद्वारा मुखमा कालो पट्टी बाँधेर गरिएको सांकेतिक विरोध प्रर्दशनमा भाग लिएकी छिन् । सोको कारण उनी सुद्युम्न र नालायनीका साथ एक रात प्रहरी हिरासतमा समेत परेकी छिन् । उनी सौन्दर्य सहनशील क्षमा, दया, करुणा, ज्ञान, कर्मपरायणताको प्रतिमूर्ति बनेर उपन्यासमा पस्तुत भएकी छिन् । उनको आफ्नो व्यक्तिगत महत्वाकांक्षा छैन । क्यान्सरले पीडित हुँदा पनि उनी कसैलाई दुख दिन चाहन्नन् । उनी

नालायनीलाई भन्छिन् "सुत नै निखिसकेको दियोमा तेल थपेर के गर्छेस् नानी ?"(पृष्ठ २९२) अन्तिम अवस्थामा उनी जीवनबारे याज्ञवल्क्यका विचारबाट अनुप्राणित हुन्छिन्। जीवनका जे गरियो त्याग निम्ति नभएर आफू निम्ति आफ्नै आनन्द र सन्तोष निम्ति गरियो र त्यसबाट कसैलाई हानी नभएर लाभै भयो होला भन्ने उद्‌गार प्रकट गर्दछिन्। तसर्थ उपन्यासमा स्मिता पनि एक प्रमुख नारी पात्र हुनुका साथै असल त्यागी पात्रका रूपमा उभिएकी छिन्। उनी उपन्यासकी बद्ध पात्र हुन्। उनले उपन्यासमा करुणाकी खानी तथा करुणाकी प्रतिमूर्तिकी रूपमा रहेर उपन्यासलाई गति प्रदान गरेकी छन्।

**ग) सौदामिनी**

उपन्यासकी तेस्री देवी अर्थात् प्रमुख तृतीय नारी पात्रको रूपमा सौदामिनीलाइ लिन सकिन्छ। आमा बाबु नभएकी मामा माइजूबाट उचित पालन पोषण पाई हुर्किएकी र शम्भु थापाकी जीवन सङ्गिनीकी रूपमा रहेकी सौदामिनी यस उपन्यासमा एक शिक्षिता नारीका रूपमा रहेकी छन्। उनी असल गृहिणी र उपन्यासकी प्रमुख पात्र नालायनीकी कुशल अभिभावक हुन्। तीक्ष्ण बुद्धि भएकी नारी पात्रको रूपमा यिनलाई लिनु पर्दछ। यिनको स्वभाव निश्छल र स्पष्ट वक्ताको रूपमा यिनलाई लिन सकिन्छ। उनी अध्ययनशील छिन्। देश दर्शन तथा भ्रमणमा उनको रुचि रहेको छ। उनी राजनीतिक रूपमा पनि चेतनशील छिन्। आफ्नी नन्द नालायनीलाई सुखको लागि पुर्नःविवाह गर्ने सल्लाह दिनुका साथै शम्भु थापाको छोरालाई सरह आधा अंश दिलाउन सहयोग गर्ने जनाएकी छिन्। दयामाया करुणाकी खानी सौदामिनी जीवनबारे यस्तो धारणा अघि सार्छिन्, "जीवन भनेको बडो साहसिक प्रयोग हो तर पीडा जीवनको सार होइन।" (पृष्ठ३०६)

तसर्थ उनी अत्यन्त मिलनसार, समझदारी, अत्यन्त तीक्ष्ण बुद्धि भएकी निश्छल स्वभावकी नारी प्रतिभा हुन्। उनमा ज्ञानको अथाह भण्डार लुकेर रहेको छ। उनी २०४७ सालको संविधान त्रुटिपूर्ण रहेको बताउँछिन्। उनको यस्तो तर्क सुनेर शम्भु थापाले भनेका छन् "पढेको यतिका वर्षपछि कानुन शास्त्रले तिमीमा जिब्रो पायो अचल मुआ, सय वर्षपछि एक दिन खोला पनि फर्कन्छ भन्ने आज ठिकसँग प्रमाणित गर्‍यौ।" (पृष्ठ २६३) शम्भुको यही भनाइबाट पनि सौदामिनी एक कुशल तथा विदुषी महिला भएको प्रमाणित हुन्छ। यिनी वर्गीय चरित्र हुनुका साथै उपन्यासकी मञ्चिय तथा वद्ध पात्र हुन् । समग्रमा सौदामिनीको चरित्र चित्रण गर्नुपर्दा उनी एक अध्ययनशील, भ्रमणशील, देशदर्शनमा रुचि राख्ने नारी हुन्।

**३.४.२ सहायक पात्रहरू**

**क. शम्भु थापाः**

शम्भु थापा **त्रिदेवी** उपन्यासका पुरुष पात्र हुन्। उनी उपन्यासकी प्रमुख नारी पात्र नालायनीकी दाजु तथा अर्की प्रमुख पात्र सौदामिनीकी पति हुन्। उनी उच्च खानदानी मेजर मनबहादुर थापाका छोरा हुन्। लखनउ, लण्डन र म्युनिखका विश्व विद्यालयबाट समाजशास्त्र, सैनिक विज्ञान र नेतृत्त्व विज्ञान सम्बन्धी उच्च शिक्षा प्राप्त गरेका छन्। उनको अंग्रजी तथा संस्कृत साहित्यसँग विशेष रुचि देखिन्छ। सैनिक पेशामा कप्तानबाट मेजर बनेका शम्भु थापा सैनिक विज्ञका रूपमा देखिन्छन्। सैनिक अनुशासनमा दृढ छन्।

उर्दीका पोशाक, पेटी र टोपी उनको जीवनको पर्याय जस्तै बनेका छन् । साँझमा नियमित दुइ पेग ह्वीस्की खाने, नियमित समयमा भोजन गर्ने, वागवानीमा विशेष रुचि राख्ने गर्छन । सुत्ने बेलामा नियमित पुस्तकको अध्ययन गर्ने गर्छन ।

देशको एक सैनिकको रूपमा रहेकाले उनी राजनीतिबाट टाढा छन् । उनी नालायनी र सौदामिनी समेतलाई राजनीतिबाट टाढा रहने सल्लाह दिन्छन् । उनी एक सच्चा देशभक्त सैनिक हुनुका साथै विश्वबन्धुत्वको भावना राख्ने असल विचार भएका व्यक्ति हुन् । उनी नारी सम्मान र समानताका पक्षधर देखिन्छन् । उनी राष्ट्रवादी भावना भएका सच्चरित्र हुन् । आफ्नो पेशा र कर्तव्यबाट पलायन नहुने एक कुशल सैनिकमा हुनुपर्ने सम्पूर्ण गुण शम्भु थापामा रहेको पाइन्छ । अनुशासनको कुरामा उनी भन्छन्........"तैपनि जे गर्नाले आफूलाई  कुनै नराम्रो हुँदैन त्यस्तो आफैं गर्नु वेश होइन र ?" (पृष्ठ २३१) तसर्थ शम्भु थापा अनुशासित, कर्तव्यनिष्ठ, उदार भावना भएका एक सच्चा देशभक्त सैनिक हुन् । उपन्यासमा उनी नारी अस्मिता र स्वतन्त्रतालाई बुझेर अगाडि बढेको देखिन्छ । यिनी वर्गीय पात्र हुन् । यिनले राष्ट्रसेवक सैनिक वर्गको प्रतिनिधित्व गरेका छन् उपन्यासमा यिनी सहायक पात्र भएपनि प्रमुख पात्रहरुका प्रत्येक घटना यिनीसँग जोडिएकाले यिनको उपस्थिति उपन्यासमा महत्वपूर्ण रहेको छ ।

**ख. सुद्युम्न**

जन्मथलो धनकुटा भई झापा चारआलीमा बसाइँ सरी चियाबारी र फुलबारी बनाएर बसेका हाउडे काजीका छोरा सुद्युम्न **त्रिदेवी** उपन्यासका सज्जन पुरुष पात्र हुन् । त्रिदेवीकी प्रमुख दोस्री नारी पात्र स्मिताका श्रीमान सुद्युम्नलाई कर्तव्यपरायण पतिको रूपमा लिन सकिन्छ । उनी हरक्षण हरपल स्मितालाई साथ दिन्छन । उनी उपन्यासमा  पनि नारी स्वतन्त्रताको अधिकारलाई ख्याल राख्दै अगाडि बढेका छन् । उनी महिलाहरू अब उठ्ने बेला आएको छ र अबको नेपालमा महिलाले नै केही गरेर देखाउनु पर्दछ भन्ने गर्दछन् । उनी प्राचीन मिथकमा पुरुरवा, प्रमिथस हनुमान जो सुकैलाई सर्वश्रेष्ठ पुरुषका रूपमा लिइए पनि  तिनले नदेखेका ठुलामा नारी पनि थिए भन्ने तर्क गर्छन । उनी नालायनी , स्मिता र सौदामिनीप्रति निकै श्रद्धा राख्छन् । उनी तिन नारीलाई लक्षित गर्दै भन्छन् "यी माता भूमिलाई पुरुरवाका नयाँ नयाँ आगाका फलिङ्गा चाहिएका छन् अघि बढ्ने हो भने हामीमध्ये हरेकले र सबैले आगो ल्याउन र सूर्य समात्न सक्छौं ।"(पृष्ठ ३) तसर्थ उनी आगोको उर्जा र ज्ञानको प्रकाश मानव हुनुको शर्त हो भन्दछन् । दार्जलिङ्गमा उच्च शिक्षा प्राप्त गरी उतै प्राध्यापन कार्य गरेका र पछि स्मितासँग बिहे गरे पश्चात कीर्तिपुरको वागबानीमा कार्यरत छन् । उनी बागवानीमा कार्यरत भएकाले वनस्पति शास्त्री होलान् भन्ने बुझिन्छ तर उनी किताब र कलम लिएर बस्ने पुरातत्त्वविद तथा इतिहास विदका रूपमा चिनिएका छन् । उनलाई पुस्तक, पर्यावरण र फुलमा जीवनको सन्तुष्टि खोज्ने अलमस्त प्रकृतिप्रेमीको रूपमा चिनाउने काम भने उनकी पत्नी स्मिताले नै गरेकी छिन् । "यतिका वर्ष भइसके, सुद्युम्न भनेका पुस्तक र बगैँचाका फुल त्यही होइनौ र ? म बुझ्दिन भन्ने ठान्यौ ?" (पृष्ठ १२५)

राजनीतिक रूपमा पहिले कम्युनिष्ट र पछि स्वतन्त्र प्रजातन्त्रवादी देखिन्छन् । पत्नीको बाल सखा सौम्यराजलाई उनकै अनुरोधमा सुधार्ने प्रयत्नमा लागेका छन् । उनी प्रजातन्त्रप्रेमी भएपनि २०४६ को जनआन्दोलनमा उनले विदेशी नेता गुहारेको र ढुङ्गा हानेर

ल्याएको प्रजातन्त्र टिक्दैन भनेका छन् । उनी कम्युनिष्ट आन्दोलनका आधिकारिक ज्ञाता ठहरिन्छन् । सुद्युम्नलाई उपन्यासमा उपन्यासकारको प्रतिमूर्तिको रूपमा लिन सकिन्छ । देश दर्शन तथा सुसंस्कृतिको खोजीमा तिन नारी प्रमुखलाई सुद्युम्नले साथ दिएका छन् । सहायक पात्र भए पनि उपन्यासको गति पदान गर्नमा यिनको भूमिका गहन रहेको छ ।

**ग. सौम्यराज**

**त्रिदेवी** उपन्यासमा सौम्यराज एक घृणित र असत पात्रको रूपमा उभिएको छ । ऊ घुर्त र पतित बाजे सहधितालको निर्देशनमा हुर्किएको र फस्टाएको विकृत अवसरवादी मण्डले राजनीतिको प्रतिनिधित्व गर्ने पात्र हो । **त्रिदेवीका** प्रमुख तिन नारी पात्र सहायक पुरुष पात्रहरू सुद्युम्न, शम्भु थापाको तुलनामा ऊ ऊ धुर्त, अज्ञानी, दुर्गुणी, देशद्रोही स्वार्थी, आत्मकेन्द्री, अमानवीय प्रकृति र आसुरी स्वभावको देखिन्छ । पढेको शिक्षित कुनै बेला हेटौँडाको हाइस्कुलमा हेडमास्टर भएर काम गरेपनि उसले जङ्गलको काठ चोर्ने र बेच्ने निकृष्ट कार्य गरेको छ । वामपन्थी कम्युनिष्ट आन्दोलनको नाममा अराजक र विकृत राजनीति गर्छ । ऊ राजनीतिमा प्रजातन्त्रको खेलौनाको रूपमा प्रयोग भएको छ । राजनीतिक रूपमा निकृष्ट, छुचुन्द्रे प्रवृतिका कारण उसलाई चमेरो उपनामले चिनिन्छ । यही चमेरे प्रवृत्तिले गर्दा दुइ दलबाट चुनाब लडी ऊ मन्त्री पदसम्म हत्याउन पुग्दछ । ऊ नालायनीलाई पाउने अशोभनीय चाहना राख्दछ तर नालालयनीले त्यतिबेला उसलाई घृणित व्यक्तिको रूपमा लिएकी र उनको जीवनमा नव चेतनाको विकास भएको हुनाले नालायनीले सहजै इन्कार गरेकी छिन् । स्मिताले एकदिन उसलाई गन्हाएको कुरा गर्दा उसमा भएको फोहरी राजनीति तथा विकृत र दुषित विचार गन्हाएको हो भन्ने बुझिन्छ । “सौम्य, यो के भएको ? हिजो तिमी गन्हाएका थियौ र अहिले पनि गन्हाइरहेका छौ किन यसरी गन्हाएका हौं ?” (पृष्ठ १३४) तसर्थ सौम्यराज एक निकृष्ट र घृणित पात्रको रूपमा उपन्यासमा सहभागी भएको छ ।

**घ. सहधिताल बाजे**

सहधिताल बाजे **त्रिदेवी** उपन्यासको अत्यन्त घृणित पात्र हो । ऊ राजनीतिमा कमरेड जिएस घोर्ले बुढोको उपनामले चिनिन्छ । उसले मनबहादुर थापाको एघार विघा खेत दानमा पाएको छ । त्यही पनि कृष्णध्वज कार्कीले मिलाइ दिएका थिए । उसको मेजर मनबहादुरथापासँग चिठी आदान प्रदान हुने गर्दथ्यो । यसले गर्दा ऊ चाकडीवाज थियो भन्ने कुरा सजिलै अनुमान गर्न सकिन्छ । ऊ सौम्यराजको बाजे हो । थोरै जग्गा जमिन भए पनि ऊ आफ्नो पैसा ऋण दिएर चर्को व्याज असुल्न पल्किएको छ । पण्डित्याइँ तथा ल्वामी काम गर्ने सहधिताल मकवानपुरबाट रामपुरमा बसाइँ सरेको थियो । किसानहरूको आन्दोलन चर्केपछि आफूले दिएको चर्को व्याजका तमसुकहरू च्यातेको छ । उसले नातिनी बुहारीलाई समेत यौन दुर्व्यवहार गरी भुँडी बोकाएको छ । ऊ राणाकालीन समयको शोषक, चाकडीवाज, नैतिक रूपमा पतित चरित्र हो । उसको चरित्रले राणाकालीन शोषण प्रधान निरंकुश र विलासी सामन्ती जीवनको झलक देखाउँछ । उसलाई राजनीतिक रूपमा विकृत र घृणित तथा मण्डलेको रूपमा चिनिन्छ । उपन्यासमा यो मूलतः नकारात्मक भूमिका बोकेको प्रतिकूल पात्र हो ।

**ङ. कृष्ण ध्वजकार्की**

मेजर मनबहादुर थापाको कारिन्दा कृष्ण ध्वज कार्की उपन्यासकी प्रमुख पात्र स्मिताको पिता हुन् । उनी सरल स्वभावका छन् । मनबहादुर थापाको मन परेको व्यक्तिको रूपमा उनी रहेका छन् । आफूले जति दुख गरेर भएपनि छोरीलाई पढाउनुपर्दछ भन्ने भावना भएको व्यक्तिको रूपमा उनलाई चिन्न सकिन्छ । सानो भूमिका भएपनि उपन्यासमा यिनको भूमिका सकारात्मक रहेको छ । त्यसैले यिनी अनुकूल पात्र हुन् ।

**च. शैलु**

शैलु **त्रिदेवी** उपन्यासकी तेस्रो पुस्ताकी एक नारी पात्र हुन् । उनी कन्या क्याम्पसमा अध्ययनरत छात्रा हुन् । यिनी निकै मेधावी छिन् । स्मिताकी नजिककी शिष्याको रूपमा यिनको परिचय दिन सकिन्छ । उनको मेहनेत र लगनशीलताबाट प्रभावित भएर स्मिताले भविष्यमा ना-नी जत्तिकै हुन बेर छैन भन्ने भविष्यवाणी गरेकी छन् । तेस्रो पुस्ताको केन्द्रीय पात्रको रूपमा उनले आफूलाई पुस्तकालयको काममा भिजाउँदै लगेकी छिन् । उनी नालायनीको सहायिका बन्दै आएकी छिन् । उनको कामप्रतिको लगनशीलता र उत्तरदायित्वले यिनलाई नालायनी र सैदामिनीले आफ्नो उत्तराधिकारी मानेका छन् । उपन्यासमा यिनको भूमिका नालायनीको उत्तराधिकारीको रूपमा रहेको छ । त्यसैले यिनी उपन्यासकी बद्ध पात्र हुन् ।

**छ. मेना**

स्मिताकी छोरी तथा सैदामिनीकी बुहारी मेना तेस्रो पुस्ताकी अर्की नारी पात्र हुन् । यिनले इलामबाट सिनियर क्याम्ब्रिज गरी धनकुटा मेडिकल कलेजबाट एम.वी.वी. एस पास गरेकी हुन् । रोगीहरूको सेवामा समर्पित भएर लाग्नु यिनको कर्म हो । उनी स्वास्थ्यकर्मी भएर पनि पुस्तकालयको काममा समेत आफूलाई संलग्न राखेकी छिन् । उनी स्मिता जस्तै अनवरत कर्मशील छिन् । "कुनै पनि मानिस आफैँमा पूर्ण हुन सक्दैन मानिसले कमशः मानव बनाउँदै लैजानुपर्दछ" भन्ने मान्यता मेनामा रहेको छ । उनले जीवनका सम्पूर्ण पाठ नालायनीबाट सिकेकोछिन् । उनी जीवनलाई कुमालेको काँचो माटो जस्तो ठान्छिन् । आफूले आफैँलाई सही बनाउन नसके अधुरो होइन्छ भन्ने उनको धारणा रहेको छ । उनी यस्तो अधुरो जीवन खुल्ला र प्रष्ट हुन्छ जुन धर्म अन्तर्गत पर्दैन भन्छिन् ।

**ज. दिव्या**

दिव्या स्मिताकी बुहारी तथा जनकपुरका जयानन्द झाकी छोरी हुन् । विश्वविद्यालयको कक्षामा स्मिताकी छात्र रहेकी दिव्याले पटनाबाट आद्यआर्य इतिहासमा एम.ए गरेकी छन । यिनी परिवारप्रति कर्तव्यपरायण छिन् । यिनी तेस्रो पुस्ताकी त्रिदेवी मध्येकी एक रहेकी छन् । सहायक पात्रकै रूपमा भएपनि उपन्यासमा यिनको भूमिका महत्वपूर्ण रहेको छ ।

**झ. माया बज्यै**

माया वज्यै **त्रिदेवी** उपन्यासकी पहिलो र दोस्रो पुस्तामा चलखेल गर्ने एक मात्र नारी पात्र हुन् । ब्राम्हण परिवारकी माया बज्यै बाल विधवा हुन् । विधवी भएपछि यिनलाई सासूले घरबाट निकालि दिन्छिन् । माइतमा पनि शरण नपाएकाले यिनलाई मेजर मनबहादुर थापाको घरमा सुसारे राखिन्छ । यसरी घर र माइती दुबैतिर नअटाएकी माया बज्यैका

जीवनमा अनेक आरोह अवरोह आउँछन्। मेजर मनबहादुरको घरमा सुसारे काम गर्न थालेपछि उनको शारीरिक शोषण हुन थाल्दछ। रूप र यौवनले धपक्क बलेकी माया बज्यैको चर्चा जुद्ध शमशेरको महलमा समेत पुग्दछ। निवुवा बनाएर उनलाई सिंहदरबारमा समेत पठाइन्छ। उनी बाहुनी भएको थाहा पाएर जुद्धशमशेरको दरबारबाट निकालिन्छ पुन उनी मेजर मनबहादुरको घरमा पुग्छिन्। दरबारबाट निकालिएपछि उनले छारीसँग छुट्टिनुपर्दछ। उनी तत्कालीन शासकवर्गबाट शोषित हुन्छिन्। आफ्नी सिंहदरबारमा हराएकी छोरीको झझल्को मेट्न उनी मेजर मनबहादुर थापाका छोराछारी र नातिको सुसार गर्दछिन्। मेजर बुढाको मृत्युपछि यिनी मेजर्नी बुढीकी साथी हुन्छिन्। उनको जीवन करुणा र वेदनाले भरिएको छ। उनी जीवनमा आफ्नो भन्ने सबै गुमाएर पनि सन्तोषपूर्वक बाँचिरहने त्यागी र करुणाकी प्रतिमूर्ति हुन्। यिनको भूमिका उपन्यासमा सहायक पात्रको रूपमा भए पनि महत्वपूर्ण रहेको छ।

**ञ. अचल**

**त्रिदेवी** उपन्यासकी प्रमुख नारी पात्र नालायनीको भदा अर्थात सौदामिनी र शम्भु थापाको छोरो अचल थापा **त्रिदेवी** उपन्यासको तेस्रो पुस्ताको पुरुष पात्र हो। ऊ शिक्षित छ। सैनिक पेशामा जागिर खाएर उसले बाबुकै बिडो थामेको छ। सात आठ वर्सको उमेरमा अचलप्रति नालायनीको रागात्मक प्रेम बढेको छ। जसको परिणाम नालायनी यौन उत्तेजनाको दलदलमा फस्न आँटेकी छन्। अचलको शरीर छुइँदासम्म उत्तेजनाको महसुस गर्ने नालायनीको मनमा अचल मनोवैज्ञानिक रूपमा रतिरागपूर्ण अवस्थामा गडेर रहेको हुन्छ। पछि नालायनीले आफ्नो अनुचित वासनात्मक कार्यलाई आफूबाट पूर्ण रूपमा हटाई आफूमा नैतिक चेतनाको विकास गरी सुधार ल्याउँछिन्। उसमा पनि शम्भु थापामा जस्तै पारिवारिक उत्तरदायित्व तथा देशभक्तिको भावना रहेको छ। अचलको बाल्यकालले केन्द्रीय पात्र नालायनीलाई मनोवैज्ञानिक रूपमा प्रभाव पारेको र नालायनीको प्रत्येक क्रियाकलाप अचलसँग जोडिएको हुनाले अचल यस उपन्यासको बद्ध पात्र हो।

**ट. उत्तङ्ग**

**त्रिदेवी** उपन्यासको तेस्रो पुस्ताको पुरुष पात्र अर्थात स्मिताको छोरो उत्तङ्ग एक सरल इमान्दार व्यक्ति हो ऊ आफ्नी आमाको स्याहारसुसारमा अत्यन्त कर्तव्यनिष्ठ देखिन्छ। उसले आफ्नी आमाकै छात्रा मेनासँग वैवाहिक सम्बन्ध गाँसेको छ। ऊ सुद्युम्न र स्मिताको राम्रो पारिवारिक वातावरणमा हुर्किएको हुनाले उसमा पनि राम्रा गुणहरूको विकास भएको छ। उसले पनि सुद्युम्नको पेसाालाई नै निरन्तरता दिएको छ। उपन्यासमा उसको भूमिकाले मुख्य पात्रका लागि सहयोग पुगेको छ।

**३.४.३ गौण पात्रहरू**

**त्रिदेवी** उपन्यासमा प्रमुख तथा सहायक पात्रका साथै थुप्रै गौण पात्रहरू रहेका छन्। उपन्यासका गौण चरित्रहरूमा राणकालीन जीवन शैलीको प्रतिनिधित्व गर्ने मेजर मनबहादुर बूढा देखि लिएर उनका पटवारी, उनकी श्रीमती, भोग्या, कारिन्दा, हाउडे काजी, कमरेड लाले, कमरेड छुचुन्द्री, सविता, रेष्मा, मिना, बुद्धिराज, सुन्दरीराज, पुलिस आदि विभिन्न पात्रहरू दृश्य तथा अदृश्य रूपमा उपन्यासभित्र आएका छन्।

## ३.५ दृष्टिबिन्दु

उपन्यासमा कथा भन्नलाई कथयिताले राजेको स्थान नै दृष्टिबिन्दु हो । कथयिताले उपन्यासको घटना एवं चरित्रको वर्णन कसरी गरेको छ त्यही आधार दृष्टिबिन्दुलाई निर्क्योल गर्न सकिन्छ । उपन्यासको प्रस्तुतिलाई जीवन्त राख्ने कार्य दृष्टिबिन्दुले गर्दछ । उपन्यासभित्र कथयिताको रूपमा उपन्यासकार स्वयम् उपस्थित भई कथा वाचन गरेको हुन्छ भने कतै उपन्यास भन्दा बाहिर उभिएर कुनै अर्कै पात्रका माध्यमबाट कथा भनिरहेको हुन्छ । यस आधारमा दृष्टिबिन्दु दुई प्रकारका हुन्छन् । आन्तरिक वा प्रथम पुरुष दृष्टिबिन्दु र बाह्य वा तृतीय पुरुष दृष्टिबिन्दु । ऊ पात्रको माध्यमबाट कथानक प्रस्तुत गर्ने दृष्टिबिन्दु बाह्य वा तृतीय पुरुष दृष्टिबिन्दु हो । कथायिताले कथानकलाई प्रस्तुत गरेका आधारमा यो पनि सर्वज्ञ र सीमित गरी दुई प्रकारको हुन्छ । कथयिताले उपन्यासका पात्र र घटनाका बारेमा सर्वज्ञ झैँ बनेर सम्पूर्ण विवरण प्रदान गर्दछ भने त्यो सर्वज्ञ दृष्टिबिन्दु हो । त्यस्तै कथयिता कुनै पात्र वा चरित्रभित्र पसेर पात्र वा घटनाको बारेमा वर्णन गर्दछ भने त्यो सीमित दृष्टिबिन्दु हो । त्यसै गरी उपन्यासको कथानकलाई म पात्रद्वारा प्रस्तुत गराइन्छ भने त्यो आन्तरिक दृष्टिबिन्दु हो । आन्तरिक दृष्टिबिन्दुलाई केन्द्रीय र परिधीय गरी दुई वर्गमा विभाजन गरिएको छ । केन्द्रीय प्रथम पुरुष दृष्टिबिन्दुमा कथायिता नै उपन्यासको प्रमुख पात्र हुन्छ भने परिधीय दृष्टिबिन्दुमा कथयिता उपन्यासै भित्रको पात्र हुन्छ तर उसले केन्द्रीय घटना र चरित्रहरूभन्दा टाढा बसेर वृत्तान्त सुनाइरहेको हुन्छ । (वराल, एटम २०५८:४०)

**त्रिदेवी** उपन्यासमा वाह्य दृष्टिबिन्दु अर्न्तगतको सर्वदर्शी दृष्टविन्दुको प्रयोग गरिएको छ । उक्त उपन्यासमा प्रमुख भूमिका निर्वाह गर्ने पात्र तृतीय पुरुषमा छन् । तिनका सामजिक/वैचारिक र मनोवैज्ञानिक भाव सोचाइ, संवेगात्मक प्रकृया र अनुभूतिको अध्ययन गरी उपन्यासका वाह्य चरित्र दृष्टिकोण अर्न्तगत सर्वदर्शी पक्ष प्रस्तुत गरिएको छ । यस उपन्यासका पात्रहरू सहज र सक्षम छन् । पात्रहरूलाई बढी शिक्षित, बौद्धिक र प्रखर रूपमा प्रस्तुत गर्ने उद्देश्यले तिनको स्वभावमा आवश्यक गुणहरूको विकास गरिएको छ । उदाहरणको लागि उपन्यासकै पृष्ठबाट केही वाक्य प्रस्तुत गरिएको छ ।

वेतियाबाट आइ ए पास गरेर फर्कदा हटौडामा सौम्यराजको घरमात्र बनिसकेको थिएन कि त्यो बजाजरमा एउटा हाइस्कुल पनि सुरुभइसकेको थियो । त यही स्कुलमा मास्टर साहेब भएर सौम्यराज पढाउन थाल्यो र पढाउँदा पढाउँदै वीरगञ्जमा जाँच दिएर विए पास गऱ्यो ।(पृष्ठ१२९)

यसरी हेर्दा लेखकले पात्रको जीवनको घटनाको वर्णन गरेको हुँदा उपन्यासमा सर्वज्ञको तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग भएको देखिन्छ । त्यसै गरी यस उपन्यासमा कथयिता बाहिर बसी उपन्यास भित्रका पात्रहरूका बीच संवादको उपस्थिति गराएर पनि कथानकलाई अगाडि बढाइएको छ ।

“मलाई जे भएको थियो तँबाट म लुकाउने थिइन । तर सि-ता, तैंले के देखिस् बता त” ! नालायनीले सोधिन् ।

हेर ना-नी कफी लिन अस्ति जति पटक तँ गइस् मैले त्यही श्लोक सम्झिएँ। ल नढाँटीकन भन त तैंले ह्विस्की खाइनस् र अस्ति ? तेरो शब्द लट्ठिएका जस्ता, खुट्टा लर्बराएका हुन् कि जस्ता थिए। (पृष्ठ १४३)

नालायनी सामु सौदामिनीले आफ्नो सदाकालदेखिको प्रफुल्ल मुहार, प्रसन्न र सन्तुष्ट दृष्टि तथा हृदयको स्वच्छतालाई अक्षरंशः याथावत् कायम राखेर भनिन् -"मैयां हजुर मलाई ठुला कुराहरू त्यति थाहा छैनन् तैपनि कहिले काहीँका मेरा सपनामा आनन्दी मानिसहरूको त्यस्तो नयाँ संसार प्रकट हुन्छ जहाँ कसैको आनन्दले आफ्ना निम्ति अरुलाई पीडित तुल्याएको हुदैन ,जहाँ सुख सन्तोष माथि हरेकको आनन्द अडेको हुन्छ। "(पृष्ठ ३०८)

यहाँ अरुको आनन्दमा खुसी देख्न, आफ्नो सुख निम्ति अरुलाई कहिल्यै पीडा नदिने लेखकको आशय सौदामिनीबाट प्रकट भएको छ। यहाँ उपन्यासकारले विभिन्न पात्रहरूलाई संवादमा सहभागी गराएर आफ्ना विचारहरू प्रस्तुत गरेका छन्। त्यसैले यस उपन्यासमा बाह्य तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग भएको छ।

उपन्यासको मुख्य दृष्टिबिन्दु पात्रका रूपमा प्रमुख तिन नारी आएका छन्। उपन्यासको केन्द्रीय पात्र भने नालायनी भएकाले उपन्यासको गति बढाउन नालायनीको चरित्र प्रमुख रहेको छ। उपन्यासकारले उपन्यास भित्रका विभिन्न पात्रहरूका संवादका बिच आफ्ना विचारहरूलाई लुप्त गराएका छन्। विभिन्न पात्रहरू बिचको संवाद भित्र कथयिता हराएको पाइन्छ। यसरी प्रस्तुत उपन्यासमा तृतीय पुरुष अर्न्तगत बाह्य दृष्टिबिन्दुको प्रयोग गरिएको पाइन्छ।

## ३.६ पर्यावरण

उपन्यासको कथानकलाई अगाडि बढाउन पात्रहरूले चलखेल गर्ने स्थान, समय र मानसिक अनुभूति नै पर्यावरण हो पर्यावरण अर्न्तगत देश, काल र वातवरण पर्दछन्। देश, काल र वातावरणको उचित प्रयोगले कथानक विश्वसनीय बन्दछ र पात्रहरू पनि स्वभाविक लाग्ने हुन्छन्। देश, कालको खास अर्थ कार्य व्यापारको स्थान र समय हो जसमा सामाजिक, राजनीतिक, धार्मिक परिस्थितिहरू, आचार-विचार, बानी, बोलीचाली, चालचलन रीतिस्थिति आदि पर्दछन्। (प्रधान, २०६१:१०) पर्यावरणलाई उपन्यासमा सजीव ढङ्गले उपस्थित गराउन सकियो भने उपन्यासको कथानकले जीवन्त रूप प्राप्त गर्न सक्दछ। वस्तुतः कुनै खास समय स्थान घटना घट्दा अर्थात कथानक अघि बढ्दै जाँदा पाठकमा उत्पन्न हुने सुख-दुख घृणा क्रोध आदि भावनाको उद्‍बोधन र तिनको परितृप्ति नै वातावरण हो। (बराल र यटम, २०५८:३७) यसर्थ उपन्यासको संरचना तयार हुनका लागि पर्यावरणले पनि एक महत्त्वपूर्ण भूमिको निर्वाह गरेको हुन्छ।

यस आधारबाट हेर्दा **त्रिदेवी** उपन्यासले व्यापक परिवेश ओगटेको देखिन्छ। यसमा अतीतको स्मरण, वर्तमानको साक्षात्कर र भविष्यतको प्राकल्पना रहेको छ त्यसैले यो त्रि आयामिक बन्न गएको छ। यसको आख्यान वीरगन्जको निकटवर्ती ग्रामीण पृष्ठभूमिमा वि. सं. १९९२ तिर श्री ३ जुद्ध शमशेरको शासन कालमा आरम्भ भई वि. सं. २०४८ मा काठमाडौ महानगरमा पुगेर नालायनी र सौदामिनीको तिलिचो महाप्रस्थानको साथ टुङ्गिएको छ। समयगत हिसाबले हेर्दा यसले लगभग एक शताब्दी जतिको कालखण्ड ओगटेका देखिन्छ। प्रस्तुत उपन्यासमा रामपुरवा, वीरगन्ज, भगवानपुर, मनकामना, हेटौंडा,

मकवानपुर, चारआली, काठमाडौं, सिलिगुडी, मस्को, रोम, जर्मनी, पेरिस आदि देश विदेशका विभिन्न भूभागहरूको वर्णन गरिएको छ। यसको परिवेश राष्ट्रिय रूपमा मात्र सीमित नरही अन्तर्राष्ट्रिय तहसम्म फैलन पुगेको छ। यति भएर पनि काठमाडौंको परिवेश उपन्यासको मुख्य परिवेश हो।

उपन्यासमा (ऐतिहासिक) राणाकालीन परिवेशको वर्णन गरिएको छ :

दिउँसो साँढे तिन बजे सिँहदरबार पहिलो चोकको पार्टिको चाकरीदारहरूले भरिँदै गएको थियो सुनको चाँद तोडा पहिरिनेहरूलाई पोर्टिको सम्म खुला थियो। सिंहदरबार मूल ढोका बाहिर सामान्य चाकडीहरूको भीड बढ्दो थियो। त्यो ढोका भित्र देब्रेतिरको व्यारेक अगाडिसम्म दोस्रो कोटिका चाकरीदारहरू आउन  र चाकरी खुल्नेलाई पर्खिदै उभिन पाउँथे त्यहाँ पचास साठी जना उभिएका थिए। आपसमा साउती गरे झैं बिस्तारै कुरा गर्दै सबैजना सिंहदरबार पहिलो तल्लाको उत्तर कुनातिर एकटक लगाएर हेरिरहेका थिए। त्यही बुर्जामा देखापरेर श्री ३ जुद्ध दर्शन दिन्थे। त्यो बुर्जा मुन्तिरको फराकिलो सडकमा थप पचास साठी जना आपसमा आँखा र हातले मात्र कुरा गर्दै चुपचाप बुर्जातिर हेरिरहेका थिए (पृष्ठ: ६०)

उपन्यासमा वर्णित यस सन्दर्भबाट राणकालीन दरबारमा चाकरीवाजलाई निकै प्रश्रय दिइने तथ्य प्राप्त गर्न सकिन्छ । श्री ३ महाराजको चाकडीका निम्ति भेला हुने चाकरीदारहरुका लागि निश्चित स्थान तोकिएको र त्यही स्थानमा श्री ३ को दर्शन मिल्ने कुरा व्यक्त गरिएको हो।

महाराजले आफैं चिच्याएर भने, “तेरो काम छ भनेको मैल, काम पाउँछस् भनेको होइन ? ल जा अब यो मेजरकी निबुवा भन्ने सुसारे कस्ति छे हँ ?” जुद्धले आफूले देब्रे हात कुममा राखेर हिडिरहेकी एउटी प्रौढा सुसारेतिर हेर्दै भने  “तेह्र वर्सकी छे महाराज” सुसारेले सासै सासले भनी। उता तल जो निगाह सरकार भन्दै दुबै हात जोर्दै मेजर आफ्नो दाहिनेतिर दाहिने पाइला सार्दै हिड्यो। (पृष्ठ ६३)

यहाँ मेजर मन बहादुर थापाले आफ्नो घरमा काम गर्ने १३ बर्से निबुवा नाम गरेकी सुसारे श्री ३ लाई चढाउन मञ्जुर भएको छ । यसले राणाकालीन दरबारमा केटीहरुको किनबेच हुने गरेको सत्य इतिहासलाई देखाउँछ।

**त्रिदेवीका** भ्रमणशील पात्रहरूले जिरी, मैनापोखरी, चरिकोट, चाँगुनारायण आदि विभिन्न पर्यटकीय स्थलहरूमा पुऱ्याउँछन्। बुटवल रूपन्देही कार्यक्षेत्र भएका अर्घाखाँचीका मोदनाथ प्रश्रित र उनको मानव महाकाव्यको चर्चा, ध्रुवचन्द्र गौतमको उपन्यास र विसङ्गतिवादको व्याख्या गर्ने क्रममा मधेश, भित्री मधेश, मध्य पहाडी भाग र हिमाली भागका प्रकृतिको वर्णन पाइन्छ। स्मिताले त्यस क्षेत्रको वर्णनमा भनेकी छिन्

“हो नानी गुल्मी, अर्घाखाँची नेपालको ठुलो विद्वत केन्द्र रहेको थियो। आज जस्तो रहे पनि हिजोको त्यो हिङको वासना आज पनि त बाँकी होला नि ! प्रश्रितको  मानव महाकाव्य त्यही माटोमा जन्मिएको होइन र ?’’ उपन्यासको अन्त्यमा हिमाली भागको विराट र दिव्य सौन्दर्यको वर्णन प्रभावकारी  बनेको छ। “हेरिस्योस् चन्द्र ज्योर्त्सनामा कति शान्त स्निग्ध र स्वच्छ देखिन्छ।”(पृष्ठ ३१३)

दृश्यात्मक पद्धतिको रूपमा २०३६-२०४६ सम्मको अवस्थालाई महत्व दिइएको छ भने संक्षेप पद्धति अर्न्तगत राणाकालीन परिवेश र २०४६ पछिको  परिवेशको राजनीतिक गतिविधिको संकेत पाइन्छ। स्थानको  उपास्थनाको दृष्टिले यस उपन्यासमा खासगरी उपत्यका, यसको वरिपरि सिन्धुली, मध्य नेपाल,र मध्य नेपालका तराइ र पहाड तथा मुक्ति क्षेत्र र मनकामना आदि क्षेत्रको समेत चित्रण पाइन्छ। मुलुक बाहिरका ज्ञान आर्जन र राजनीतिक चेतनाका दृष्टिले महत्वपूर्ण मानिने स्थानहरू वाराणासी, पटना, उत्तर बङ्गाल आदि स्थलहरूको बयान गरिएको छ। युरोपतर्फको मस्कोलाई पनि उपन्यासले महत्व दिएको छ।

केन्द्रीय परिवेशको रूपमा रहेको काठमाडौको पर्यावरणको वर्णन उपन्यासमा यसरी गरिएको छ।

काठमाडौमा मधुमास चलिरहेको थियो। जता जाँदा पनि भोगटे, ज्यामिर, सुन्तला, निवुवाको बोट जतातत‌ै ढकमक्क फुलेर राजधानीलाई अचम्मसित सुवासित तुल्याइरहेका थिए। साँझ पर्न थाल्दा तुवाँलोले आकाश ढाकेजस्तो देखिन्थ्यो। चैते हुरी बतास पनि आउँथ्यो। नालायनी पनि विचलित हुने गर्दथिन् (पृष्ठः९१)।

यस परिवेशलाई नालायनीको जीवनसँग दाँज्न सकिन्छ । नालायनीको प्रारम्भिक जीवन वसन्तमय थियो भने अहिले उनको जीवनमा तुवाँलोले ढाकेको छ । तसर्थ यस किसिमको परिवेशले नालायनीको जीवनलाई संकेत गर्दछ।

यस किसिमको स्थान कालको सीमामा रहेर उपन्यासका पात्रहरूले बौद्धिक, वैचारिक, शैक्षिक  सामाजिक, नैतिक, आर्दशवादी र मानव अनुभूति तथा मूल्यहरूसँग आबद्ध क्रियाकलापहरू अभिव्यक्त गरेका छन्। जाति, क्षेत्र, स्थान समाजिक परिवेश अनुसारको सहज अभिव्यक्ति प्रस्तुत गरेर उपन्यासले परिवेश अङ्कनमा जीवन्तता प्राप्त गरेको छ।

## ३.७ भाषा शैली

भाषा उपन्यास संरचनाको सबैभन्दा महत्वपूर्ण तत्त्व हो भाषाविना कुनै पनि साहित्यिक रचनाले अर्थिने र अगाडि बढ्ने मौका पाउँदैन। कुनै पनि साहित्यिक कृतिको निर्माणमा भाषाले महत्वपूर्ण भूमिका खेलेको हुन्छ। अझ आख्यानात्मक विधामा  भाषाको झनै महत्वपूर्ण स्थान रहेको हुन्छ। उपन्यासमा गद्य भाषाको प्रयोग गरिन्छ। जसबाट समाजका विविध घटनाहरू यथार्थ ढङ्गले उतार्न सकिन्छ। उपन्यास दृश्य विधा नभएकोले यसको फोटो पाठकको मस्तिष्कमा उतार्ने काम भाषाले नै गर्दछ। त्यसैले उपन्यासको भाषा कलात्मक हुनुपर्दछ। नेपाली समाज उच्च, मध्यम र निम्न गरी तिन वर्गमा विभाजित छ त्यही आधारमा उपन्यासको वर्णित विषय र पात्रको स्थितिलाई ध्यानमा राखेर भाषाका विविध रूपहरूको प्रयोग उपन्यासमा गरिन्छ। सामान्य वा सरल भाषामा मात्र उपन्यासलाई दौडाइँदैन। (बराल/एटम,२०५८:४२)। त्यस्तै उपन्यासमा कतै नियमबद्ध, वस्तुनिष्ठ भाषाको प्रयोग हुन्छ भने कतै अनौपचारिक सामान्य बोलचालमा प्रयोग गर्ने गरिएको भाषिकाहरूलाई पनि आत्मसात गरिएको हुन्छ।

**त्रिदेवी** उपन्यासमा भाषालाई अत्यन्त संक्षिप्त तथा खँदिलो रूपमा कवितात्मक शैलीमा प्रस्तुत गरिएको छ। छोटा छोटा अनुच्छेद र संवादका अंशहरूमा कतैकतै

प्रसँगअनुसार दर्शनको पनि प्रयोग गरिएको छ। बौद्धिक तथा प्रखर भाषाको प्रयोग गरिएको छ। स्थान तथा परिवेश अनुसारको भाषा प्रयोग गरिएको छ।

उच्च खानदानी परिवारमा प्रयोग गरिने भाषा बढी मात्रामा आएका छन्। शिक्षित तथा काठमाडौको उच्च खानदानी परिवारका सदस्यहरूलाई उच्च खानदानकै भाषा प्रयोग गर्न लगाइएको छ। शिक्षित पात्रहरूको बाहुल्य बढी रहेको उपन्यासका प्रमुख पात्रहरू शिक्षित छन्। ती आध्यात्मिक तथा दार्शनिक विचारले ओतप्रोत भएका कारण तिनले प्रयोग गर्ने भाषा बौद्धिक स्तरका नै देखिन्छन्। कतिपय स्थानमा कवितात्मक शैलीका दार्शनिक भाषाहरू पनि विविध प्रसङ्गमा प्रयोग गरिएका छन्। तत्सम् पद तथा पदावलीको प्रयोग गरिएको छ। काहिँ कतै अंग्रेजी शब्दहरू जस्ताको तस्तै राखिएको हुँदा भाषा केही मात्रामा क्लिष्ट पनि हुन पुगेको देखिन्छ।

उच्च खानदानी परिवारका सदस्यहरूको बाहूल्य रहेको हुँदा तिनको परिवारमा बोलिने भाषा अति उच्च आदरार्थीको रूपमा छन्। जसमा राणकालीन दरबारको संगत तथा उठबसले प्रभाव पारेको छ। भाषाका कारण मालिक र तिनका नोकर वा कारिन्दा सजिलै छुट्याउन सकिन्छ। अर्थात भाषामा पात्रहरू बिच वर्गीय विभेद प्रष्टै देखिन्छ। स्मिताको पिता कृष्णध्वज कार्कीले मेजर मनबहादुर थापाको लागि बोलेको भाषा यस्तो छः

"ए ! छोरी ल हजुरहरूलाई कुर्णेश गरिनौ ?"(पृष्ठ २९) (उच्च खानदानी परिवारको भाषामा निहुरिएर गरिने नमस्कारलाई कुर्णेश भनिन्छ।)

"मालिकबाट निगाहा भएपछि लिनुपर्छ छोरी" (पृष्ठ,३० (गरिबप्रति धनीहरूले राख्ने सहानुभूति)

उपन्यासमा अति उच्च आदरदेखि लिएर उच्च आदर, मध्यम आदर तथा अनादरवाचक पद ,पदावली तथा वाक्यहरू प्रसस्त प्रयोग भएका छन्।

"त्यस्ती कलिली हुँदा विधवी भयौ त अर्को खसम गरिदिएनन् बाले ?" स्मिताले सोधिन् (पृष्ठ ५९)

"ए ,उत्ताउली मोरी यही हो चाला ?" (पृष्ठ २८)

उपन्यासमा आएको यस वाक्यले अनादरार्थी भाव व्यक्त गरेको छ।

भीमसेन थापाको खानदानी खलक मानिने शम्भु थापाको परिवारमा प्रयोग गरिएका शब्द तथा वाक्यहरूमा अति उच्च आदरभाव अभिव्यक्त भएको पाइन्छ। कसैको संबोधनमा हजुर जोड्ने तथा सियोस् लगाउने भाषा, मैया हजुर, दाजी हजुर, स्मिता हजुर, मुवा हजुर जस्ता आदर सूचक शब्दहरू बोलीचालीमा पर्याप्त भेटिन्छन्। नालायनीले दाजु शम्भु थापा निम्ति सम्बोधित भाषाको एक उदाहरण प्रस्तुत गरिएको छ।

"आइस्योस्,आज यो कुर्सीमा बसिस्सिने" (पृष्ठ १३८)

यस वाक्यमा दरबारिया उच्च खानदानी परिवारमा प्रयुक्त हुने भाषाको स्वरूप झल्किएको छ।

उपन्यासमा विभिन्न किसिमका तत्सम् पद तथा पदावलीहरूको बाहुल्य रहेको पाइन्छ। सस्कृतका विभिन्न विद्धान तथा दार्शनिकहरूका विचार, सूक्ति तथा कविताका श्लोकहरूलाई जस्ताको तस्तै समावेश गरिएको छ। काश्मिरका कवि विल्हण तथा कालिदासका काव्य श्लोकलाई उपन्यासमा यसरी समावेश गरिएको छ।

कवि विल्हणको कविताको श्लोकः अदयापितां कनकचम्यकदाम गौरी

फुल्लारविन्द्य वदनांन वरोमराजीम् (पृष्ठ १४१)

संस्कृत भाषाको उखान तथा सूक्तिहरू उपन्यासमा धेरै मात्रामा आएका छन् । उदाहरणको रूपमा तल केही सूक्तिहरूलाई टिपिएको छ ।

आयुष्मानस्तु मे पति ( पृष्ठ १४)

सर्वभूतानम् मैत्रःवरुण एव च निर्ममो निरहंकार सम दुखः सुखः क्ष्मी (पृष्ठ ५०)

स्वकर्म सुत्र ग्रथितो हिलोक : (पृष्ठ २१८)

कविर्भनीषि परिभु :स्वयम्भू (पृष्ठ ५३)

यस्तो संस्कृत भाषाको प्रयोगले भाषिक ल्किष्टता बढाएको पनि छ ।

त्यस्तै भाषालाई पात्र तथा स्थान अनुकूलको बनाउन पात्रहरूका मातृभाषा नै प्रयोग गरिएको छ ।

रामपुरवाका पात्रहरूले त्यहींको भोजपुरी भाषा प्रयोग गरेका छन् ।

हँ खतावान, तोहार तोहार केतना जमिन ह ?(पृष्ठ ६९)

ना मालिक, हम मरजाएव ।

परिवेश अनुकूल प्रयोग भएका यस्ता भाषाले भाषिक मोह उत्पन्न हुनुका साथै सम्प्रेषणमा पनि सहज भएको छ ।

आधुनिक तथा शिक्षित पात्रहरूबाट अंग्रेजी भाषाका वाक्यहरू पनि उपन्यासमा छिटफुट मात्रामा प्रयोग गरिएका छन् । उपन्यासमा प्रयुक्त केही अंग्रेजी वाक्यहरु -

MAN IS THE AUTHOR OF HIS OWN HISTORY –page,218

ANTI THESIS ,AYNTHESIS –page ,157

THE VARTYA –151

उपन्यासमा प्रयुक्त भएका यी अंग्रेजी वाक्यहरुले पात्रहरुका बौद्धिक स्तर निर्धारण गर्नुका साथै उपन्यासलाई रसयुक्त तुल्याएको छ ।

उपन्यासभित्र विभिन्न जीवनपयोगी सूक्तिहरुको प्रयोग गरिएको छ ।

कुपुत्र जन्मन सक्छन् तर कुमाता हुँदैनन् । (पृष्ठ १४)

प्रत्येक मानिस आफैँमा अनुपम रहन्छ । (पृष्ठ १२०)

मानिस श्रद्धामय हुन्छ जसको जे हुने स्थान छ तिनीहरू त्यही हुन् । (१२५)

धर्म भनेको पूलको बगैँचा नै हो । धर्ममा त्यति नै ईश्वर हुन्छ जति र जस्तो ईश्वर फुल र तिनका बास्नामा हुन्छ । (स्मिता पृष्ठ १२६)

प्रत्येक मानिस आफैँ इश्वर हो उसको हृदयमा ईश्वरले बास गरेको हुन्छ । (पृष्ठ २७१) समाजले मानिसलाई जो बनाउँछ त्यो बनाउँछ । (सौम्यराज पृष्ठ १७५)

उपन्यासमा प्रयुक्त थुप्रै विचार र अनुभूतिले भरिपूर्ण सूक्तिमय भाषाले उपन्यास ज्ञानवर्द्धक हुनाका साथै रोचक बन्न गएको छ । उपन्यासमा आएका यस्ता सूक्तिहरू मार्मिक र जीवनपयोगी छन् । यस्ता सूक्तिहरूका प्रयोगले मानिसका जीवनसँग सम्बद्ध विषयलाई वस्तुगत रूपमा ग्रहण गरेको छ । यस्ता सूक्तिका प्रयोगले पात्रहरुका विचार तथा व्यवहारलाई समेत बुझ्न सजिलो भएको छ ।

उपन्यासमा विभिन्न आशयको निम्ति उखान टुक्काहरूको प्रयोग भएको छ ।

विधवी बाहुनीले कर्कलाको पातमा छोरी पाई खानै नपाई पोली खाई
जुँगा चल्यो कुरा बुझ्यो । (पृष्ठ ६४)
काग भन्दा कोइली चंख कोइली भन्दा म चंख (पृष्ठ १२२)

उखान टुक्काहरूलाई पात्रहरूले प्रयोग गर्दा कतै कतै आफैँसँग तुलना गरेर पनि प्रयोग गरेका छन् । जस्तै : माया वज्यैले कर्कलाको पातमा छोरी पाई खानै नपाइ पोली खाई भन्ने उखानको अगाडि विधवी बाहुनीले छोरी पाई भन्ने पदावली थपेकी छिन् । त्यस्तै काग भन्दा कोइली चंख भन्ने उखानको पछाडि कोइली भन्दा म चंख भनेर थपिएको छ ।

तसर्थ उपन्यासमा सग्लो रूप र तोडमोड गरी प्रयोग गरिएका यस्ता उखानहरूले समाजमा व्याप्त विकृति विसङ्गतिमाथि व्यङ्ग्य प्रहार गरेको छ ।

उपन्यासले राजनीतिक तथा सामाजिक विकृति माथि व्यङग्यात्मक शैलीमा प्रहार गरेको छ -"सौम्य, यो के भएको ? हिजो तिमी गन्हाएका थियौ अहिले पनि गन्हाएका छौ । किन गन्हाएका हँ यसरी ?"(१३४ पृष्ठ) यहाँ सौम्यको दुर्गन्धले फोहोरी राजनीतिको संकेत गरेको छ ।

कतै कतै भाषामा अश्लीलता जनाउने शब्दहरुका पनि प्रयोग भएको पाइन्छ "मोटरमा सौदामिनी अगाडि बसेको बेला आफूले स्मिताका घुँडामा हात राख्न पुगेका र रील धागोबारे बौराएको कुराहरू सम्झिएर उसले आफैँलाई झन तिरस्कार गर्‍यो र म के को कम्युनिष्ट हुनु, जासुस लगाएर त्यो मोरो अञ्चलाधीशले मलाई भद्रपुर देखि भगवानपुरसम्म जथाभावी पेल्यो, नबुझेका ती गधाहरूले लाठोले पिटौँला झैँ गर्दै मलाई त्यसै त्यसै सत्याग्रहको नेता बनाएर हेटौँडामा थुनाइदिए कसो त्यहाँ पनि बम पड्काएनन् त्यतिले नपुगी साले, त्यो अञ्चलाधीशले फेरि पनि घचेटेर जेल पुर्‍याई सुराकीको काम गराउने गर्‍यो । जँड्याहा भएँ, हेटौडामा बूढा धितालबाजेले नातिनी बुहारीहरूसित जथाभावी गरे घर्तिनीहरू सुमर्न अझै छोड्दैनन् ।"(पृष्ठ १६१)

अस्लिल क्रियाकलापमा संलग्न भएको सहधिताल बाजेको अनैतिक चरित्रलाई स्मरण गर्दा नाति सौम्यराजले आफ्नै मुखबाट यस्ता अश्लिल शब्दहरु ओकलेको हो ।

उपन्यासमा आलङ्कारिक तथा प्रतीकात्मक भाषाको प्रयोग पनि ठाउँ ठाउँमा गरिएको छ । उपन्यासको शीर्षक नै प्रतीकात्मक रूपमा आएको छ । जसमा तिन नारीलाइ देवीका प्रतीकका रूपमा स्थापन गरिएको छ। उपन्यासमा प्रयुक्त केही प्रतीकात्मक वाक्यहरू:-

सुद्युम्न भनेका फूलका बगैँचा हुन् यहाँ सुद्युम्नलाई कोमल र सुन्दरताको प्रतीकका रूपमा चिनाइएको छ ।

नारी भनेका त्यागका प्रतिमूर्ति हुन् । यसमा नारीलाई त्यागको प्रतीक मानिएको छ ।

त्यस्तै उपन्यासकारले यस उपन्यासमा अतीतावलोकन शैलीको प्रयोग गरेका छन् । यसमा अदृश्य पात्रहरूका वर्णन गरेर ती पात्रहरूको स्वभाव तथा अतीतलाई देखाइएको छ । यसले गर्दा दृश्य तथा अदृश्य दुवै पात्रललाई चिन्न सजिलो भएको छ। पात्रहरूका चारित्रिक छविहरू प्रस्तुत हुनाको साथै तिनलाई नजिकैबाट चिन्न सजिलो भएको छ । कृष्ण ध्वजको अतीतलाई स्मरण गरी स्मिताले भनेकी छिन्

“कृष्णध्वज जे जस्ता भए सबै मेजरकै कारणले भए। स्वास्नी मान्छेबारे ती बुढा लम्पट थिए त के,  मेजर भने अरु कुरामा फरासिला थिए र उदार थिए।”(पृष्ठ ६६)

यस वाक्यले उपन्यासका सबै अध्यायमा मेजर मनबहादुरको प्रत्यक्ष उपस्थिति नभए पनि उसको स्वभावको स्मरण प्रमुख पात्रबाट गरिएको छ।

अर्को ऐतिहासिक घटनाको स्मरण उपन्यासमा यसरी गरिएको छ ,

त्यसैकारण २०१७ सालमा राजाले आफ्ना बाहुलीमा शासन लिइबक्सिनासाथ नेपालको वामपन्थी आन्दोलन फुट्यो, होइन त सुद्युम्न हजूर ?

यो प्रसङ्ग २०४६ सालपछि बहुदलको घोषणा पश्चात उपन्यासका पात्रहरू बिच भएको राजनीतिक छलफलका क्रममा आएको हो।

## ३.८. गति र लय

उपन्यास संरचनाका तत्वहरूमध्ये गति र लय पनि पर्दछन्। उपन्यासभित्र कथानक, पात्र र घटना हुन्छन्। तिनीहरूलाई उपन्यास भित्र सफलतापूर्वक डुलाउनु नै गति हो। कथानकको विकासमा रहेको वेग नै गति हो। उपन्यासमा घटित घटना र कार्य व्यापारलाई दृश्यका रूपमा प्रर्दशन गरेर कथानकको गतिलाई अगाडि बढाउँदा उपन्यासको गति मन्द हुन्छ। उपन्यासमा घटित घटना र कार्यव्यापारलाई सूचानात्मक ढंगले प्रस्तुत गर्दा उपन्यासले तीव्र गति लिन्छ। उपन्यासमा प्रयुक्त लामा लामा वाक्य, छोटा वाक्य जटिल वाक्य तथा संयुक्त वाक्यको  योजना र संवादको प्रयोगले उपन्यासको तीव्र र मन्द बनाउने काम हुन्छ। (बराल ,एटम २०५८:४७) त्यसै गरी उपन्यासमा प्रयोग भएका बिम्बात्मक र आलङ्कारिक भाषाले पनि लयको सृजना गर्दछ।

**त्रिदेवी** उपन्यासको कथानक संगठित रूपमा अगाडि बढेको छ। यसको संरचना रैखिक ढाँचाको छ। उपन्यासको कथानकलाई विभिन्न शीर्षक दिएर अगाडि बढाइएको छ। तिन प्रमुख नारी पात्रको कार्यव्यापारलाई नै चरित्र चित्रणमा प्रधानता दिइएको छ। उपन्यासमा परिवेशको रूपमा काठमाडौ, वीरगंज लगायत विदेशका अनगिन्ति स्थानहरू आएका छन्। नालायनीको जीवनमा घटित भएको असामान्य घटनाले उपन्यासमा तीव्र गति लिएको छ। २००७ सालदेखि २०४६ साल सम्मको राजनीतिक घटनाक्रम पनि उपन्यासमा आएका छन्। उपन्यासका सृजित घटनाहरू आदि, मध्य र अन्त्यका शृङ्खलामा अगाडि बढेका छन्। उपन्यासमा प्रयुक्त काव्यात्मक भाषाले अभिव्यक्तिलाई लयात्मक र सुन्दर बनाएको छ। मुख्य रूपमा नालायनीको मनोवैज्ञानिक समस्याबाट उपन्यास अगाडि बढेको छ। नालायनीले पारिवारिक रूपमा सिन्दुरको स्वीकृति पाएपछि उपन्यासले तीव्र गति लिएको छ।

उपन्यासमा प्रमुख पात्रहरू नालायनी स्मिता र सौदामिनी बिचको संवाद महत्वपूर्ण हुनुका साथै अन्य सहायक पात्र तथा खल पात्र बिचका निरन्तर संवादले उपन्यासलाई गति प्रदान गरको छ। कतिपय संवादमा विभिन्न सूक्ति तथा काव्यात्मक भाषाको प्रयोगले उपन्यासमा मिठास थपिएको छ।

## ३.९ प्रतीक तथा बिम्ब

प्रतीक र बिम्ब पनि उपन्यासका तत्त्व हुन् । उपन्यासकारले उपन्यासलाई कलात्मक र आकर्षक बनाउन प्रतीक र बिम्बको प्रयोग गरेको हुन्छ । कुनै शब्द वा वाक्यले सोझै अर्थ बहन नगरिकन व्यञ्जनात्मक अर्थ प्रदान गर्दछ भने त्यस्ता शब्द र वाक्य प्रतीक हुन् । प्रतीकले एकातिर अमूर्त भावलाई भिन्न ढाँचाले मूर्तता र अभिव्यक्ति दिने काम गर्दछ भने अर्कातिर धेरै शब्द खर्च गरेर भन्नुपर्ने कुरालाई थोरै शब्दमा मिठोसँग भन्दछ । (बराल, एटम :२०५८, ४३) प्रतीक एउटा संकेत हो जसले कृतिमा सैन्दर्य थप्दछ । यो मूक भाषा हो, जुन विश्वजनीन पनि हुन सक्दछ र व्यैक्तिक पनि हुन सक्दछ । यस्तै बिम्ब भनेको मानसिक जीव हो जुन उपन्यास पढ्दा पाठकको मस्तिष्कमा कथानक, स्थान, चरित्र, घटना आदिको जुन छाँया मानसपटलमा कोरिन्छ त्यो नै बिम्ब हो । बिम्बले अमूर्तलाई मूर्तता दिन अमूर्तकै प्रयोग गर्दछ । बिम्बको भाषा संवेदनाको नजिक हुन्छ । जसले मान्छेको हृदयलाई छुने सामार्थ्य राख्दछ ।

**त्रिदेवी** उपन्यासका पात्र, घटना वा कियाकलापहरू प्रतीकात्मक रूपमा आएका छन् । उपन्यासको शीर्षक नै प्रतीकात्मक छ । त्यसैले उपन्यासलाई प्रतीकात्मक उपन्यासको रूपमा लिन सकिन्छ । तिन प्रमुख नारी पात्रलाई त्रिदेवीका प्रतीकका रूपमा लिइएको छ । प्रमुख तिन पात्रहरू नै उपन्यासमा प्रतीकका रूपमा आएका छन् । उपन्यासभित्रका विभिन्न पात्रका सामाजिक तथा मनोवैज्ञानिक समस्या पनि उपन्यासमा विभिन्न प्रतीकका रूपमा व्यक्त भएका छन् । नालायनीको जीवनमा घटित भएका विविध खाले मनोवैज्ञानिक कियाकलापहरूलाई यौनका प्रतीकका रूपमा देखाइएको छ । नालालयनीको जीवनमा बारम्बार आएको औठी, काइँयो पुरुष सृङ्गारका सामग्री, रामतोरीयाको चिचिलो, मूला, हरिया खुर्सानी आदिले यौनका प्रतीकलाई संकेत गर्दछन् ।

सानो विरुवामा झुन्डिरहेका कलिला खुर्सानीलाई तिनले अचलजस्तै ठानिन् र डोल्सीबाट झिकेर एउटा हरियो खुर्सानी कुटुकुटु टोक्दै 'हेरिस्योस् न भाउजूहजुर, खुर्सानी हरियै भएपनि पीरो पो हुन थालिसकेछ " भन्दै डोल्सीमा देखाइन् ।(पृष्ठ ८६)

यहाँ हरियो खुर्सानी अचलको बिम्बको रूपमा आएको छ । नालायनीले आफ्नो औठी रामतोरीयाको चिचिलामा अड्काउनुलाई पनि यौनजन्य काम वासनाको तृप्ति मेटाउने बिम्बको रूपमा लिन सकिन्छ ।

उपन्यासमा राजनीतिक विकृतिका रूपमा व्यक्तिलाई काग र वकुल्लाको रूपमा बिम्बित गरिएको छ ।

काग र बकुल्लाले आफ्ना प्वाँख फेर्नु बाहेक कुरा त सबै उस्तै छन्, फेरि पनि काग काग नै र बकुल्ला बकुल्लै छन्। (पृष्ठः २२५)

देशमा प्रजातन्त्र र बहुदल आयो भने पनि राजनीतिक नेतृत्वको व्यवहारमा परिवर्तन नआएकोले राजनीतिक नेतृत्वलाई काग र बकुल्लाको रूपमा बिम्बित गरिएको छ । त्यस्तै राजनीतिक विकृतिलाई दुर्गन्धको प्रतीकका रूपमा उपन्यासमा यसरी व्यक्त गरिएको छ ।

"सौम्य यो के भएको ? हिजो तिमी गन्हाएका थियौ र अहिले पनि गन्हाइरहेछौ ।" (पृष्ठ १३४)

यस वाक्यले सौम्यराजको शरीर नगन्हाएर उसको राजनीतिक दुर्गन्ध गन्हाएको संकेत गर्दछ ।

पूर्व पश्चिम हिमसागर पुस्तकालयले प्रतीकात्मक अर्थ बोकेको छ । पूर्व शब्दले पूर्वीय साहित्यलाई बुझाउँछ भने पश्चिम शब्दले पश्चिमी साहित्यलाई बुझाउँछ । पूर्वको हिमाल नालायनी र स्मिताले ल्याएका छन् भने पश्चिमको सागर शम्भु थापा र सौदामिनीले ल्याएका छन् ।

उपन्यासमा प्रयुक्त भएका यस्ता बिम्बात्मक र प्रतीकात्मक पद तथा वाक्यहरूले उपन्यासको भाषालाई कलात्मक, सुस्वादयुक्त र निख्खर बनाएका छन् । यस उपन्यासमा यस्ता पद तथा वाक्यहरूमा पाठकको ध्यान खिच्ने शक्ति पनि छन् । उपन्यासमा यस्ता बिम्बात्मक तथा प्रतीकात्मक भाषाको प्रयोगले निख्खरता पनि ल्याएका छन् ।

## ३. १० सारवस्तु

उपन्यासको आकार सानो वा ठुलो जे भए पनि त्यसले कुनै एउटा केन्द्रीय विचारलाई बोकेको हुन्छ । त्यही केन्द्रीय विचारलाई परिपुष्ट पार्नका लागि आवश्यक घटनाहरूको सञ्जाल सिर्जना गरी उपन्यासमको आयाम विस्तार गरिएको हुन्छ । यस क्रममा उपन्यासकारले मूल विचारलाई नाटकीकरण गरी साधरणीकृत अवस्थामा पुऱ्याएको हुन्छ । त्यही मूल विचार वा आधारभूत विचार नै उपन्यासको सारवस्तु हो अर्थात् कुनै पनि लेखकको दृष्टिकोणको कलागत निष्कर्ष नै सारतत्त्व हो (बराल २०५८:३७) सारतत्त्व उपन्यायस संरचनाको एक महत्वपूर्ण तत्त्व हो यसले समष्टिमा उपन्यासकारले व्यक्त गर्न खोजेका लक्ष्यलाई समात्दछ ।

**त्रिदेवी** उपन्यास एक सामाजिक मनोवैज्ञानिक समस्यामा आधारित चरित्र प्रधान उपन्यास हो । मेजर शम्भु थापाको घरमा परम्परागत छलफलबाट उपन्यासको सुरु गरी आदि कालमा पृथ्वीमा आगो ल्याउने प्रथम व्यक्ति पुरुष भए पनि हाल विकासका लागि महिलाहरूको महत्वपूर्ण योगदान रहने कुरा उपन्यासले संकेत गर्न खोजेको छ ।

यस उपन्यासले नारी अहम् र अस्तित्वको केन्द्रमा रहेर मानवीय भावना र नियतिको कलात्मक रूपमा प्रतिष्ठापन गरेको छ । तिन प्रमुख पात्रको रूपमा नारीहरूलाई स्थान दिई पुरुष पात्रलाई घटना र द्वन्द्वको विकासको निम्ति उपस्थापना गरिएको छ । नारीका आस्था, प्रतिवद्धता, चिन्तन, सोचाइ, समस्या र नियतिलाई **त्रिदेवी** उपन्यासमा औपन्यासिकता प्रदान गरिएको छ ।

उपन्यासकी केन्द्रीय पात्र नालायनीको चरित्रमा देखापरेको द्विविधाको सकारात्मक नकारात्मक पक्षलाई सुस्पष्टताका साथ देखाइएको छ । मानवमा शरीर र मनले दुई क्षेत्रको प्रतिनिधित्व गर्दछन् । जीवनमा योग, भोग वा ज्ञान र यौन दुबैको उत्तिकै आवश्यकता मानवलाई पर्दछ । यौन भावनाको तीव्रताले मानवलाई बढी चंचल उत्सुक र भ्रमित तुल्याउन सक्छ । नालायनीमा पनि यस्तै अनियन्त्रित संवेगात्मक क्रियाकलापहरू पटक पटक दोहोरिरहेका छन् । ती असामान्य क्रियाकलापबाट नालायनीलाई मुक्ति दिलाई जीवनमा एक आदर्श पात्रको रूपमा चिनाउनको निम्ति उनमा अस्वभाविक परिवर्तन देखाइएको छ । उपन्यासले आफू हिडेको आदर्शको बाटो सबैले अवलम्वन गरून भन्ने उद्देश्य राखेको छ ।

### ३.११ निष्कर्ष

**त्रिदेवी** उपन्यास वृहत पात्रहरू बोकेको चरित्रप्रधान बौद्धिक, वैचारिक र मनोवैज्ञानिक उपन्यास हो। उपन्यासमा तिन प्रमुख नारी पात्रलाई महत्व प्रदान गरिएको छ। नालायनी पात्रलाई सर्वोच्च मूल्य प्रदान गरिएको छ भने स्मिता र सौदामिनी पात्रको चरित्र पनि कम महत्व छैन। उपन्यासमा शम्भु थापा, सुद्युम्न, बडा मेजर आदि प्रमुख पुरुष पात्रहरू केवल घटना विस्तार र द्वन्द विकासका निमित्त उपास्थापित छन्। उपन्यासका चरित्र सामाजिक जीवनबाट लिइएको भए पनि चरित्राङ्कन पद्धति आदर्शमुखी छ। आदर्शज्ञान र विचारका आदर्शात्मक प्रतिमूर्ति छन्। चरित्र सत् र असत् दुई फ्याँकमा विभाजित छन्। नालायनी र सौम्यराज विकासशील चरित्रका रूपमा आएका छन्। यिनले मानसिक द्वन्द भेल्दछन्। मेना, शैलु, र दिव्याल नयाँ त्रिदेवीको रूपमा आएका छन् भने अचल र उत्तङ्क शम्भु थापा र सुद्युम्नको उत्तराधिकारीको रूपमा आएका छन् । उपन्यासले व्यापक परिवेश बोकेको छ। यस उपन्यासमा दृष्यात्मक पद्धतिको रूपमा २०३६-४६ सालसम्मको अवस्थालाई महत्व दिइएको छ भने संक्षेप पद्धति अन्तर्गत राणाकालीन परिवेश र २०४६ साल पछिको परिवेशको संकेत पनि पाइन्छ। उपन्यासमा खास गरी उपत्यकाको परिवेशलाई केन्द्र बनाइएको छ। यसको वरिपरि सिन्धुली, मध्य नेपाल र मध्य नेपालका तराइ, पहाड, मुक्ति क्षेत्र र मनकामना आदि क्षेत्रको समेत चित्रण गरिएको छ भने मुलुक बाहिर ज्ञान आर्जनक र राजनीतिक चेतनाका दृष्टिले महत्वपूर्ण मानिने वरणासी, पटना, उत्तर बङ्गाल आदि हिन्दुस्तानी स्थलहरूको बयान गरिएको छ। उपन्यास भाषा शैलीका दृष्टिले उच्च रहेको छ। परिवेश र पात्र अनुकूल भाषाको प्रयोग, विभिन्न किसिमका तत्सम तथा आगन्तुक शब्दहरूका प्रयोगले उपन्यासको भाषा उत्कृष्ट बनेको छ।

# अध्याय ४
# प्रवृत्तिगत आधारमा त्रिदेवी उपन्यास

## ४.१. सामाजिक यथार्थवादी प्रवृत्ति

समाजमा देखा परेका यथार्थ घटनाहरूलाई आत्मसमत गर्नुका साथै स्वैरकल्पना र अतिरञ्जनाबाट मुक्त भई निम्नवर्गीय जीवनका व्यथा र अभावहरूको उद्घाटन गर्ने काम सामाजिक याथार्थवादी कृतिहरूमा हुने गरेको पाइन्छ। समाज र साहित्यलाई सूक्ष्म रूपमा अन्तर सम्बन्धित बनाउने काम सामाजिक यथार्थवादी धारामा हुन्छ। इन्द्रियबाट प्राप्त ज्ञानलाई महत्व दिने र मान्छेलाई मान्छेकै रूपमा चित्रण गर्ने क्रममा निम्नवर्गीय चरित्र र कटु सत्यलाई यस वादले प्राथमिकता दिन्छ। (बराल, एटम,२०५८)

**त्रिदेवी** उपन्यासले नेपाली समाजका नारीहरूको विविध खाले सामाजिक समस्या तथा नेपाली बासीहरूको आर्थिक समस्यालाई उजागर गरेको छ। यसका साथै नेपालको तत्कालीन समाजको राजनीतिक विकृति तथा विसंगतिले पारेको प्रभावलाई जस्ताको तस्तै पस्किएको छ। राजनीतिक विकृतिलाई यसरी उजागर गरेको छ।
नेपालको राजनीतिमा जतातत्तै सौम्यराजहरू नेता भएका छन्।(पृष्ठ २२९)

राणाकालीन नेपाली समाजको जिउँदो यथार्थ चित्रण गरिएको छ। तत्कालीन नेपाली समाजमा प्रचलित बालविबाह र बाल्य जीवनमा नै विधवा भएका नेपाली नारीहरूलाई पुन विवाह गर्न रोक लगाइनुका साथै घर तथा माइती दुबै पक्षबाट हेला भएर फालिनुपर्ने बाध्यतालाई यथार्थ रूपमा प्रस्तुत गरेको छ। बाल विधवाहरूले दरबारमा शरण लिँदा उल्टै राजा महाराजा र तिनका कृपापात्रबाट यौन शोषणमा पर्नुपरेको यथार्थ चित्रण यस उपन्यासमा गरिएको छ। उपन्यासकी सहायक नारी पात्र माया बज्यैले दरबामा भोग्नु परेको यथार्थ नियतिलाई यसरी प्रस्तुत गरिएको छ :

"महाराज भनौदो त्यो असिद्धि मोराले पनि त्यहाँ गर्नुगऱ्यो तर के भन्नु ,आफ्नै भाग्य विधवी बाहुनीले कर्कलाको पातमा छोरी पाई खाँन नपाई पोली खाई जस्तै परेकी थिएँ हजुर तैपनि बुद्धि सप्रिएछ, सातौटी ठिटी बोक्तै राजर्षी भएर रिडी जाँदा ल यो विधवी बाहुनीलाई हजार रूपैँया दिएर बडा मेजरकै घरमा पठाइदिनू, यसकी छोरी सिहदरबारमा के भई, खोजेर यसैलाई बुझाइदिनू नत्र मेरो परलोक बिग्रनेछ भन्दै थान्कोटतिर वसन्ती रङ्गको दौरासुरवाल पटुका त्यस्तै फेटा गुथेर आफूलाई राजर्षि भन्दै वग्गीमा हिड्यो।"(पृष्ठ ६५)

यस उपन्यासकी प्रमुख पात्र नालायनी शिक्षित र पढेलेखेकी बौद्धिक नारी भएकीले नेपाली संस्कृति तथा संस्कारलाई राम्ररी बुझेर दोस्रो विहे गरेकी छैनन्। यसबाट नेपाली समाज आफ्नो संस्कार तथा संस्कृतिमा अडिग रहेको यथार्थ स्पष्ट पारेको हुन्छ। नालायनी नेपाली परम्पराको यथार्थलाई भाउजूमाझ यसरी व्यक्त गर्दछिन्
"विधुवाले सिन्दुर छुन पनि हुँदैन होइन र भाउजू हजुर ?" (पृष्ठ ३९)

तत्कालीन समाजमा व्याप्त बाल विवाह र विवाह पश्चात कलिलै उमेरमा पतिको मृत्यु भएको खण्डमा बाल वैधव्यतामा सहेर बस्नु परेको नमिठो कलंकको छापलाई माया बज्यैको मुखबाट उपन्यासमा यसरी व्यक्त गरिएको छ,

"कहाँ र हजुर ? बाहुनीको अर्को विहे हुन्छ र ?  हजुरहरूलाई त त्यस्तो गाहारो पर्छ पहाडमा त विधवी बाहुनी भनेपछि कस्तो !"

यसले तत्कालीन समाजका विभिन्न सत्य यथार्थलाई उजागर गरेका हुनाले उपन्यासलाई सामाजिक यथार्थवादी उपन्यासको रूपमा ग्रहण गर्न सकिन्छ ।

## ४.२ राजनीतिक विकृतिको तीव्र व्यङ्ग्य

**त्रिदेवी** उपन्यास राजनीतिक व्यङ्ग्य तथा विकृतिले भरिएको उपन्यास हो। राणकालीन समयको राजनीतिक गतिविधि शोषण र दमनको तीव्र रूप तथा सात सालदेखि सत्र सालसम्मको राजनीतिक घटनाक्रमलाई समेत उपन्यासमा सामेल गरिए पनि तीस वर्से पञ्चायती कालको राजनीति संचालन गर्ने पञ्च चरित्रहरूलाई बहादुर, तोपबहादुर, तर्बारसिंह, युवतीराज, वनराजजस्ता साङ्केतिक नाम र एउटा रामेश्वर उपाध्ययाय जस्तो व्यक्तिवाचक सामान्य नाम दिएर सामूहिक रूपमा तिनलाई भाषणवीर, खाउवीर, भोजवीरको उपाधि दिदै सोल्टी, सेरारल्टन र शेर्पाको खोपीहरूमा सुरासुन्दरीमा डुबेर मस्त हुन्छन् । जनआन्दोलन हुँदा मुसा झैँ दुलामा लुकेर बस्ने नेताहरूलाई कायरका रूपमा चित्रण गरिएको छ। यी पञ्चायती चरित्रहरू मध्ये कुनै एकलाई प्रतिनिधिको रूपमा उभ्याउने आवश्यकता अनुभव गरिएको छैन भने प्रजातन्त्रवादी राजनीतिक समूहको प्रतिनिधित्व गर्ने कुनै चरित्रलाई पनि प्रस्तुत गरिएको छैन तर भूमिगत वामपन्थी राजनीतिसँग सम्वन्धित गतिविधिको वर्णन उपहासपूर्ण रूपमा गरिएको छ। त्यसको प्रतिनिधिको रूपमा सौम्यराजको चरित्रलाई खल चरित्रको रूपमा लिइएको छ। सौम्यराज, उसकी पत्नी तथा बाजेको कुत्सित चरित्र र कार्यको व्यङ्ग्य गरिएको छ। बहुदलको स्थापनाद्वारा आफूलाई चिनाउँदै अराजक रूपमा भूमिगत वामपन्थी आन्दोलन गर्ने विकृत र अराजक राजनीतिको भण्डाफोर गरिएको छ। तसर्थ मुलुकको राजनीतिक स्वास्थ्यमा एक घातक जीवाणुको रूपमा सौम्यराजलाई उभ्याएर राजनीति विकृतिप्रति कडा व्यङ्ग्य गरिएको छ ।

## ४.३ आलोचनात्मक यथार्थवादी प्रवृत्ति

आधुनिक नेपाली उपन्यास परम्परामा देखापरेको विविध धाराहरू मध्ये आलोचनात्मक यथार्थवादी धारा पछिल्लो समयको सशक्त धारा हो। समाजमा देखिएका कुरीती, शोषण, अन्धविश्वास तथा अन्य विसंगति तत्वहरूलाई औंल्याएर तिनको विरोध गर्ने तथा तिनलाई सुधार्नुपर्ने आकांक्षा राख्ने लेखन पद्धति नै आलोचनात्मक यथार्थवाद हो। राम्रा र असल पक्षको समर्थन र खराब कुराहरूको आलोचना यस वादले गर्दछ। समाज भित्रका घटनाहरू यथार्थरूपले देखाउने मात्र नभई त्यसभित्रका खराव कर्महरूप्रति अभिप्रेरित गर्नु यस वादको विशेषता हो ।

**त्रिदेवी** उपन्यासले नेपापली समाजभित्रका थुप्रै विकृति विसंगति अन्धविश्वास परम्पराप्रति आलोचना गरेको छ। विधवाको कलंक लगाई रातो टिकाबाट नेपाली नारीहरूलाई बन्देज गर्ने नेपाली संस्कारको विरुद्ध खुलेर आलोचना गर्ने, बाल विधवालाई माइती तथा घरबाट नै अपहेलना गर्ने जुन परिपाटी नेपाली समाजमा हुर्किएको छ त्यसप्रति त्रिदेवी उपन्यासले कडा आलोचना गरेको छ। जसमा नालायनी आफ्नो वैधव्य जीवनमा सिन्दुर पहिरिन नपाएको आक्रोसलाई यसरी पोख्दिछिन् :

"म केको विधवी ! मुलुक नै कहिलेदेखि विधवा भएको छ ? यिनीहरूलाई यहाँ पनि विधवी र सधुवीको चिन्ता !"(पृष्ठ १००)

मानिसका स्वतन्त्रता विपरीत चलेका सामाजिक नियम तथा संस्कारहरूको खुलेर आलोचना गर्नुका साथै त्यसबाट नेपाली समाजलाई मुक्त गर्नुपर्छ भन्ने आशय यहाँ प्रकट भएको छ। तत्कालीन रूपमा देखिएको राजनीतिक परिवर्तनसँगै देखिएका विकृति विसङ्गतिप्रति पनि उपन्यासमा तीव्र आलोचना गरिएको छ। सौम्यराजले फैलाउन खोजेको राजनीतिक प्रदुषणलाई तिन प्रमुख पात्रहरुले आलोचना गरेका छन्। देशमा यस्तो राजनीति नगर्न नालायनीको कोठामा राखेर सौम्यलाई सचेत गराउने काम समेत स्मिताबाट भएको छ। स्मिताले सौम्यको विकृत राजनीतिको व्यङ्ग्य गर्दै भनेकी छिन् "सौम्य यो के भएको ? हिजो तिमी गन्हाएका थियौ र अहिले पनि गन्हाएका छौ।"(पृष्ठः१३४)

## ४.४ आदर्शवादी उपन्यास

आदर्शववाद विचारबाट निर्मित शब्द हो। जसको खास अर्थ संसारमा पदार्थ भ्रम हो भन्ने विचार वा आत्मा सत्य हो भन्ने हुन्छ। (वराल, एटम२०५८:९७) उपन्यासमा आदर्शवादको प्रयोग कुप्रवृत्तिको हार र सद्वृत्तिको जित, त्यागी एवं परोपकारीको उन्नति र दुष्टको दुर्गति देखाई गरिएको हुन्छ। अविश्वसनीय भए पनि अनुकरणीय चरित्रको उपस्थापन र महान प्रेरणा दिने उपदेश आदर्शवादी उपन्यासमा पाइन्छ।

**त्रिदेवी** उपन्यास आदर्शवादी उपन्यास हो। यसका प्रमुख पात्रहरूका आदर्श गुण र व्यवहारले उपन्यासलाई आदर्शवादी उपन्यासको रूपमा चिनाएको छ। त्रिदेवी उपन्यासमा उपन्यासकारले सामजिक विकृति विसंगतिप्रति व्यङ्ग्य गर्नुका साथै आदर्शवान चरित्रका माध्यमबाट सामाजिक सुधारका कार्यहरू सम्पन्न गराएर उपन्यासलाई आदर्शमुखी बनाएका छन्। प्रमुख तिन नारी पात्रहरू नेपालको सामाजिक आर्थिक तथा राजनीतिक समस्याको निम्ति ज्ञान ज्योति बटुल्दै र बाँड्दै अश्रान्त हिडिरहेका भेटिन्छन्। ज्योति र अग्नि आर्जन गर्ने प्रकाश पथका यात्री पुरुरवाहरू मात्र होइनन्, नालायनीहरू पनि भएका छन्। सामाजिक, राजनीतिक चेतनामा आधारित भएर पनि यो उपन्यास बौद्धिक र वैचारिक बन्न पुगेको छ। नारी समस्या, नियति र यौन मनोविज्ञानमा आधारित भएर पनि नारी अस्तित्व, अहम् र आदर्शको उदाहरण बनेको छ त्रिदेवी उपन्यास।

## ४.५ मानवतावादी दृष्टिकोण

उपन्यासकार मदन मणि दीक्षित मानवीय मूल्य र सामाजिक संस्कार संस्कृतिले लेखनमा स्थान प्राप्त गरोस् भन्ने चाहना राख्दछन्। त्रिदेवी उपन्यासका प्रमुख नारी पात्रहरूले व्यक्त गरेका विचारहरू विशेषतः मानवतावादका पक्षमा उभिएका देखिन्छन्। यी पात्रहरू जे कार्य हुनुछ समाज र देशको लागि होस् भन्ने चाहन्छन् र त्यसैका लागि जीवनभर लागि परेका पनि छन्। यी पात्रहरूलाई देशका विभिन्न स्थानहरूको भ्रमण गर्दा गाउँवासीका विविध समस्याले पिरालेको छ, दुखी बनाएको छ। मानवका निमित केही गरौं भन्ने भावना जागृत भएको छ। शास्वत मानवीय मूल्यको अनुसरण विना राष्ट्रको उन्नति हुँदैन भन्ने यिनको उपन्यासको निचोड रहेको छ।

## ४.६ नारीवादी उपन्यास

नारीवादी राजनीतिक समतामूलक विचार बोकेको र सन् १९६० तिर सुरु भएको पुरुष प्रधान समाजका विरुद्धको नारी आन्दोलन हो। यो लैङ्गिक विभेदका दृष्टिले हेर्दा जातीय मानिने विश्वका आधा भन्दा बढी संख्याका नारीहरूको साहित्यिक शंखघोष गर्ने र परम्परारलाई नारीका पक्षमा नवीकरण गर्ने अध्ययनको थालनी हो। पुरुषप्रधान समाजका नारीले भोग्नुपर्ने पीडाको अभिव्यक्ति पनि नारीवादी लेखनमा हुने गर्दछ भने यस्तो भेदभावबाट पूर्णतः मुक्तिको आग्रह पनि यसमा रहेको हुन्छ। (बराल, एटम, २०५८,१२४)

नारीवादी उपन्यासमा नारीका पक्षमा दृष्टिकोण बनाई त्यसको सफल प्रस्तुति दिनुका ससाथै उपन्यासलाई स्त्रीलिङ्गकेन्द्री बनाई नारीका बिच सामञ्जस्य, समन्वय र सृजनात्मक सम्बन्ध कायम गरी एकताबद्ध संघर्षका लागि आव्हान गरिएको हुन्छ।

**त्रिदेवी** उपन्यास नारी प्रधान उपन्यास हो। यस उपन्यासमा तिन जना विदुषी नारीहरूलाई प्रमुख पात्रको स्थान दिइएको छ नारीहरूको सामाजिक मूल्य मान्यता तथा मनोविज्ञानलाई ख्याल गरी नारीको उच्च मूल्याङ्कनमा जोड छ। नारीहरू देश विकासका हरेक कार्यमा हरेक पलमा पुरुष सरह अगाडि बढ्न सक्दछन् भन्ने कुरालाई आदर्शका रूपमा नारीलाई अगाडि सारिएको छ। समाजमा पुरुषले नथालेका सामाजिक काममा नारीलाई अग्रसर गराइएको छ। उपन्यासका प्रमुख नारी पात्रहरू सामाजिक कार्यका लागि कहिले नेपालको पूर्व त कहिले पश्चिम पुगेका छन्। पूर्व पश्चिम हिमसागर पस्तकालयको स्थापना गरेर जीवनलाई सार्थक बनाउन देश र राष्ट्रको लागि केही गर्नुपर्छ भन्ने उदाहरण पनि उपन्यासका नारी पात्र नै बनेका छन्।

## ४.७ यौन मनोविश्लेषणात्मकता

**त्रिदेवी** उपन्यास मनोविज्ञानको सफल प्रयोग गरिएको उपन्यास हो। उपन्यासका तिन मुख्य पात्रहरू मध्येकी एक प्रमुख पात्र नालायनीलाई केन्द्र बनाएर देश देशान्तरको थरि थरि काम जीवन अत्यन्त उत्साह र अभिरुचिका साथ प्रस्तुत गरिएको छ। नालायनीको अतृप्त कामवासनालाई असामान्य यौन व्यवहारको रूपमा प्रकाशन गरिएको छ। नालायनीको एकान्त यौन लिला पेरिस र रोमका खुला यौन व्यापारको वर्णन यति मात्र नभई उपन्यासमा जुद्ध शमशेर र उनका कृपा पात्र मेजर मनबहादुरको पर स्त्रीगमन तथा सह धितालको नातिनी बुहारीसँगको कामकथा र पेरिसको पियाल थिएटरमा प्रस्तुत हुने यौन समागमको दृष्यको उपकथा, रोमको सडकमा राति हुने यौन व्यापारको लागि केटी रोज्ने र छान्ने कथाहरू पनि उपन्यासमा विभिन्न सर्न्दभमा आएका छन्।

उपन्यासकी प्रमुख चरित्र नालायनीको मनोविज्ञानलाई उपन्यासमा अति राम्ररी केलाइएको छ। उनी सामाजिक समस्या बनेकी छिन्। १९ वर्सको उमेरमा विवाह बन्धनमा बाँधिएकी पर्सिपर्ल्ट विधवा हुन पुगेकी उनमा त्यहींबाट मनोवैज्ञानिक समस्याले जरो गाडेको छ। एकातिर उनमा श्रृङ्गारको सोख अनि सिन्दुर लगाउने रहर छ भने अर्कातिर विवाहको लगत्तै वैधव्य हुँदा परिवारले आफूमाथि थोपरेको पोइ टोकुवाको लाञ्छनाले पिरोलेको छ। आफ्नो चढ्दो जवानी उस्माथि विवाहलगत्तै पति गुमाउनुपर्दाको दुख त अर्कोतिर सासूले मेरो छोरो खान पो आएकी रहिछ यो, जस्तो क्षुब्ध वाक्यलाई उनले कहिल्यै पनि बिर्सन

सकेकी छैनन् ।

नालायनीमा मनोवैज्ञानिक रूपमा पतिको खाँचो महसुस भइरहेको हुन्छ । आफूलाई घरि ऐनामा नङ्ग्याउने घरि सात वर्से भदालाई समेत वलात्कार गर्ने प्रयास गर्ने जस्ता असामान्य यौन कियायकलापका विकृत रूपहरू नालायनीमा देखापर्दछ र पटक पटक दोहोरिरहन्छ । नालायनीमा उब्जिएको यौनाकांक्षा तथा यौनावेगले पत्नीत्व प्राप्त नगरी प्रिय पतिसँग बिछोड हुनाको परिणतिलाई दर्शाउँछ । उनी जन्मिएकी कुल र वर्गमा विधवा विवाह परम्परा नभएकाले उनी शिक्षित नारी भइकन पनि आफ्नो कुलगत मर्यादा उलङ्घन नगर्ने आन्तरिक मनसायले हो वा मृत पतिप्रति गहन अनुराग रहेकाले हो उनले अर्का विवाह गर्न चाहिनन् ।

एकातिर नालायनीमा प्रचण्ड यौनवेग छ भने अर्कोतिर विवाह नगर्ने अठोट त्यसमाथि विधवा भएर पनि सधवा वा कुमारी नारीको वेषभूषाको र शृङ्गार पटारको अदम्य लालसा छ। यसबाट नालायनीमा मनोविज्ञैनिक रूपमा समाज बाधक भएको देखिन्छ। सिन्दुर पहिरिएर सामाजिक मान्यतालाई वहिष्कार गरेकी छन्। भने पुनः विवाह नगरेर सामाजिक संस्कार र कुलको मर्यादा विपरित जान चाहेकी छैनन्। यही नै उनको मनोवैज्ञानिक समस्याको उपज हो । दाजु भाउजूबाट भदालाई लिएर सुत्ने जिम्मा पाएकी नालायनीमा नजाँनिदो रूपमा उक्त सात वर्से भदाप्रति अनुराग बढ्दै जान्छ । परिणामस्वरूप उनले सात बर्से बच्चोलाई एउटा वलिष्ट पुरुषको रूपमा देखेकी छन् । यौन तृप्तिका लागि अचललाई चुम्बन गर्ने, अँगाल्ने आदि गरेकी छिन् । उनको यौन मनोवैज्ञानिक समस्यालाई उपन्यासमा यसरी प्रस्तुत गरिएको छ ।

“ए उ क्या त, त्यहीं छ नि आफ्नै ठाउँमा, ल अब जुत्ता पैह्रिएर स्कूल जाने भन्दै तिनले विछ्यौनाबाट अचललाई तल ओह्राल्न उठाइन् र अनायासै अँगालोमा कसेर त्यसका गाला, ओठ, र गर्दनमा दीर्घ चुम्वन गरिन्” (पृष्ठः१४)

नालायनीले आफूमा भएको यौनावेगलाई रोक्न नसकी यस्ता असामान्य क्रियाकलाप गर्न पुगेकी हुन् ।

अचल गयो नालायनीको सास अड्किन र जिउ तात्न खोजे जस्तो भयो आफ्नो लम्पटबाट तिनी उठिन् अचलको जुत्ताबाट दाहिने मोजा झिकिन् र चोलाको खाकिलामा लुकाइन् । आफ्नो छातीले त्यो मोजालाई स्पर्श गर्दा तिनको आँखा अनायास चिम्लिन पुगे । तिनलाई लाग्यो दुलान फर्काएको दिनझैं श्यामका गोडा सुम्सुम्याइरहेकी छिन् । त्यस्तो अनुभव बर्सौं पछि पहिलो पल्ट भएको थियो । आनन्दमा विह्ल हुँदै तिनले ढोको छेस्किनी लगाइन् र खोकिलाबाट मोजा झिकेर सुम्सुम्याउँदै त्यसले आफ्नो निधार, आँखा, गाला पुछ्न त्यो मोजाको भित्र र बाहिर सुँध्न थालिन । उनले मोजामा विचित्रको गन्ध अनुभव गरिन्

बालकको मोजामा यौनको गन्ध थियो । (पृष्ठ ४१)

श्यामसँग विवाह भएको पर्सिपल्टै विधवा बन्न पुगेकी नालायनीलाई श्यामसँगको बिछोडले मनोवैज्ञानिक रूपमा विक्षिप्त तुल्याएको छ । श्यामसँग विहे भएपनि पत्नीको अनुभव गर्न नपाएकोले श्यामप्रतिको आशक्तिका कारण सात वर्से भदा अचलप्रति यस्तो नकारात्मक प्रवृत्ति बढ्न गएको हो । यी क्रियाकलाप नालायनीको अचेतन मन प्रबल भएको बेला उत्पन्न भएका हुन् ।

नालायनी आफूलाई बारम्बार तिन पाटे ऐनामा निर्वस्त्र पारेर हेर्ने गर्छिन्। यही सिलसिलामा एकदिन जब अन्जान बालक भदा अचलले देख्न पुग्दछ तब उनको असामान्य पनले अझ उग्र रूप लिन्छ। उसको शरीर छुँदासम्म पनि उत्तेजनाको स्वाद पाउँछिन्। अचलको मोजा खोकिलामा लुकाउने, ब्रान्डी चोरेर खाने, आफ्नै दाजुको काइँयो खोकिलामा राख्ने घरमा आएको दाजुको साथीको सेफर्स पेन चोर्ने गर्दछिन्। उनको चोर्ने बानी घरमा मात्र सीमित नभएर घर बाहिर पनि बढ्दछ। स्मिताको कोठामा जाँदा सुद्युम्नको ल्वाङ खाने बट्टा, स्मिताकी छात्रा शैलुको घरमा जाँदा उसको लोग्नेको सिंगार पाइप समेत चोरेर ल्याउँछिन्। आफू फेरि पश्चतापको बोधले थिचिंदै र ती सामान च्यात्दै फुटाउँदै गर्न थाल्छिन्। उनमा अचेतन मन प्रबल भई नकामहरू गर्दै जाने र उत्तेजित हुन गर्छिन। चेतन मन प्रबल हुँदा आफूले चोरेका सामानप्रति दृष्टि दिदै आफूले आफैंलाई धिक्कार्छिन्।

"यहाँ मलाई के नपुग्दो छ र ? किन मैले यो सामान चोरेकी ? के हुन लागेको मलाई ? भन्दै धुरु धुरु रुन्छिन्।"(पृष्ठ ९२) नालायनीको यस्तो व्यवहार थाहा पाएर स्मिताले पनि भनेकी छन् "कामबासना पड्किएर यस्तो भएको हो।"

यति मात्र नभएर नालायनी आफ्नो हातको औंलाको औंठी बारम्बार खोल्ने लगाउने गर्दछिन्। नाडीको चुरासँग पनि बारम्बार खेलिरहन्छिन्। औंठी लगेर बारीको रामतोरियाको चिचिलोमा घुसार्नुमा उनी यौन तृप्ति भेट्टाउँछिन्। सात वर्से भदा अचललाई ब्रान्डी खुवाएर आनन्दित हुन्छिन्।

"फुपू हजुर मलाई त डर लाग्न थाल्यो, एक्लै सुत्न सक्तिन आज..........अचलको बोली लर्बराउँन थाले जस्तो भयो नालायनीलाई रमाइलो लाग्यो( पृ १११)।"
अचलले यसो भनिरहदा नालायनीमा खुसीको चमक छाएको छ। यसैबाट उनले यौनको प्यास मेटेकी छिन्।

उनले यिनै विचित्र कियाकलापबाट कुण्ठित यौनेच्छा पुरा गरेकी छन्। यसलाई उनी अपराध र पाप पनि सम्झिन्छिन्। दमित कामेच्छा पड्किएर प्रबल भएको पनि स्वीकार्दछिन्।

कामोत्तेजनाका यी विविध क्रियाकलापबाट नालायनीमा पति वियोगको तीव्र रूपमा मनोवैज्ञानिक प्रभाव परेको भन्ने सत्यता झल्किन्छ। उनलाई रातो पहिरन र सिन्दुरमा पारिवारिक सामाजिक स्वीकृति दिलाएर समस्याको समाधान गरिएको छ। उनी आफ्नो शिक्षा, ज्ञान, बुद्धि संकार र परिवेशका कारण मानसिक तथासंवेगात्मक रूपमा सुध्रिएकी छिन्। उनले आफूलाई छिट्टै कर्मशील ज्ञानको साधनामा समर्पित गरेकी छन्। उनमा जुन विकृत वा अस्वस्थता आरम्भमा देखिएको छ त्यसका लागि उनलाई श्यामकी पत्नी नभए पनि विधवा बनाउने नियति दोषी देखिन्छ। तसर्थ पति वियोगले गर्दा नालायनीमा मनोवैज्ञानिक प्रभाव परेको हो।

सौम्यराजमा पनि स्मितासँगको विछोडले मनोवैज्ञानिक प्रभाव परेको देखिन्छ। ऊ विवाहित भएर पनि पत्नी देखि टाढा रहन विवश छ। उसको बाजेले आफ्नी पत्नीलाई भित्रिनी बनाई राखेको हुनाले ऊ धेरै अपमान र हिनताबोधले थिचिएको छ। ऊ घरि घरि स्मितालाई सम्झेर सद्युम्नसँग विहे गरेकोमा कुध पनि हुन्छ। स्मिता उठेर गइसकेपछि उनी बसेको स्थानमा स्पर्श गर्ने मायाले सुम्सुम्याइरहने गर्दछ। उसमा मनोवैज्ञानिक समस्या

सिर्जना गर्नमा उसको बाजेको र तत्कालीन पञ्चायती व्यवस्थाको दोष देखाइएको छ। (आनुवंशिक र वातावरणीय दोष)

यसरी उपन्यासमा केन्द्रीय नारी पात्रको चरित्र नालायनीको मनोवैज्ञानिक समस्यालाई केलाइएको छ र उनलाई सुधार्न सकिने भएकोले सुधिएकी र सौम्यराज सुधार्न नसकिने भएकोले नसुधिएको भनिएको छ।

## ४.७ ऐतिहासिकता

**त्रिदेवी** उपन्यासमा ऐतिहासिक सत्य तथ्य घटनाका प्रसङ्ग विभिन्न ठाउँमा आएका छन्। सन्तानब्बे सालको सहिद काण्डले उकुस मुकुस भएर जोगी र त्यागी भएको निहुँ पारी पहिले पाल्पाको अर्गेली र त्यहाँ पनि आफ्नो निस्तार नदेख्दा पछि भारतको दहरादुन गई आफूलाई लुकाउन खोज्ने श्री ३ जुद्धशमशेरको हाली मुहाली भएको सिंहदरबारको झल्कोले उपन्यासमा राणाकालीन परिवेश यथार्थ रूपमा देखिन्छ। जुद्ध शमशेरको हाली मुहाली चलेको नेपालमा मेजर बमबहादुरकी नाम चलेकी केटी निबुवा दरबारमा पुऱ्याइनु, श्री ३ को कारिन्दा सहधिताल बाजेले किसानहरूलाई गरेको शोषणदेखाइनु उपन्यास भित्रका ऐतिहासिक पक्ष हुन्।

## ४.८ द्वन्द्वात्मकता

उपन्यसकारले यस उपन्यासमा द्वन्द्व विस्तारलाई सफलताका साथ अगाडि बढाएका छन्। सामजिक, मनोवैज्ञानिक तथा राजनीतिक समस्या बिच द्वन्द्वको सृजना गरेर यसभित्रका शोषण तथा विकृतिलाई नङ्ग्याइएको छ। यस उपन्यासमा आन्तरिक तथा बाह्य दुबै किसिमको द्वन्द्वको प्रयोग गरिएको छ। नालायनीमा स्वयम् मनोवैज्ञानिक रूपमा मानसिक द्वन्द्वको सृजना भएको छ जसका कारण उनी कहिले सिन्दुर लगाउने त कहिले सिन्दुरलाई गोपीचन्दनले छोप्ने गर्दछिन्। उनमा सिन्दुर लगाउने कि नलगाउने भन्ने विषयमाप्रबल द्वन्द्व चलेको छ। यसलाई आन्तरिक द्वन्द्वको रूपमा लिन सकिन्छ। उनी पुरुष श्रृङगारका सामान सुटुक्क चोर्ने र आफूले आफैंलाई धिक्कार्ने गर्दछिन् "मलाई नपुग्दो के छर ? किन मैले चोरें ? के हुने गरेको छ मलाई ?" नालायनीको यो क्रियाकलापललाई आन्तरिक द्वन्द्वको रूपमा लिन सकिन्छ। नालायनी र तत्कालीन समाजका बीच पनि द्वन्द्व चलेको छ। म के को विधवी, मुलुक नै कहिलेदेखि विधवा बनेको छ ! यहाँ पनि विधवी र सधुवीको चिन्ता ! (पृष्ठ:१००) नालायनीको समाजप्रतिको यो आक्रोस बाह्य द्वन्द्व हो। नालायनी आफू विधवी हुँ भन्ने कुरा स्वीकार्न तयार छैनन् बरु आफूलाई विधवी बनाउने समाजलाई नै विधवा भन्दछिन्।

अर्कोतिर राजनीतिक रूपमा चलेको द्वन्द्वलाई पनि उपन्यासमा देखाइएको छ। स्मिता र नालायनी देशको राजनीतिक छवि स्वच्छ देख्न चाहन्छन् भने सौम्यराज यसको छेकारो बनिरहेको छ जसका कारण यिनीहरू बीचमा द्वन्द्व चलेको छ र असल चरित्रका असल कार्यले खराब चरित्रका दुर्गुणलाई परास्त गर्न सकेका छन्। उपन्यासमा नालायनी सत् पात्र भए पनि र सौम्यराज असत् पात्र भए पनि यी दुवैले मनोवैज्ञानिक रूपमा मानसिक द्वन्द्व झेल्नु परेको छ।

## ४.९ बहुनायकको प्रयोग

यस उपन्यासमा कुनै एक पात्रलाई मात्र नायकको रूपमा नलिई तिन जना नारी पात्रलाई नायकत्व प्रदान गरिएको छ। केन्द्रीय पात्रको रूपमा नालायनीलाई अगाडि सारिएको भए पनि अन्य दुइ प्रमुख पात्र स्मिता र सौदामिनीलाई समेत प्रमुख भूमिका प्रदान गरिएको छ । उपन्यासमा नालायनीको आदर्शता, स्मिताको त्याग तथा सौदामिनीको कर्तव्यपरायणता प्रमुख रहेको छ ।

## ४.१० भाषिक वैशिष्ट्य

भाषका माध्यमबाट साहित्यले अधिव्यक्ति पाउँछ । विभिन्न विधाका आफ्नै अभिव्यक्ति प्रणली हुन्छन् । उपन्यास गद्य विधा अन्तर्गत पर्ने भएकोले यसमा गद्य भाषाको प्रयोग गरिन्छ। यो वर्णनात्मक वा विश्लेषणत्मक हुन सक्छ।

**त्रिदेवी** उपन्यास भाषिक विशिष्टता बोकेको उपन्यास हो। यसउपन्यासमा बौद्धिक तथा दार्शनिक भाषाको प्रयोग गरिएको छ । भाषलाई अत्यन्त संक्षिप्त र खँदिलो रूपमा प्रयोग गरिएको छ। सूक्तिमय अभिव्यक्तिको प्रयोग गरिएको छ। छोटा अनुच्छेद र संवादका अंशहरुमा प्रसङ्अनुसार दर्शनको प्रयोग गरिएको छ।

**त्रिदवी** उपन्यासमा घटनाहरुको वर्णन गरिएको छ , ठाउँ ठाउँमा विश्लेषण गरिएको छ । पात्रको क्रियाकलापको वर्णन गरेर उनीहरुको चरित्रको प्रकाश पारिएको छ । वर्णनात्मक भाषाको सुन्दर नमुनाको रूपमा यस वाक्यलाई लिन सकिन्छ । -क्लास सिध्दियो, स्मिता गइन् । नोट बेगर पढाउने तिनको पद्धति थियो । आफ्नो विषयलाई पर्याप्त अध्ययन गरेर मात्र होइन, कक्षामा प्रश्न हुन सक्ने विषयबारे सकेसम्म बढी र एकीकृत जानकारी लिएर मात्र तिनी कक्षामा जान्थिन् ।(पृष्ठ ८१)

संस्कृतनिष्ठ भाषको प्रयोग गर्ने उपन्यासकारले यस उपन्यासको औपन्यासिक प्रस्तुतिमा पनि संस्कृत तत्सम् शब्दहरुका प्रयोग बढी मात्रामा गरेका छन् । आयुष्मानस्तु मे पति, 'सुमङ्गलीरियं बधुरिमंसमेत पश्वयत' (पृष्ठ ११)

यसका साथै उपन्यासमा विभिन्न भाषाका आगन्तुक शब्दहरुका प्रयोग पनि प्रशस्त गरिएका छन् ।

उपन्यासमा मनोवादयुक्त भाषाको प्रयोग पनि ठाउँ ठाउँमा गरिएको छ । "बिहान चोरेर मोजा लुकाएँ, अहिले चोरेर दाजीकै काइँयो लिएँ , ब्रान्डी पनि चोरेर खाएँ !! म कति सानी कति छोटी ,कस्ती चोर्नी हुँदै गएँ , यही हो त मेरो नियति ? यस्तै हुन मैले पढेकी ? "(पृष्ठ ८१)

उपन्यासमा कवितात्मक भाषाको प्रयोग यसरी गरिएको छ : खाने पानी सङ्लो छ तर स्वस्थ छैन । अन्नपातले गाउँ भरिएको छ तर पैसा नभएर बहुसंख्यक जनता भोका छन् । झारफुक तथा जराजुरी बाहेक औषधि छैनन् ..........। (पृष्ठ २२५) यस्तो भाषाको प्रयोगले कवितात्मक संवेगलाई समातेको र भनाइमा मिठास भरिएको हुनाले पाठकलाई गद्य कविताको सौन्दर्यबोध गराउने सामर्थ्य छ । यसरी भाषिक दृष्टिले हेर्दा त्रिदेवी उपन्यास भाषिक वैशिष्ट्य बोकेको उपन्यास हो ।

## ४.११ निष्कर्ष

विभिन्न खाले औपन्यासिक प्रवृत्तिहरू बोकेर उभिएको बहुपात्रीय उपन्यास **त्रिदेवी**मा कोही पात्रहरू आदर्शोन्मुख छन् भने कोही पात्रहरू सामाजिक विकृति विसंगति निम्त्याउने खालका छन् । यो उपन्यास समसामयिक राजनैतिक, सामाजिक, वैदिक युगको अध्ययन विश्लेषणमा केन्द्रित रहेको छ । नारीको शक्ति र सामर्थ्य अनि देशको राजनैतिक दुरावस्थाका साथै नारी मनोविज्ञानको पक्षलाई उपन्यासले केलाएको छ । नेपालको आर्थिक समस्यालाई पात्रहरूले देश भ्रमणका क्रममा स्पष्ट पारेका छन् । उपन्यासमा मनोविज्ञान तथा यौन मनोविज्ञानको सफल प्रयोग भएको छ । केन्द्रीय चरित्र नालायनीमा वैधव्य जीवनले निम्त्याएका मनोवैज्ञानिक समस्यालाई उपन्यासले आत्मसात गरेको छ । नारी शक्ति र सामर्थ्यको उदाहरण पेस गर्न उपन्यासले उत्कृष्ट भूमिका निर्वाह गरेको छ । नारी पात्रलाई प्रमुख पात्रको रूपमा उभ्याएर नारीहरू पनि सामाजिक विकास निर्माणका मेरुदण्ड हुन सक्छन् भन्ने तथ्यलाई त्रिदेवीका माध्यमबाट स्पष्ट पारेकाले पनि यो उपन्यास नारी प्रधान उपन्यासको रूपमा रहेको छ । राजनीतिका यथार्थ घटनाका टिपोटहरू उपन्यासमा आएकाले उपन्यासमा ऐतिहासिक पुट पनि प्रबल रहेको छ । राजनीतिक विकृति र विसंगतिको यथार्थ रूप देखाउनुका साथै त्यस्ता विकृतिलाई जरैदेखि निर्मूल गर्ने समाधान खोजिएको छ । साथै उपन्यासमा मानवीय मूल्य र मान्यताको ख्याल गरी मानवतावादमा जोड दिइएको छ ।

# अध्याय ५

## ५.१ त्रिदेवी उपन्यासको योगदान

नेपाली साहित्यको फाँटमा विविध विधामा कलम चलाउने बहुमुखी प्रतिभाका धनी व्यक्तित्व मदन मणि दीक्षित एक सफल उपन्यासकारका रूपमा परिचित छन्। निबन्धकार, प्रबन्धकार, कथाकार, उपन्यासकार, अनुवादक तथा समालोचकका रूपमा रहेका मदन मणि दीक्षितले माधवीका लागि मदन पुरस्कार प्राप्त गरिसकेका छन्। हालसम्म उनको ४ वटा उपन्यास प्रकाशित हुनुका साथै अन्य विधाका ३० भन्दा बढी कृतिहरू प्रकाशित छन्। उनले साहित्यमा कलम चलाउने प्रेरणा उनकी माताबाट प्राप्त गरेका हुन्। उनकी माताले गीताको पाठ गर्नुका साथै छोरो पछि गएर ठुलो मान्छे बनोस् भन्ने चाहना राख्नुहुन्थ्यो। उनको साहित्य लेखन बौद्धिक र पौराणिक समाजबाट प्रेरित छ। उनी नेपाली लेखकहरूमा बालकृष्ण सम, महाकवि लक्ष्मी प्रसाद देवकोटाबाट विशेष प्रभावित छन्। लियो टल्सटाय, मिसल मार्गरिट, कृष्ण चन्द्र, शरद चन्द्र आदि अन्तर्राष्ट्रिय लेखकहरूबाट प्रभावित छन्। कार्लमार्क्सको द्वन्द्वात्मक भौतिकवादलाई आफ्नो जीवन दर्शन मान्ने उनले नेपाली साहित्यमा मानवतावाद, नेपाली संस्कृति तथा सामाजिक मूल्यहरूलाई स्थान दिएको पाइन्छ। नेपाली साहित्यमा उनको प्रथम प्रकाशित कृति 'आखिरी मुस्कान' कथा हो। उपन्यासकार मदन मणि दीक्षित नेपाली उपन्यासमा भने आधुनिक कालको नवयुगको दशकमा उदाएका हुन्। उनी ध्रुवचन्द्र गौतमको प्रयोगशील परम्पराको समानान्तर भिन्न दिशामा भिन्न लक्ष्य लिएर हिडेका नव प्रयोवादी उपन्यासकारका रुपमा आफ्नो छवि उजिल्याउन प्रयत्नशील छन्।

उनका प्रायः सबै उपन्यास नारीहरुका विषयमा लेखिएका छन् । उनले आफ्ना उपन्यासहरुमा नारीहरुका सामाजिक तथा मनोवैज्ञानिक समस्यालाई व्यक्त गरी नारी मुक्तिका लागि आवाज उठाउने प्रयास गरेका छन् ।उनका चारवटै उपन्यासहरु बौद्धिक तथा आध्यात्मिक हिसाबले अत्यन्तै महत्त्वपूर्ण रहेका छन् । माधवीमा तीन हजार वर्ष पहिलेको उत्तरवैदिक कालीन समाजको औपन्यासिक पुनस्थापन गर्ने प्रयास गरिएको छ भने त्रिदेवीमा वर्तमान नेपाली समाजको हिजो आज र भोलिको चित्रण र परिकल्पना गरिएको छ भूमिसूक्त अथर्व वेदमा आधारित कथा हो जसमा पृथ्वीको उत्पतिको कथा छ । त्यस्तै मेरी नीलिमा राष्ट्रप्रेममा आधारित रहेको छ । । वैदिक समाजका नारीहरुका समस्यालाई माधवी मार्फत प्रकट गरिएको छ । माधवी उपन्यासमा पनि त्रिदेवीमा जस्तै नारी मनोविज्ञानको प्रयोग गरिएको छ । नारीका विषयवस्तुका अतिरिक्त उनका उपन्यासमा धार्मिक, एतिहासिक तथा दार्शनिक विषयवस्तुको प्रयोग पाइन्छ ।

उनको **त्रिदेवी** उपन्यासले दार्शनिक तथा मनोवैज्ञानिक धारालाई आत्मसात गरेको छ। नेपालको सामाजिक धरातलमा उभिएर लेखिएको **त्रिदेवी** उपन्यास बौद्धिक, आध्यात्मिक हिसाबले अत्यन्त महत्वपूर्ण उपन्यास हो। यसका पात्रहरू दार्शनिक धरातलमा उभिएका छन् भने यिनका दर्शन उपन्यासभरि छरिएको छ। कार्लमार्क्सको द्वन्द्वात्मक भौतिकवादी दर्शनका अनुयायी लेखकले **त्रिदेवीका** पात्रहरू मार्फत द्वन्द्ववादी विचारहरु राखेका छन्।

**त्रिदेवी** उपन्यास सामाजिक तथा मनोवैज्ञानिक समस्यामा आधारित नारी प्रधान उपन्यास हो । यसका प्रमुख पात्रहरू सामाजिक विकृति विसङ्गतिको पर्दाफास गरी त्यसको अन्त्य गर्नुपर्दछ भन्नेतर्फ अग्रसर देखिन्छन् । ती नारी पात्रहरूले तत्कालीन समयको आन्तरिक पीडा र समस्यालाई पनि प्रतिनिधित्व गरेका छन् । त्रिदेवी उपन्यास चरित्र प्रधान उपन्यास भएको कारण पात्रहरूको चरित्रबाट अगाडि बढेको पाइन्छ । उपन्यासकी प्रमुख नारी पात्र नालायनीको जीवनमा आइपरेको दुर्घटनाले नै उनको चरित्र निर्माणमा महत्वपूर्ण भूमिका खेलेको छ । उपन्यासका प्रमुख ती नारी पात्र नालायनी, स्मिता, सौदामिनी यी तिन नारी पात्रहरूको सेरोफेरोमा उपन्यास हिडेको छ । यी तिन नारीले जीवनको  आराधनाको निम्ति चिन्तनशील र  क्रियाशील रही अविश्रान्त कर्तव्य पथमा हिडिरहने प्रण गरेका छन् । यिनले नारी मूल्य र मान्यताको निम्ति एउटा सांस्कृतिक, सामाजिक र नवजागरणको बीज रोपेका छन् । यी नारीहरूको जागरणलाई मूर्त रूप दिन आजका नारीहरूले वैचारिक क्रान्ति गर्नुपर्ने आवश्यकता भइसकेको तथ्य उद्घाटन गरिएको छ । यी नारी पात्रहरूका कार्य निकै आदर्शपूर्ण र अनुकरणीय छ । यी नरीहरूले नारी हुनुको गौरव र महत्त्व बुझेका छन् । यी देवीले कसैको घृणा र द्वेषको भावनालाई मनमा ठाउँ दिएका छैनन् । बरु यी नारी पात्रहरूले नारी प्रतिको समाजको अन्धविश्वासी र परम्परागत धारणलाई तोडेर सार्थक पार्नुपर्दछ भन्ने सन्देश दिएका छन् ।

प्राचीन ग्रीक पुराकथा अनुसार पुरुषद्वारा पृथ्वीमा आगो ल्याई प्रकाश फिजाउँने कार्य गरिएको भए पनि आधुनिक युगमा नारीले पनि आगोको फिलिङ्गो ल्याइ मातृभूमिलाई जगमग पार्न सक्दछन् भन्ने सन्देश दिन आगोको उर्जा र ज्ञानको ज्योति सुकार्यद्वारा नै छर्न सकिने यथार्थ उपन्यासमा व्यक्त गरिएको छ। यस कुराको यथार्थ प्रमाणपूर्व पश्चिम हिमसागर पुस्तकालयको स्थापना र त्यसका सृजनात्मक र रचनात्मक कार्यले दिएका छन् ।

**त्रिदेवी** उपन्यासमा नारीहरूका सामाजिका तथा मनोवैज्ञानिक समस्यालाई केलाउने क्रममा नालायनीको वैधव्य जीवनमा श्यामसँगको विछोडले निम्त्याएका विविध खाले मनोवैज्ञानिक समस्या मनोविकृत तथा असामान्य यौनक्रियाकलापका रूपमा आएका छन् ।माया बज्यैले बाल्यकालमा नै वैधव्यको कलंक सहनु परेको छ। यसले तत्कालीन समयको बालविवाहको समस्यालाई देखाउँछ ।

**त्रिदेवी** उपन्यासमा नेपालका काठमाडौ, वीरगञ्ज पाल्पा ,मनकामना लगायत भारतका शैक्षिक स्रोतका हिसाबले महत्त्वपूर्ण स्थान तथा रोम र पेरिसको वातावरण परिवेशको रूपमा आएका छन् । नेपालको राणाकालीन समय २००७ साल पछि २०४६ साल सम्मका  एतिहासिक तथा राजनीतिक घटनाहरू समेत उपन्यासमा आएका छन् । श्री तिनजीहरूको दरबारिया चरित्र स्त्रीलोलुप र यौन पिपाशु प्रवृत्ति, तिनका कारिन्दाहरूबाट समाजमा किसान वर्गको शोषण हुने गरेको तथ्यलाई उपन्यासमा सहधिताल बाजेको क्रियाकलापबाट  अभिव्यक्त गरिएको छ । सात साल पछिको राजनीतिक स्थिति नाजुक बन्दै गएको, राजनीतिको नाममा जनता ठगिनुमा राजनैतिक पार्टीको एकआपसमा हुने खिचातानी प्रमुख रहेको कुरा प्रष्ट पारिएको छ । राजनीतिक विकृति ल्याउने फोहोरी चरित्रको रूपमा सौम्यराजलाई  देखाइएको  छ । राजनीतिमा देखिएको यस्तो विकृतिको अन्त्य गर्न बौद्धिक

व्यक्तिहरूले केही गर्ने बेला आएको र बौद्धिक व्यक्तिहरूलाई चुप लागेर नबसी अघि बढ्न आव्हान गरिएको छ ।

**त्रिदेवी** उपन्यासका प्रमुख पात्रहरूमा तिन नारी अर्थात् देवीहरू रहेका छन् । यसका साथै विभिन्न खाले पुरुष तथा नारी पात्रहरू सहायक पात्रका रूपमा आएका छन् । उपन्यासमा सत् पात्रको बाहूल्य रहेको छ । सत पात्रका असल कार्यले असत पात्रलाई हराउन सकिने सन्देश उपन्यासमा पाइन्छ । प्रमुख ती नारी चरित्रका आदर्श विचार र कार्य उपन्यासमा महत्वपूर्ण छन् भने सहायक पात्रहरू शम्भु थापा, सुद्युम्न, मेना, शैलुका असल विचार र सहयोगी भावना पनि कम महत्त्वपूर्ण छैनन् ।

**त्रिदेवी** उपन्यासमा तृतीय पुरुष अर्न्तगतको बाह्य दृष्टिबिन्दुको प्रयोग गरिएको छ । पात्रहरूका संवादको माध्यमबाट उपन्यासको कथावस्तु अगाडि बढेको छ । उपन्यासमा शिक्षित पात्रहरूको बाहुल्य रहेकाले भाषा औपचारिक छ । विभिन्न उखान टुक्काहरूको प्रयोग हुनुको साथै पात्र र परिवेश अनुकूलको भाषाको प्रयोग गरिएको छ ।उपन्यासमा आएका विभिन्न प्रतीक तथा बिम्बहरूले उपन्यासमा ओझ थपेको छ । दार्शनिक तथा काव्यात्मक भाषाको प्रयोगले उपन्यासले सफलता प्राप्त गरेको छ ।

वास्तवमा **त्रिदेवी** उपन्यासको समग्र मूल्याङ्कन गर्ने हो भने यस उपन्यासले नारी अहम र अस्तित्वको केन्द्रीयतामा रहेर मानवीय भावना र नियतिको कलापूर्ण प्रतिष्ठापन गरेको छ । उपन्यासमा शृङ्गार, वीर, हास्य, करुण आदि विभिन्न रस औपन्यासिक भावमा व्यक्त भएको छ तापनि शान्त रस अथवा भाव उपन्यासको सर्वोच्च प्राप्ति हो । उपन्यासको आदि- अन्त्य यही भावमा आधारित छ । जबसम्म मानिसमा सत्य, सन्तोष, कर्तव्य, समर्पण र शान्तिको अनुभूति हुँदैन तबसम्म मानिसको जीवन सार्थक बन्न सक्दैन त्रिदेवी उपन्यासले यथार्थको चित्रण गर्दै आदर्शवादी जीवन सार्थकताको खोज र संस्थापनमा उच्च सफलता प्राप्त गरको छ । आर्य हृदयको प्रकाशमा आधुनिक मानव मूल्यहरूलाई अभिव्यञ्जित गर्ने काम यस उपन्यासको महत्वपूर्ण प्राप्ति हो ।

मानिस जन्मजात ठुलो हुँदैन । नारीहरू मानव समुदायका श्रृजनात्मक श्रम र संस्कृति हुन् । आत्मा अमर छ ,शरीर मरणशील हुन्छ ।मानव जीवनमा नियति बढो कठोर भएर देखापर्दछ । विस्मयकारी प्रयोग र स्वीकृतिद्वारा प्रकृतिमा सृजित मानव करुणा ,दया , क्षमा र स्नेह तथा श्रमले गर्दा सफल भएको छ भन्ने मानव मूल्यहरूप्रति पनि यो उपन्यास सचेत रहेको छ ।

**त्रिदेवी** उपन्यासमा जीवनवादी दृष्टिकोण पाइन्छ । मृत्युले जीवनको आयाममा पूर्ण विराम लगाउन सक्दैन यहाँका प्रमुख पात्रहरुमार्फत् अभिव्यक्त जीवनवादी दृष्टिकोणहरुले यस तथ्यलाई राम्ररी पुष्टि गरेको छ ।

यसलाई सामाजिक राजनीतिक चेतनामा आधारित वैचारिक उपन्यास भन्न सकिन्छ । मूलतः नारी समस्यामा आधारित प्रस्तुत उपन्यास नारी अस्तितत्व, अहम् र आदर्शको उदाहरण बनेको छ ।

नेपाली औपन्यासिक जगतमा मदनमणि दीक्षितका औपन्यासिक कृतिहरुले थप योगदान पुऱ्याएका छन् । उनका सम्पूर्ण उपन्यासहरुमा इतिहास, धर्म, दर्शन, कला र संस्कृतिका रङ्गहरु पाइन्छन् । लेखकले माधवी पछि नालायनी जस्ती सशक्त नारी पात्र

नेपाली उपन्यासलाई दिएर महत्त्वपूर्ण योगदान गरेका छन् । राणकालीन परिवेश भए पनि उपन्यासभित्र आएका विभिन्न खाले विकृति विसंगति र चरित्रहरुले भोग्नुपरेका वास्तविकताले समसामयिक स्थितिलाई व्यङ्ग्य गरेको छ । यही नै उपन्यासको सफलता मान्न सकिन्छ । जसरी माधवी उपन्यासले प्राचीन आर्य नारीहरुको अहम् अस्तित्व र मूल्यबोधको खोजी गरेको छ त्यसरी नै आजका नेपाली नारीहरुका मूल्य, अस्तित्व र अहम्को खोजी गर्ने क्रममा सम्पूर्ण मानव जातीकै मानवीय मूल्यबोध गर्ने प्रयास त्रिदेवी उपन्यासले गरेको छ । यसलाई नेपाली उपन्यास जगतमा महत्त्वपूर्ण उपलब्धि मान्न सकिन्छ । ज्ञान, विज्ञान विषयक बौद्धिक चिन्तन र संवादहरुले गर्दा यस उपन्यासको नेपाली औपन्यासिक क्षेत्रमा महत्त्वपूर्ण योगदान रहेको छ ।

## सन्दर्भ ग्रन्थसूची


**पुस्तकः**

उपाध्याय, केशव प्रसाद (२०६५), **समको दुखान्त नाट्यचेतना** (ते सं) काठमाडौं साझा प्रकाशन

कँडेल, घनश्याम (संपा, २०५५), **नेपाली समालोचना** ललितपुर : साझा प्रकाशन

दीक्षित मदनमणि (२०३९), **माधवी उपन्यास** ललितपुर : साझा प्रकाशन

(२०५०), **मेरी नीलिमा उपन्यास** ललितपुर : साझा प्रकाशन

(२०५१), **त्रिदेवी उपन्यास** काठमाडौ : रत्न पुस्तक भण्डार

(२०५८), **भूमिसूक्त उपन्यास** वाराणासी : मोर्डन दीपक प्रेस

प्रधान, कृष्णचन्द्र सिंह(२०५२), **नेपाली उपन्यास र उपन्यासकारहरू** ते.सं.,ललितपुरः साझा प्रकाशन

बन्धु, चुडामणि (२०५२), **अनुसन्धान तथा प्रतिवेदन लेखन,** काठमाडौः रत्न पुस्तक भण्डार

बराल, कृष्णहरि र नेत्र एटम (२०५६), **उपन्यास सिद्धान्त र नेपाली उपन्यास** ललितपुर : साझा प्रकाशन

राई, इन्द्रबहादुर (२०५०), **नेपाली उपन्यासका आधारहरू** ललितपुरः साझा प्रकाशन

रेग्मी कमलराज (२०६६), **मदनमणि दीक्षितको लेखनधर्मिता** पाल्पाः वाङ्मय प्रतिष्ठान

सुवेदी, राजेन्द्र (२०६४),**नेपाली उपन्यास परम्परा र प्रवृत्ति** वाराणाशीःभूमिका प्रकाशन

**पत्र पत्रिका** :

**उन्नयन (मदन मणि विशेषाङ्क)**, सम्पाा-अच्युत रमण अधिकारी, २०५१ (अङ्क १६, माघ-चैत्र, पृष्ठ यति ९५-४०६ सम्म)

**समकालीन साहित्य,** (२०५१) वर्ष ४ अङ्क ३, पूर्णाङ्क-१५ (साउन-असोज) नेपाल प्रज्ञा प्रतिष्ठान ।

# परिशिष्ट

१. यहाँको जन्म कहिले र कहाँ भएको थियो ?
मेरो जन्म १९७९साल फागुन ७ गते काठमाडौंको गैरीधारामा भएको थियो ।

२. तपाईंको माता पिताको नाम र उहाँहरुको व्यवसाय के थियो ?
मेरा पिताको नाम लक्ष्मणमणि र माताको नाम विष्णुकुमारी देवी हो । उहाँहरूको व्यवसाय सरकारी नोकरी र जमिनदारी थियो ।

३. यहाँका पितृ तथा मातृ वंशको जानकारी गराइदिनुहुन्छ कि ?
मेरो पितृवंश आचार्य थिए । यो वंशको म ५७ औं पुस्तामा छु भने मातृवंश तनहुँका पौड्याल हुन् ।

४. यहाँको पारिवारिक स्थिति कस्तो छ ?
हामी निम्न मध्यम वर्गीय परिवारमा जीवन यापन गर्दै छौँ ।

५. यहाँको विवाह कहिले र कहाँ भयो ?
मेरो विवाह १९९५ सालमा बारा जिल्लाका चरवन्त क्षेत्रका योगेन्द्रराज गौतमकी छोरी रिता गौतमसँग भएको हो ।

६. यहाँका सन्तान के कति छन् ?
मेरा चार छोरा विनोद, प्रमोद, आमोद र कामोद, छोरी एक जना इल्या गरी जम्मा पाँच जना छन्। उनीहरू काठमाडौमा आ-आफ्नो व्यवसाय चलाएर जीवन बिताइरहेका छन् ।

७. यहाँको अक्षारम्भ कति वर्षमा भयो ?
मेरो अक्षारम्भ पाँच वर्षको उमेर लागेपछि भएको हो ।

८. यहाँको औपचारिक शिक्षा आर्जन कसरी कहाँ पुगेर टुङ्गियो ? शिक्षकसँगको सम्बन्ध कस्तो रह्यो ?
मेरो प्रवेशिका तहको पढाइ सुरुमा काठमाडौं र वनारसमा गरी बाइस महिना र त्यसपछि दुई वर्ष इन्टरमिडियट कलेजमा, त्यसपछि काशी हिन्दु विश्व विद्यालयमा, वनारसबाटै पी. एच .डीको निमित (शङ्कराचार्य पूर्वको वेदान्त विषयमा) दुई वर्ष काम गरी शोधपत्र नलेखी समाप्त भएको हो ।
शिक्षकसँगको सम्बन्धको बारेमा भन्नु पर्दा आज म जो छु तिनै शिक्षकको कारणले छु। विश्व विद्यालयको पर्यावरण शिक्षा केन्द्रित थियो। राजनीति संस्थाको पर्खाल बाहिर मात्र थियो । म भारतमा भएर एम. ए गर्ने मध्ये नवौं नेपाली हुँ ।

९. हालसम्म प्रकाशित कृतिहरू कति छन् ?
हालसम्म मेरा विभिन्न विधाका ३३ कृतिहरू प्रकाशित भइसकेका छन् ।

१०. यहाँ के कस्तो साहित्यिक दर्शन र चिन्तनबाट साहित्य लेखनमा प्रेरित हुनुहुन्छ ?
मेरो साहित्यिक दर्शन र चिन्तन वैदिक समाजबाट प्रेरित छन् ।

११. यहाँको साहित्यतर्फको प्रथम आकर्षण कहाँबाट पैदा भयो ?

माताको प्रेरणाले तेह्र वर्षको उमेरमा नै पछि गएर लेखक बन्ने प्रथम प्रेरणा मिलेको हो । हुन त दश वर्षको उमेरदेखि नै नेपालमा अति उच्च शिक्षित बन्ने मेरो अभिलाषा थियो ।

१२. साहित्य प्रवेशको प्रथम बिन्दु कुन हो ? र यो कहिले प्रकाशित भएको थियो ?
१९९८ सालमा गीताको पहिलो अध्यायको हिन्दी, अंग्रेजी, संस्कृत शब्द मिसिएको प्यारोडीको रूपमा अनुवाद गरेको थिएँ । त्यो अनुवाद अप्रकाशित नै रह्यो । पहिलो प्रकाशित कृति चाहिँ २०१७ सालमा समीक्षा साप्ताहिकमा प्रकाशित 'आखिरी मुस्कान' कथा थियो ।

१३. जीवन निर्वाहको क्रममा यहाँले अवलम्वन गरेका व्यवसाय केके हुन् ?
मैले दश वर्ष मात्र जीवनमा जागीर खाएँ । वीरगञ्ज हाइस्कुलमा २ वर्ष (२००४-२००६) हालखबर दैनिकमा २ वर्ष (२०१४-२०१६) काम गरें । प्रज्ञा प्रतिष्ठानमा (२०५१-२०५५) काम गरें । त्यसबेलाको पारिवारिक स्थितिले गर्दा मैले ८ वर्षको उमेरदेखि नै काम गर्नु पर्‍यो । यो क्रम २००७ सम्म चल्यो । २००७ देखि पारिवारिक भूमिका अनौपचारिक रहदै आएको छ । यो भूमिका मेरी पत्नीले निभाएकी छन् ।

१४. यहाँका उपन्यासहरू प्राय नारी प्रधान हुनुको मूल कारण के हो ?
उपन्यास मात्र होइन मेरा अधिकांश पुस्तक र निकै लेखहरू नारी समस्याबाट जन्मेका छन् । नेपाली समाजमा परिवर्तन र कायाकल्प खोज्ने हो भने नारी मुक्ति र नारी चेतना अभिवृद्धि नगरी त्यो लक्ष्य पुरा हुँदैन किन भने सस्कृतियको मूल संरक्षिता परिवारभित्र नारी नै हुन्छ । बालबालिकाको चेतना विकासमा आमाको भूमिका महत्वपूर्ण हुन्छ । मेरो विचारमा नारी समस्यालाई समानाधिकारको आधारमा भन्दापनि नारीको गरिमा, व्यवहारवादिता, कार्यकुशलता आदिका आधारमा समाजको प्रभावकारी उर्जास्रोतको रूपमा हेरिनुपर्दछ ।

१५. तत्कालका दिनमा केमा व्यस्त हुनुहुन्छ ?
गत २०६० साल देखि देशको अवस्था जथाभावी भएको छ अतः यो जथाभावीद्वारा आफू नबाँधिन मैले ऋग्वैदिक वाङ्मयलाई पहिले भन्दा अहिले बढी ध्यान केन्द्रित गरेको छु । अहिले ऋग्वैदिक नारी चरित्र लेखेर मुद्रण निम्ति पठाएको छु । हिजो आज म मेरो पत्रकारिता जीवनलाई पुस्तकमा उतार्ने प्रयासमा छु । अखबारमा काम गर्दा ताकाको पत्रकारिता अनुभव संग्रह निकाल्ने सोचमा छु तर यसको नाम भने जुरेको छैन ।

१६. आफ्नो साहित्यिक जीवनबाट कत्तिको सन्तुष्ट हुनुहुन्छ ?
साहित्य भन्दा मेरो जीवन नै के छ र ? यही अक्षरहरू ,शब्द र साहित्य नै मेरो पुरै जिन्दगी हो । २ वर्ष अगाडिको हिसाब हेर्दा मैले अहिलेसम्म २ करोड ४० लाख शब्द लेखिसकेको छु । आज सम्ममा अझै लाखौं अक्षर थपिएका छन् ।

१७. वर्तमान साहित्यलाई कसरी हेरिरहनु भएको छ ?
निश्चय पनि वर्तमान नेपाली साहित्य आफ्नो गतिमा अगाडि बढिरहेको छ । पछिल्लो समय उदाएका लेखकहरूले राम्रो सँग आफ्ना साहित्यिक कला प्रस्तुत गरेका छन् जो राम्रो कुरा हो ।

१८. यहाँले हालसम्म प्राप्त गर्नुभएका मानसम्मान तथा पदवीहरूका बारेमा बताइदिनुहुन्छ कि ?

हालसम्म जम्मा ६५ वटा मान पदवी, अनुमोदन र पुरस्कार प्राप्त भएका छन् । ती कुनैलाई पनि म ठुलो सानो भनी छुट्याउन चाहन्न ।

१९.यहाँले सृजना गर्नुभएको चारवटा उपन्यासलाई कसरी चरण विभाजन गर्न सकिन्छ ?

यी उपन्यासलाई चरण विभाजन अन्तर्गत राख्न मिल्दैन, चरण विभाजन भनेपछि एउटै प्रक्रियाका पृथक अध्यायहरू ठहरिन्छन् ।

माधवी र मेरी नीलिमा झन्डै एउटै समयमा लेख्न सुरु गरियो तर प्रकाशन भने माधवी प्रकाशन भएको १३ वर्ष पछि मात्र मेरी नीलिमा पुरा भएको थियो । त्रिदेवी निकै टाढाको नाता पर्ने एउटी नारीको विचित्रको कथालाई नालायनीको रूपमा तर अत्याधुनिक परिवेश अन्तर्गत प्रस्तुत गरिएको थियो । त्यो परिवेश संवत २०८४ गएर अन्त्य हुन्छ । भूमिसूक्त अथर्व वेदको सूक्तमा आधारित यो पृथ्वीको कथा हो जो ११ अर्व वर्ष पहिलेको महाविस्फोटबाट सुरु भएर उपन्यासमा मध्य ऋग्वैदिक कालमा अन्त्य गराइएको छ । यो उपन्यासमा काल अथवा महाकाल र समय बीच गुणात्मक भेद देखाइएको छ ।

२०.यहाँले त्रिदेवी उपन्यासका माध्यमबाट के भन्न चाहनुभएको हो ?

हाम्रो समाजमा नारीको जीवन अत्यन्तै जेलिएको छ । त्यो जन्जालबाट मुक्ति पाउन उच्च शिक्षाले मात्र गाह्रो पर्दोरहेछ नारीले सग्लो जीवन बिताउन र त्यसको निम्ति प्रयत्नशील रहनु नै मुक्तिको एउटा बाटो हो । त्यो बाटोमा हिड्दा आफ्नो सम्पूर्णतामा पुग्न सकिन्छ भन्ने कुरालाई ती तिन नारीपात्र प्रस्तुत गरेर देखाउने चेष्टा गरेको छु ।

२१.अन्त्यमा त्रिदेवी उन्यासको जन्म कसरी भयो यस सम्बन्धमा केही बताइदिनुहुन्छ कि ?

कलैयाबाट काठमाडौं फर्कने क्रममा नयाँ उपन्यास लेख्ने विषयको खोजी गर्दै थिएँ । हेटौंडाबाट बस हिडेपछि पत्नीले एउटी नारीबारे चर्चा गरिन् ।ती नारी हामी दुबैले चिनेका थियौं । तिनी विवाहित थिइन् । उनको माइती र घर दुवै करोडपति परिवार थिए । तैपनि ती नारी छिमेकीको घर गएको बेला रु १।२ को सामान देखेपछि चोरेर हिड्ने र कोठामा लगेर सजाउने गर्दथिन् । १० वर्ष पहिले उनी विधवा भएकी थिइन् । वैवाहिक जीवनमा ती नारी प्रभुत्त्ववादी थिइन् । यिनै सामाजिक पात्रको पृष्ठभूमि नालायनीमा प्रतिविम्बित भएको हो ।